# राजापुर राजपत्र

राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड – ६ राजापुर नगरपालिका, असोज १० गते २०८० साल संख्या – १६

# भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८०।०६।०४ गते पारित भई नगर प्रमुखबाट मिति २०८० असोज १० गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# जलउपयोग गुरुयोजना, २०८०

# विषय-सुची

प्राक्कथन
धन्यवाद ज्ञापन
शुभकामना
प्रकाशकीय
संक्षेप र संक्षिप्त नामहरुको सूची
कार्यकारी सारांश
अध्याय-१: परिचय ........ **१**
**१.१. पृष्ठभूमि:** ........ १
१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी .१.१.प्रावधानहरु ........ १
१एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु .१.२. ........ ३
१दिगो विकास लक्ष्य .१.३ ........ ४
१अन्तरक्षेत्रीय सवालहरु .१.४. ........ ६
१.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र ........ ७
१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु ........ ७
१जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु .२.२. ........ ८
१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु ........ ९
१.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरुको समीक्षा ........ ९
१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु ........ १०
**अध्यायनगरपालिकाको पाश्र्वचित्र :२- ........ १६**
२.१. नगरपालिकाको संक्षिप्त परिचय ........ १६
२.२. भौगोलिक अवस्थिति र पहुँच ........ १९
२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति ........ २०
२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण ........ २१
२.५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण ........ २२
२.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्याविवरण ........ २२
२.५.२. जातियता ........ २२
२.५.३. साक्षरता विवरण ........ २३
२.५.४. व्यवसाय ........ २४
२.५.५. कृषि र जीविकोपार्जन ........ २५
२.५.६. मौसमी पात्रो तथा कार्यबोझ ........ २६
२.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण ........ २७
२.६. सेवा केन्द्रहरु सम्बन्धी विवरण ........ २८
२.७. विकास साझेदारहरु, गैह्र सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धीविवरण ........ ३१
अध्यायविद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग :३- ........ **३४**

३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण ............ ३४
३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण ............ ३४
३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण ............ ३४
३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण ............ ३५
३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा विश्लेषण ............ ३५
३.२.४. स्रोतहरुको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावित उपयोगको आधारमा विश्लेषण ............ ४०
३.३. विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण ............ ४०
३.३.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ............ ४१
३विद्यमान योजनाहरुको सञ्चालनको अवस्था .३.२. ............ ४१
३विद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको अवस्था विश्लेषण .३.३. ............ ४२
३निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण .३.४. ............ ४२
३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण ............ ४३
३बस्तीहरुको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति .४.१. ............ ४३
३सार्वजनिकसार्वजनिक स्थलहरुको सरसफाइ अवस्था विद्यालय तथा .४.२. ............ ४४
३वातावरणीय सरसफाइको अवस्था .४.३. ............ ४६
३दिसाजन्य लेदो .४.४., ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान अवस्था ............ ४७
३.५. विद्यमान सिंचाइ योजनाहरुको अवस्था विश्लेषण ............ ५०
३विद्यमान सिंचाइ योजनाहरु र सेवा क्षेत्र .५.१. ............ ५०
३विद्यमान सिंचाइ योजनाहरुको सञ्चालनको अवस्था .५.२. ............ ५१
३ निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित .५.३.सेवाक्षेत्र ............ ५१
३विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण /विद्यमान जलवायु परिवर्तन अनुकूलन.६. योजनाहरुको अवस्था विश्लेषण ............ ५१
३विद्यमान योजनाहरु र सेवाक्षेत्र .६.१. ............ ५२
३विद्यमान योजनाहरुको सञ्चालनको अवस्था .६.२. ............ ५२
३निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र .६.३. ............ ५२
३विद्यमान जल उर्जा योजनाहरुको अवस्था विश्लेषण .७. ............ ५३
३उपयोग सम्बन्धी संयन्त्र/जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत.८. ............ ५३
३.९. जलस्रोतमा विवाद ............ ५३
**अध्यायगुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना : ४- ............ ५५**
४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता ............ ५५
४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन ............ ५५
४.३. एक जल नीति तथा अवधारणा ............ ५६
४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन ............ ५७
४.५. पानीको उत्पादनशिल प्रयोग ............ ५९
४.६. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT) ............ ६०

४.७. स्रोत संरक्षण ........................................................................................................................ ६४
**अध्यायजलउपयोग गुरुयोजना : ५- ........................................................................................ ६५**
५.१. अन्तर विश्लेषण ........................................................................................................................ ६५
५.२. आवधिक योजनाको सारांश ........................................................................................................ ६६
५ .२.१. खानेपानी योजनाहरु ........................................................................................................ ६८
५सरसफाइ योजनाहरु .२.२. ........................................................................................................ ६८
५सिंचाइ योजनाहरु .२.३. ........................................................................................................ ६९
५.२.४. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु ........................................................ ७०
**अध्याय ,गुरुयोजना कार्यान्वयन ६-:बजारीकरण र अद्यावधिक ................................................ ७२**
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना ........................................ ७२
६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरु ........................................................................ ७५
६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान ........................................................ ७८
६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति ........................................................ ८०
६.५. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक गर्ने संयन्त्र ........................................................ ८०
६.६. गुरुयोजना कार्यान्वयन रणनीति ........................................................................................ ८१
**अनुसूचीहरु ........................................................................................................................ ८२**

## संलग्न तालिकाहरु :

तालिका नगरपालिकाले तयार गरेका विभिन्न नीति नियम तथा कार्यविधिहरु :1 ........................ ९
तालिका प्रशिक्षक प्रशिक्षणमा सहभागि विवरण :2 ........................................................ ११
तालिका क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरुको लैङ्गिक र जातिगत विवरण :3 ........ १२
तालिका योजना तर्जुमा गोष्ठीका सभा :4गीहरुको विवरण ................................................ १४
तालिका उपयोग विवरण-नगरपालिकाको भू :5 ........................................................ २१
तालिका जलाधार क्षेत्रहरु-नगरपालिकामा उप :6 ........................................................ २१
तालिका वडागत रुपमा बस्ती :7, घरधुरी र जनसंख्याको विवरण ........................................ २२
तालिका वडा अनुससार जातिगत घरधुरीको विवरण :8 ................................................ २३
तालिका वडागत रुपमा साक्षरता विवरण :9 ........................................................ २३
तालिका व्यवसायमा संलग्न जनसंख्याको विवरण/वडा अनुसार विभिन्न पेशा :10 ................ २४
तालिका वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण :11 ........................................ २५
तालिका स्थानीय सामग्रीहरुको उपलब्धता :12 ........................................................ २८

तालिका पालिकामा रहेका सेवा :13 केन्द्रहरुको विवरण ...................................................................२८

तालिका विवरण मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको :14...........................................३१

तालिका वडा अनुसार सहकारी संस्थाहरुको विवरण :15 ...................................................................३३

तालिका विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण :16......................................................४०

तालिका वडागत घरायसी सरसफाइको अवस्था विवरण :17................................................................४४

तालिका विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था :18................................................४५

तालिका खानेपानी तथा सरसफाइको अवस्था स्वास्थ्य संस्थाहरुमा :19 ..................................................४६

तालिका गतिविधि तथा सुझावहरु :20 ............................................................................................४७

तालिका (हेक्टरमा) वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल :21...............................................५०

तालिका (नयाँ निर्माण) समुदाय तथा योजना छनौट मापदण्ड :22 .........................................................६०

तालिका (मर्मत तथा पुनरनिर्माण) समुदाय तथा योजना छनौट मापदण्ड :23..........................................६२

तालिका (सिंचाइ आयोजनाको लागि) सिबिआरटी सूचक र अंकभार :24 ..............................................६३

तालिका  हाल देखिएका अन्तरहरू र :25परिपूर्तिका उपायहरु ............................................................६५

तालिका प्रस्तावित खानेपानी योजनाहरुको विवरण :26 .....................................................................६८

तालिका प्रस्तावित सरसफाइका योजनाहरुको विवरण :27..................................................................६९

तालिका विवरण (परम्परागत र लघु) वडागत रुपमा सिंचाइ योजनाहरुको :28.......................................७०

तालिका  वातावरण तथा पर्यावरण सम्बन्धी :29तर्जुमा गरिएका योजनाहरु ...........................................७१

तालिका मा संचालन हुने योजनाहरु र बजेट विवरण.व.पहिलो आ :30 ...................................................७५

तालिका सरोकारवालाहरुको विवरण :31...........................................................................................७९

**संलग्न चित्र र ग्राफहरु:**

चित्रदिगो विकासका मुख्य आयामहरू :1 - ..........................................................................................४

चित्र-एजेन्डा २०१६) वटा लक्ष्यहरु दिगो विकासका १७ :2 -२०३०( ...........................................................५

चित्रवडा स्तरीय क्षमता विकास तालिम :3 -, राजापुर२- ......................................................................१२

चित्रराजापुर नगरपालिकाको प्रशासनिक नक्शा :4 -.............................................................................१८

चित्रनगरपालिकाको अवस्थिति र पहुँच नक्शा :5 -........................................................................१९
चित्रउपयोग नक्शा-नगरपालिकाको भू :6 - ..............................................................................२०

ग्राफनगरपालिकामा समुदायको मौसमी काममा व्यस्त हुने  समय:1 - ....................................................२६
ग्राफनमूना परिक्षण गरिएका ट्युबवेलहरुमा धमिलोपनको अवस्था :2 - ..................................................३६
ग्राफपानी परिक्षण गरिएका ट्युबवेलहरुमा मेन्गानिजको अवस्था :3 - ......................................................३७
ग्राफअवस्था पानी परिक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको :4 - .....................................................३८
ग्राफपानी परिक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको अवस्था :5 -............................................३८
ग्राफपानी परिक्षण गरिएका ट्युबवेलहरुमा नाईट्रेटको अवस्था :6 -.........................................................३९
ग्राफकोलिको उपस्थिति-पानी परिक्षण गरिएका ट्युबवेलहरुमा ई :7  -...................................................३९
ग्राफविद्यमान खानेपानी योजनाहरुको सुबिधस्तर :8  - ..........................................................................४२
ग्राफसिंचाई योजनाहरुको सञ्चालन अवस्था :9 -........................................................................................५१
ग्राफसिचाईयोजनाहरुकोसञ्चालनअवस्था :10 -.........................................................................................५१
ग्राफक्षेत्रगत पंचबर्षिय योजनाहरुको सारांश विवरण :11 -......................................................................६७

## प्राक्कथन

नेपालको संविधान २०७२ को भाग-३, मौलिक हकमा धारा ३५ को स्वास्थ्य सम्बन्धी हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरुमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भएबमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्नसक्ने व्यवस्था छ। राजापुर नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जलपरियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागितामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधि अपनाउँदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुर्याउनु रहेको छ। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/उप-जलाधारक्षेत्रका उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण तथा पर्यावरण, पानीसँग सम्बन्धित उर्जा, पानीको माग र यसको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा विश्लेषण तथा भविष्यको लागि सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जलउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरुले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

राजापुर नगरपालिका भौगोलिक रुपमा समथर भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने कर्णाली नदी, गेरुवा नदी र बुढी कुलोको पानी बाहेक सानातिना खोल्सीहरु जलस्रोतको रुपमा रहेका छन्। यहाँका सबैजसो घरधुरीहरु खानेपानीका लागि भूमिगत जलस्रोतमा निर्भर रहेको देखिन्छन्। पानीको स्रोतहरुमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक, भौतिक र जैविक पदार्थहरु रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरुलाई जल उपयोग गुरुयोजनाले समेटेको छ।

यो जलउपयोग गुरुयोजना राजापुर नगरपालिकाकै नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि राजापुर नगरपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुसार कार्यान्वयन गरी नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना र  दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण भूमिका हुने अपेक्षा गरिएको छ।

**राजापुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल



## धन्यवाद ज्ञापन

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालनऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानूनहरुको परिधि भित्ररहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस राजापुर नगरपालिकामा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा आधारितखानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH PLAN) र जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयारपार्न सफल भएकाछौ। नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयारपारिएको यस जलउपयोग गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समाविष्ट गरेको छ। विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्नसक्दैन। योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। यस सन्दर्भमा यस नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जन निर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजीवी, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरु, फिल्डस्तरमा खटिने प्राविधिक तथा सामाजिक कर्मचारीहरु लगायत नगरपालिकामा क्रियाशिल विभिन्न संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। राजापुर नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुर्‍याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताप्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यस नगरपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, सिंचाइ तथा ढल निकास लगायत वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुकरण एवं पालना गर्ने तथा गराउने प्रतिवद्धता व्यक्त गर्दछु। नगरपालिकाले निर्माण गरेको यस जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशावादी हुँदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिकअपिल गर्दछु।

(दिपेश थारु)
नगरप्रमुख
राजापुर नगरपालिका, बर्दिया

**राजापुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

चाणक्यको एउटा भनाई असाध्यै प्रसिद्ध छ, "योजना निर्माण गर्दा जति धेरै पसिना बग्छ, रणभूमिमा उतिकम रगत बग्छ"। राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजना भनेको जलस्रोतको क्षेत्रमा गरिने विकासका लागि हाम्रो अग्रिम तयारी हो। सहभागितात्मक छलफल, तथ्याङ्कमा आधारित ज्ञानात्मक विश्लेषण, लैङ्गिक र समावेशी योजना प्रकिया सहित सघन सामाजिक र प्राविधिक विश्लेषणको आधारमा यो योजना तयार भएको देख्न पाउँदा म हर्षित भएकी छु।

खानेपानी, सरसफाइ, स्वच्छता तथा वातावरणको क्षेत्रमा महिलाहरुको असाध्यै ठूलो भूमिका छ । पानी सबैको आवश्यकता भएतापनि घर घरमा पानीको व्यबस्था गर्ने जिम्मेवारी महिलाहरुको काँधमा हुन्छ । नगरपालिकामा खानेपानी, सरसफाइ, स्वच्छता, उर्जा तथा वातावरण हेर्ने क्षमतावान संस्थागत संरचनाको अभाव, समुदायमा खानेपानीको आयोजना सञ्चालन व्यवस्थापन गर्ने क्षमताको अभाव, एकद्वार प्रणालीको अभाव, खानेपानी तथा सरसफाइको क्षेत्रमा पर्याप्त आर्थिक लगानीको अभाव, योजना निर्माण तथा कार्यान्वयनमा समुदायको कमजोर सहभागिता आदि समस्याहरु रहेका छन्। मलाई यस मानेमा खुशी लागेको छ कि अब नगरपालिकाभित्रका खानेपानी, सरसफाइ, स्वच्छता र जलस्रोत सम्वन्धि आयोजनाहरु दिगो र व्यवस्थित हुनेछ । साथै यो गुरुयोजना कार्यान्वयन गर्न गराउन यस नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु सबैको प्रतिवद्धताको जरुरी छ । साथै गुरुयोजनामा तर्जुमा भएका आयोजनाहरुको कार्यान्वयन गर्न कणाली जल परियोजना र विकास साझेदारहरुको साथ रहने छ भन्ने कुरामा म विश्वस्त छु।

यसरी राजापुर नगरपालिकाको दिगो विकासका लागि जलउपयोग गुरुयोजना निर्माणमा प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

हाम्रै जनताका लागि हाम्रै सहभागितामा बनेको योजनाको सही सदुपयोग गर्ने कर्तव्य पनि हाम्रै हो । अतः आगामी दिनमा नगरपालिकाको समग्र जलस्रोत क्षेत्रको विकासका लागि योजना तर्जुमा गर्दा यस जलउपयोग गुरुयोजनाकै आधारमा रही योजना तर्जुमा गर्ने प्रतिबद्धता जाहेर गर्दै यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनको लागि सरोकारवालाहरु संघ तथा प्रदेश सरकार एवम विकास साझेदार र स्थानीय व्यक्ति तथा संघसंस्थाहरुको पूर्ण समन्वय तथा सहयोगको लागि अपिल गर्दछु ।

धन्यवाद ।

(मनकला कुमारी चौधरी)
उप-प्रमुख
राजापुर नगरपालिका, बर्दिया

**राजापुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल



## प्रकाशकीय

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ले दिएका अधिकार तथा अन्य प्रचलित कानुनहरुको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस राजापुर नगरपालिकामा जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौ। नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस जलउपयोग गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समावेश गरेको छ। विद्यमान स्थितिसँग अवगत हुनु र भविश्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन। योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। यस सन्दर्भमा यस नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरु, फिल्ड स्तरमा खटिने प्राबिधिक तथा सामाजिक कर्मचारिहरु लगायत नगरपालिकामा क्रियाशिल बिभिन्न संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

राजापुर नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपूर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु।

यस नगरपालिकाले भविश्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, सिंचाइ तथा ढल निकास लगायत वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुकरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु। नगरपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशावादी हुँदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु।

(महेन्द्रजङ्ग शाही)
प्रमुख प्रशासकिय अधिकृत
राजापुर नगरपालिका, बर्दिया

# संक्षेप र संक्षिप्त नामहरुको सूची

| | |
|---|---|
| कि .मि. | किलो मिटर |
| न.पा. | नगरपालिका |
| गैसस | गैह्र सरकारी संस्था |
| लैससास | लैङ्गिक समता तथा सामाजिक समावेशीकरण |
| NWASHMIS | National Water Sanitation and Hygiene Management Information System |
| CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरु) |
| ली.प्र.से. | लिटर प्रति सेकेन्ड |
| उ.स. | उपभोक्ता समिति |
| गा.पा. | गाउँपालिका |
| खा.पा. | खानेपानी |
| GESI | Gender equlaity and social inclusion |
| "वाश" WASH | Water, Sanitation and Hygiene (खानेपानी सरसफाइ तथा स्वच्छता) |

| | |
|---|---|
| जलउपयोग गुरुयोजना | भन्नाले राजापुर नगरपालिकाको "जलउपयोग गुरुयोजना २०८०-२०८४ (सन् २०२३ -२०२७)" लाई सम्झनु पर्दछ। |
| एस.डी.ज़ी. | भन्नाले संयुक्त राष्ट्रसंघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०" लाई सम्झनु पर्दछ । |
| एस.डी.पी. | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| नेपाल रोडम्याप | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| जलस्रोत व्यवस्थापन कुर्सी | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरु, कानूनी प्रावधानहरु र दिगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापन कुर्सीको चित्रगत अवधारणालाई सम्झनु पर्दछ ।यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै |

प्राभवकारी रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका क्षेत्रहरुमा केन्द्रित रहेर नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ।

| | |
|---|---|
| जलउपयोग सेवा प्रदायक | भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उद्धेश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समुह वा नीजि उद्योग वा नागरिक समाज वा समुह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ । हाल नेपालमा जलउपयोग आयोजना सञ्चालन व्यवस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, जलउपयोग प्रयोजनका उपभोक्ता समिति, निजी उद्योग, जलउपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समुह वा परिवार, आदि समेत जलउपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन । |
| खानेपानी सुविधास्तर | भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरु सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभूत सुविधास्तर, सिमितसुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर) लाई बुझ्नु पर्दछ ।खानेपानी सुविधास्तर सूचकहरु परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ ।यी चारवटा सुविधा सूचकहरुको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ ।अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । |
| सिबिआरटी | भन्नाले तर्जुमा गरिएका आयोजनाहरुको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार" लाई बुझ्नु पर्दछ । |

# कार्यकारी सारांश

कुनै निश्चित स्थानभित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना नै जलउपयोग गुरुयोजना हो। जल उपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्यूनीकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो नगरपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्बन्धित आवश्यकताहरु पुरा गर्न रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा सम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र सरोकारवालाहरुको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै: एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागि स्थानीय जनसमुदायहरुलाई सशक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउँदछ।

जलउपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति विपन्न, सीमान्तकृत समुदाय र पानीको उपभोगमा वन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमाआधारित योजना प्राथमिकीकरणका सूचकहरुका माध्यमबाट मुलप्रवाहीकरण गर्दै खानेपानी लगायतका संविधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउँदछ।

यस राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरु) मा क्षेत्रगत विज्ञहरुको परिचालन गरि तथ्याङ्क संकलन, विश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH र DAI Collect KoBo मोबाइल एप्लिकेशनहरुको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कहरुलाई एकत्रित गरी तथ्याङ्कमा रहेका त्रुटीहरु युएसएआइडी कर्णाली जल परियोजनाको सहयोग र समन्वयमा सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरुलाई हटाउने कार्य गरिएको थियो। संकलित तथ्याङ्कहरुलाई वडा स्तरमा प्रमाणिकरण गोष्ठी सञ्चालन गरी छुटेका तथ्याङ्कहरु लिने र शुद्धीकरण गरिएको थियो। १० वटै वडाहरुमा वडा स्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन मार्फत योजनाहरुको प्राथमिकीकरण पश्चात नगरपालिका स्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न विधिहरु अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरुलाई नगरपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरुसँग तुलना गर्नुका साथै सरोकारवालाहरु माझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ र अनुसूची राखी त्यसको व्याख्यात्मक स्वरुपमा यो प्रतिवेदन तयार गरिएको छ। राजापुर नगरपालिकामा जलउपयोग

गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा (१३ वटा खुड्किलाहरु) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरु निम्न अनुसार रहेका छन्।

- तयारी चरणअन्तर्गत युएसएआइडी कर्णाली जलपरियोजना र साँझेदारहरु बिचको सम्झौता तथा अन्य तथ्याङ्क सङ्कलनका औजार तथा विधिहरुको छनौट गरिएको थियो।
- क्षमता विकास चरणमा १० जना तथ्याङ्क संकलकहरुलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क सङ्कलन विधि सम्बन्धी तालिम सञ्चालन गरिएको थियो।
- ५२ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागितात्मक तरिकाले सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु संकलन गरिएको छ। तथ्याङ्कहरु संकलन गर्दा महिला तथा पछाडि पारिएका वर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण गरिएको थियो।
- १० वटै वडाहरुमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र २/२ दिन क्षमता विकास तालिमहरु सम्पन्न गरिएको छ र अनुशिक्षणमा मुख्य गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयवस्तुहरु समावेश गरिएको थियो ।
- १० वटै वडाहरुबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको वर्गका व्यक्तिहरुका लागि जल अधिकार, योजना तर्जुमा र जल सुशासन आदि सम्बन्धी तालिम सञ्चालन गरिएको थियो।
- नगरपालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो।

**मुख्य तथ्याङ्कहरु :**

- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस राजापुर नगरपालिकाको कुल घरधुरी संख्या १३६५९ र जनसंख्या ६०,८३५१ मध्ये पुरुष २८६०७ र महिला संख्या ३२२२४ अर्थात पुरुष ४७ प्रतिशत र महिला ५३ प्रतिशत रहेको छ (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क र नगरपालिका प्रोफाइल २०८० अनुसार कुल घरधुरी संख्या १३५८७ र कुल जनसंख्या ६२६९५ रहेको देखिन्छ। कुल घरधुरी मध्ये १०.७%(१४६१) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, ८०.९% (१०९९९) घरधुरी जनजाति, ०.२% (२७) घरधुरी नेवार, ५.५% (७४७) घरधुरी दलित, १.४%(१९०) घरधुरी मुस्लिम र १.२% (१६३) अन्य घरधुरी रहेका छन् ।
- यस नगरपालिकामा ठूला जलाधारको रुपमा कर्णाली नदी रहेको छ भने उप-जलाधारको रुपमा अन्य खोलाहरु जस्तै: मैला नाला, रतैया नाला, खैरीकुलो, गन्धौला नाला, बुढी कुलो र गेरुवा नदी आदि रहेका छन्।
- ताल तलैयाहरुमा नङगापुर ताल, गोनाना ताल, मुरैया ताल, भुतहवा ताल, जुरपानी ताल, फत्तेपुर ताल, र अनरवा आदि रहेका छन् भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा सतहीमूलहरु मात्रै प्रयोग भएको देखिन्छन्।
- नगरपालिकामा हाल विद्यमान खानेपानी योजना संख्या २ वटा, निर्माणाधीन खानेपानी योजना ५ वटा र जलउपयोग गुरुयोजनामा प्रस्तावित (नयाँ र मर्मत) खानेपानी योजना संख्या १० वटा रहेका छन् । विद्यमान खानेपानी योजनाबाट हाल २७१ (१.९३%) घरधुरीहरु लाभान्वित भएको देखिन्छ भने निर्माणाधीन ५ वटा योजनाहरुबाट ५०८४ (३४.९२%) घरधुरीहरुले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएकोछ।

- विद्यमान २ वटा खानेपानी आयोजनाहरुमा पानी सुरक्षा योजना निर्माण गरेको पाइँदैन । त्यसकारण नगरपालिकाले सबै योजनामा पानी सुरक्षा योजना निर्माण गरि लागु गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ। साथै राजपुर बजारमा रहेको खानेपानी योजना धेरै पुरानो भएकोले पाइप लाइन अस्तव्यस्त भइ धारामा पानी नै नआउने अवस्थामा रहेको छ ।
- नगरपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा केहि घरधुरीहरुमा शौचालय नभएको अवस्था छ। NWASH को सर्वेक्षण अनुसार पनि लगभग १३% घरधुरीहरुमा शौचालय नभएको अवस्था छ भने ८७% घरधुरीहरुमा शौचालय उपलब्ध रहेको छ। शौचालय भएका घरधुरीहरु मध्ये पनि थोरै घरधुरीहरुमा मात्रै फ्लस भयको (सेप्टीक टयांन्क) सुरक्षित शौचालय रहेको छ[1]।
- राजापुर नगरपालिकामा विद्यमान शाखा सिंचाइ योजनाहरु ११ वटा र लघु सिंचाइ योजनाहरु ५५ रहेका छन् यि विद्यमान सिंचाइका आयोजनाहरुबाट करिब ९६६६ हेक्टर जमिन सिंचित भईरहेको छ।
- नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार ८ वटा नयाँ खानेपानी योजनाहरु, २ वटा मर्मत तर्फका खानेपानी योजनाहरु, ९२ वटा सिंचाइ योजनाहरु(प्रशाखा कुलो), ३९ लघु सिंचाइ योजनाहरु, ३३ वटा तटबन्ध योजनाहरु, ५ वटा पन्फेकुवा, ४३ वटा झरन योजनाहरु, ३५ वटा उच्च नल्का योजनाहरु, ८ वटा ताल संरक्षण तर्फका योजनाहरु, १४ वटा सार्वजनिक सौचालय र १ वटा दिसा जन्य लेदो तथा ढल निकास व्यवस्थापन सम्बन्धी निर्माणका योजनाहरु प्रस्ताव गरिएका छन् ।
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गरन बनेको ऐन २०७९ मा दफा ३८ को उपदफा ६ र दफा ३९अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अत्ति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरुलाई अनुदान तथा खानेपानी महसुलमा छुट दिने व्यवस्था गरिएको छ[2] ।

माथिका मुख्य क्षेत्रगत योजनाहरुका साथ साथै ठोस फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साईट व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय समेत गरिएका छन्। समग्रमा राजापुर नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ वर्ष भित्रै कार्यान्वयन गर्न सकिने र नगरपालिकाको क्षेत्रगत परिकल्पना, लक्ष्य तथा उद्धेश्यहरु पुरा हुने देखिन्छ।

[1] राजापुर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७७ https://rajapurmun.gov.np/act-law-directives

[2] खानेपानी तथा सरसफाइ ऐन, २०७९ ( प्रमाणीकरण मिति २०७९/५/२१) https://rajapurmun.gov.np/act-law-directives

# अध्याय-१: परिचय

## १.१. पृष्ठभूमिः

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रकोआवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद समाधान गर्नकासाथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागिक्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिँदै पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापनमा ति समुहको सहभागिता सुनिश्चित गर्ने, स्वच्छ खानेपानी तथा सरसफाइमा सबै समुदायको पहुच वितरण र योगदान सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको जल उपयोग गुरु योजना कार्यान्वयका अभ्यासकर्ताहरुको अनुभव रहेको छ।

१९९२ मा रियो दि जेनरियोमा सम्पन्न संयुक्त राष्ट्रसंघ वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको र उक्त सम्मेलनले एकीकृत जलस्रोतको सिद्धान्तका रूपमा निम्न बुँदाहरु पारित गरेको थियो।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन जीवन निर्वाह, विकास र वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ।
- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ, जसले सबै तहहरूमा उपभोक्ता, योजनाविद्, र नीति निर्मातालाई समाहित गर्दछ।
- पानीको व्यवस्था, व्यवस्थापन र संरक्षणमा महिलाहरुको भूमिका महत्वपुर्ण हुन्छ। पानीका सबै प्रतिस्पर्धी उपयोगहरूको आर्थिक मुल्य हुन्छ र पानीलाई आर्थिक वस्तुको रुपमा मान्यता दिनु पर्दछ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरु रहेका छन्। जलउपयोग गुरु योजना र जलस्रोत विकास सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन।

- मौलिक हकः धारा ३५: स्वास्थ्य सम्बन्धी हक "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"।
- धारा ५१ :राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।

- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धनर दिगोउपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम गर्ने।
- प्रकृती, वातावरण वा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने।
- स्थानीय तहको एकल अधिकारको सूची, अनुसूची-८
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, अनुसूची-९
- संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची-७
- प्रदेशको एकल अधिकार सूची, अनुसूची-६
- संघको अधिकार सूची, अनुसूची-५
- यसका साथै राजापुर नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ मा दफा ३८ को उपदफा ६ र दफा ३९ अनुसार लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरुलाई अनुदान तथा खानेपानी महसुलमा छुट दिने व्यवस्था गरिएको छ।
- त्यसै गरि पन्ध्रौँ रास्ट्रिय योजना (२०७६/७७-२०८०/८१) को

  **४.१ सोच:** स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा

  **४.२ लक्ष्य:** सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिबृद्धी गर्ने।

  **४.३ उद्देश्य**: खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्बसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु, सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु, जलवायु परिवर्तन अनुकूल तथा विपद व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु, खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु।

  माथी उल्लेखित संवैधानिक व्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानीको क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन्। यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरी आवधिक योजनाहरु मार्फत नागरिकका संविधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ ।

### १.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु

एउटा जलाधार भित्रका पानीसँग सम्बन्धित आवश्यकताहरु सँगसँगै सम्बोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ[3]। जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलबिद्‍युत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत व्यवस्थापन हो। एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना जलभाग अथवा स्रोतहरुलाई संरक्षण र विवेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बीचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखि ती स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

सामाजिक समानता, आर्थिक सवलता र पर्यावरणीय दिगोपना एकिकृत जलस्रोत व्यवस्थापनका आधारभुत सिद्धान्तहरू रहेका छन् ।

**सामाजिक समानता:** सबै प्रयोगकर्ताहरू (विशेष गरी सीमान्तकृत र गरिव प्रयोगकर्ता समूहहरू) का लागि पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चित गर्नु हो। पानीको प्रयोगबाट प्राप्त लाभहरूको लागि सबै प्रयोगकर्ताहरूको अधिकारलाई पनि पानीको बाँडफाँड गर्दा विचार गर्न आवश्यक छ।

**आर्थिक सवलता:** उपलब्ध वित्तीय र जल स्रोतहरूको प्रयोगबाट सम्भावित प्रयोगकर्ताहरूलाई लाभ पुऱ्याउने र यसका लागि सबैभन्दा आर्थिक रूपमा उपयुक्त विकल्प चयन गर्न आवश्यक छ। यसले वर्तमान र भविष्यको सामाजिक र पर्यावरणीय लागत र लाभहरू विचार गर्नुपर्छ।

**पारिस्थितिकीय दिगोपना:** समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरुको व्यवस्थापन सहितको योजना तर्जुमाका लागि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता छ।

एकीकृत जलस्रोत व्यवस्थापनका सम्बन्धमा तल उल्लेखित डबलिनका सिद्धान्तहरु जलउपयोग गुरुयोजना तर्जुमाका लागि अत्यन्तै आवश्यक रहेका छन्।

**सिद्धान्त १ :** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।

**सिद्धान्त २ :**पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीति निर्मातालाई समाहित गर्दछ।

**सिद्धान्त ३ :**पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपुर्ण भूमिका हुन्छ।

**सिद्धान्त ४ :**पानी सामुदायिक वस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

---

[3] एशियाली विकास बैक (ADB) को सहयोगमा संचालित "जलाधार क्षेत्र ब्यबस्थापन कार्यक्रम" अन्तर्गत तयार पारिएको "सहभागितामुलक एकीकृत जलाधार क्षेत्र ब्यबस्थापन हाते पुस्तिका,२०७६

### १.१.३. दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन्[4]। यसरी निर्धारण गरिएका १७ वटा दिगो विकासका लक्ष्यहरु एकआपसमा - अन्तरसम्बन्धित छन्।



चित्र- १: दिगो विकासका मुख्य आयामहरू

दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालमा धेरै प्रयासहरु भैरहेका छन्। विशेषगरि ३ वटै तहका सरकारहरुमा दिगो विकास लक्ष्य प्राप्तिका लागि सूचकहरुको आन्तरिकिकरण गर्ने र सो अनुसार आवश्यक नीति, कार्यक्रम तथा योजना निर्माण गर्ने कार्य भइरहेको छ। नेपाल सरकारद्वारा दिगो विकास लक्ष्य प्राप्तिका लागि भई रहेका प्रयासहरु निम्न अनुसार रहेका छन् ।

- दिगो विकास लक्ष्य अनुसार निर्धारण गरिएका सूचकहरुको आन्तरिकिकरण गर्ने
- स्थानीय तहहरुबाट दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्न आवधिक योजना तर्जुमा गर्ने, आवधिक योजनामा आधारित रही मध्यकालीन खर्च संरचना निर्माण, वार्षिक योजना तर्जुमा र सूचक तथा नतिजामा आधारित अनुगमन तथा मुल्यांकन पद्दतिको विकास गर्ने कार्य भईरहेको छ[5]।
- ३ वटै तहका सरकारहरुले लक्ष्य प्राप्तिका लागि बहु-सरोकारवालाहरुको सहभागितामा जोड दिँदै "कसैलाई पनि पछाडी नछोड्ने" (No One Leaves Behind) को दृष्टिकोण अनुसार लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण लाई विकासका सबै गतिविधिहरुमा अन्तर-सम्बन्धित सवालको रुपमा मूलप्रवावाहिकरण गरिरहेका छन्[6]।

यसै गरि दिगो विकास लक्ष्य-६ खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्वन्धमा दिशानिर्देश गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा नेपालले समेत प्रतिवद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन आउँछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरुले प्रक्रियागत विकासमा ध्यान पुर्याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध

---

[4]राष्ट्रिय योजना आयोग: दिगो विकास लक्ष्यहरु, बर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०), www.npc.gov.np

[5]नेपाल सरकार, राष्ट्रिय योजना आयोग; दिगो विकास लक्ष्य स्थानीयकरण श्रोत पुस्तिका, २०७७ http://sdg.npc.gov.np/en/resource

[6]नेपाल सरकार, राष्ट्रिय योजना आयोग; दिगो बिकास लक्ष्य प्रगति समिक्षा प्रतिबेदन २०१६-२०१९, www.npc.gov.np

तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ।




**चित्र- २: दिगो विकासका १७ वटा लक्ष्यहरु (एजेन्डा २०१६-२०३०)**

- दिगो विकास लक्ष्य-६ को समग्र सूचक "सन् २०३० सम्म सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने  विशिष्ट सूचकहरू निम्न रहेका छन्।
    - सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।

- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।
- दिगो विकास लक्ष्यहरुमा उल्लेखित लक्ष्य र नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्दताहरु हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१६-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरु लिईएको छ।
- तत्कालीन चरण (ई. २०१६- २०२०): सबैको आधारभुत "वाश" सेवाहरुमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या
- मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दीर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/उच्च ५०%) जनसंख्या, प्रभाव लेखाजोखा

### १.१.४. अन्तरक्षेत्रीय सवालहरु

#### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुँदा पानीसँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले  वि.सं. २०८४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समावेशी बनाउन जलउपयोग गुरुयोजनाले सहयोग पुर्याउँदछ। पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसँग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरु योजनाले महिलाहरुको उल्लेख्य सहभागिता गराउने गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातिय भेदभावबाट प्रायः महिला, बालीका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुँदा त्यस्ता विपन्न वर्गहरुको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वयन प्रकृयामा समेटेको हुन्छ।

**जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापन**

नेपालका सन्दर्भमा वार्षिक औषत १५०० मि.मि. बर्षा रेकर्ड गरिएको छ।[7] राजापुर बर्षा मापन केन्द्रमा रेकर्ड भएको तथ्याँक अनुसार सन् २०१३ मा १४६५ मि.मि., २०१४ मा १६९९ मि.मि., १०१५ मा १२१२ मि.मि., २०१६ मा १४२७ मि.मि., २०१७ मा १६४२ मि.मि. रेकर्ड गरिएको छ, मापन रेकर्ड गरिएका तथ्याङ्कहरुको औसत १४८९ मि.मि. यस क्षेत्रको औसत बर्षा हुन जान्छ जुन नेपालको औसत भन्दा कम देखिन्छ। जलवायु परिवर्तनले गर्दा नेपालको यस क्षेत्रमा समेत औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुँदा जलस्रोतहरुमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, डुबान, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका संरचनाहरु पुरिने, भत्किने, भांसिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरुको दिगोपना र सुचारुपनामा असर पुर्याई रहेको हुँदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

## १.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्र भित्रका कुनै निश्चित समुदाय वा समुदायहरु बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सबै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ। जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यस प्रकार छन;

- सम्बन्धित भूगोल भित्रको जलस्रोतसँग सम्बन्धित सूचना तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको समतामूलक, विवेकपूर्ण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीर्घकालीन बनाउन मद्धत गर्ने।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरि यस क्षेत्रमा दीर्घकालीन लगानी प्राप्त गर्ने।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धित भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरी लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्ने।

[7] स्रोत: http://climate.mohp.gov.np/

- नगरपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्द्धन आदिमा सरोकारवालाहरुको क्षमता विकास गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रवर्धनगर्ने।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरुको संरक्षणमा बढावा दिँदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरुमा सम्बन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।
- पानीसँग सम्बन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रवर्धन गर्ने।

### १.२.२. जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्विको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापन गरी दिगो उपयोग गर्न गुरुयोजनाले समेट्ने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी :-**जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औँल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ भने राजापुर नगरपालिकाको हकमा जलउर्जा (बिद्युत र पानी घट्ट) सम्बन्धि योजनाहरुको सम्भाव्यता नभएतापनि जलसँग सम्बन्धित अन्य क्रियाकलापहरु जस्तै; माछा पोखरी, जल पर्यटन तथा पर्यावरण आदि सम्भावित क्रियाकलाप रहेका छन् ।

**खानेपानी, सरसफाइ तथा स्वच्छता:-** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार र सतह, भूमिगत, बर्षातको पानी आदि) स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मतसम्भार रणनीति आदि ।

**सिंचाई तथा निकास:-** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरु र ढल निकास/झरन/पन्फेकुवा, परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरुको मर्मतसम्भार तथा पुनःनिर्माण आदि।आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि।

**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, पानी सुद्धिकरण र पुनर्उपयोगका क्रियाकलापहरु, ताल/पोखरीहरुको संरक्षण र सुधार (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, वृक्षारोपण, नदी नियन्त्रण, तटबन्ध, वातावरणीय सरसफाइ आदि।

**जलशक्ति र अन्य:** जलमा आधारित आयआर्जनका क्रियाकलापहरु जस्तै; माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)

माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका विषयवस्तु समेटेको हुन्छ।

- जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुन:प्रयोग।
- सरोकारवालाहरुको छलफलको थलोः जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्यूनीकरण, जलाधार क्षेत्रहरु विचको पारस्परिक सम्वन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता आदि।
- टेवा तथा क्षमता अभिबृद्धी: स्थानीय तह, समुदायहरुको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानूनी विषयहरुको सचेतिकरण, स्थानीय स्रोत साधनहरुको समग्र विश्लेषण र स्थानीय समुदायहरुको क्षमता विकास आदि।

समग्रमा स्थानीय सरकारहरुले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरुलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।

## १.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु

### १.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरुको समीक्षा

यस राजापुर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरु बनेको देखिन्छ। हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको अवधिमा यस नगरपालिकाले सबै बस्तीहरुमा छलफल गरि NWASH प्रणाली अद्यावधिक गरि जलउपयोग गुरुयोजनाका लागि आवश्यक पर्ने तथ्याङ्कहरु सङ्कलन र प्रविष्टि गरिएको छ। यसका साथै नगरपालिकाले तपशिलका नीति, कार्यविधि तथा योजनाहरु निर्माण गरेको देखिन्छ। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका मुख्य क्षेत्रगत नीति, रणनीति तथा योजनाहरु निम्न तालिका-१ मा प्रस्तुत गरिएको छ।

तालिका १: नगरपालिकाले तयार गरेका विभिन्न नीति नियम तथा कार्यविधिहरु

| नगरपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| राजापुर नगरपालिकाको स्वास्थ्य प्रोफाइल | कार्यान्वयनमा रहेको |
| iLG-Profile , राजापुर नगरपालिका २०८० एकीकृत स्थानिय तह वस्तुगत विवरण | कार्यान्वयनमा रहेको |
| विपद पुर्व तयारी तथा प्रतिकार्य योजना , २०७७ | कार्यान्वयनमा रहेको |

| | |
|---|---|
| विपद् जोखिम न्यूनिकरण स्थानीय कार्यक्रम संचालन मार्गदर्शन २०७७ | कार्यान्वयनमा रहेको |
| विपद ऐन २०७६ | कार्यान्वयनमा रहेको |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको कार्यबिधि, २०७६ | कार्यान्वयनमा रहेको |
| नगरपालिका सहकारी ऐन , २०७६ | कार्यान्वयनमा रहेको |
| खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास) २०७७ | कार्यान्वयनमा रहेको |
| खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ | कार्यान्वयनमा रहेको |
| खानेपानी सरसफाइ तथा स्वस्च्छता (वास) ऐन २०७९ | कार्यान्वयनमा रहेको |

***स्रोत:****राजापुर नगरपालिकाको वेबसाइट*,( **https://rajapurmun.gov.np** )

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधि तथा योजनाहरुको निर्माण गरिएको भएतापनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको खण्डमा क्षेत्रगत उपलब्धिहरु हाँसिल गर्न मद्दत पुग्ने देखिन्छ । साथै खानेपानी सरसफाइ तथा स्वस्च्छता (वास) ऐन, २०७९, खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना २०७७ र खानेपानी तथा ससफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ बनेता पनि सघन रुपमा कार्यक्रम बढेको देखिँदैन। प्रत्यक्ष रुपमा सहयोग पुर्याउने नीति तथा रणनीतिहरु जस्तै: जलस्रोत नियमावली, खानेपानी तथा सरसफाइ रणनीति/पूर्ण सरसफाइ रणनीतिहरु बनेको देखिदैन। त्यसैले यस जलउपयोग गुरुयोजना र आगामी दिनमा निर्माण हुने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाले नगरपालिकाको लागि क्षेत्रगत योजना तर्जुमा गर्न कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

### १.३.२. रणनीतिक योजनाहरुको एकीकरण

जलउपयोग गुरुयोजना तयारीका लागि नगरपालिकामा तर्जुमा गरिएका जलस्रोतसँग सम्बन्धित ऐन, नीति, नियम र योजनाहरुको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरुको एकिकरण गर्ने कार्य गरिएको छ। राजापुर नगरपालिकाको स्वास्थ्य प्रोफाइल, खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास) २०७७ र विभिन्न विषयगत शाखाका तथ्याङ्कहरुका साथै सरोकारवाला निकायहरुको तथ्याङ्कहरुलाई समेतलाई समायोजन गरी गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयार गर्दा नगरपालिकामा उपलब्ध तथ्याङ्कहरुका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरु सामाजिक तथा प्राविधिक सर्वेक्षण, सर्वेक्षणका क्रममा गरिएका भेला, गोष्ठी, अन्तरक्रिया, लक्षीत समुह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरुलाई समेत ध्यानमा राख्दै योजनाहरु तर्जुमा गरिएका छन् ।

### १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन नगरपालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरुमा नगरपालिकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरु अध्ययन नगरपालिकाको वस्तुस्थिति अवलोकन, समुदायस्तरमा गरिएका सर्वेक्षण, अन्तरक्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकारसँग भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरु तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरु पर्दछन्। गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति

निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र-३ अनुसार १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो।




जलउपयोग गुरुयोजना निर्माणका चरणहरु

## तयारी तथा पुर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (नगरपालिका र वडा) को आवश्यकता, उत्सुकता, लगानी प्रतिवद्धता आदिमा आधारित भई नगरपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरु छनौट तथा तालिम लगातयका क्रियाकलापहरु सञ्चालन गरिएका थिए।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जलउपयोग गुरुयोजना निर्माण (DAICollectKoBo) सम्बन्धी ४ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो।उक्त प्रशिक्षक प्रशिक्षण तालिममा साँझेदार संस्थाहरुबाट गुरुयोजना निर्माण लक्ष्य राखिएका स्थानीय तहहरुका लागि ८ जना सहभागी भएका थिए। सहभागीहरुको विवरण निम्न तालिका अनुसार रहेको छ ।

तालिका २: प्रशिक्षक प्रशिक्षणमा सहभागि विवरण

| जम्मा सहभागी | लिङ्ग अनुसार | | | जातजाति अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्रीसन्यासी/ | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
| ४ | ० | ४ | ० | ३ | ० | १ | ० | ० | ० |

## क्षमता विकास चरण



**चित्र- ३: वडा स्तरीय क्षमता विकास तालिम, राजापुर-२**

जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व नगरपालिकाबाट गर्नुपर्ने भएकाले यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरु गरिएका थिए। जस अन्तर्गत नगरपालिकास्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, १० वटै वडाहरुमा वडा स्तरीय जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडातहमा दलित, महिला तथा पछाडी पारिएका वर्गहरुको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयमसेवी सहजकर्ता छनोट, विभिन्न प्राविधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तर्क्रिया आदि क्रियाकलापहरु सञ्चालन गरिएका थिए। यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो।

राजापुर नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिएका छन्। तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरुका लागि NWASHतथा DAICollectKoBo एप्लिकेशन प्रयोग सम्बन्धी तालिम, वडा तथा नगरपालिकास्तरमा जनप्रतिनिधिहरु/स्थानीय बुद्दिजीवी, समाजसेवी, नगरपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु सहितको उपस्थितिमा क्षमता विकासका विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका थिए। जलस्रोतको न्यायिक बाँडफाँड, जलस्रोत सम्बन्धी विद्यमान कानूनहरुको जानकारीका साथै जलस्रोतहरुमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका वर्गका प्रतिनिधिहरुका लागि समेत क्षमता अभिवृद्धि सम्बन्धी २ दिने तालिम सञ्चालन गरिएको थियो। जलउपयोग गुरुयोजना निर्माणको क्रममा राजापुर नगरपालिकामा सञ्चालन गरिएका क्षमता विकास सम्बन्धी क्रियाकलापहरुका सहभागीहरुको लैङ्गिक र जातिय विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ।

तालिका ३: क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरुको लैङ्गिक र जातिगत विवरण

| मिति | सम्पन क्रियाकलापहरु | महिला | पुरुष | ब्राह्मण/क्षेत्री/ठकुरी/ सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ६-८ बैशाख २०८० | गणकहरुलाईNWASH र WUMPको तथ्याङ्क संकलन तालिम | २ | ८ | ७ | २ | ० | १ | ० | ० |
| १२ बैशाख २०८० | नगरपालिका स्तरीय समन्वय गोष्ठी | ६ | २२ | ९ | १५ | १ | २ | ० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ देखी १९ बैशाख २०८० | वडा स्तरीय समन्वय गोष्ठी | ८१ | १८२ | ४६ | २०१ | ० | १२ | १ | ३ |
| ३१ बैशाख देखी ३ जेष्ठ २०८० | लक्षीत वर्गलाई क्षमता विकास तालिम | ५९ | १२७ | २१ | १३९ | ० | २५ | ० | १ |
| २ देखी १६जेष्ठ २०८० | वडा स्तरीय क्षमता विकास तालिम | ३३ | १९५ | ३० | १६१ | ० | ३० | १ | ६ |
| **जम्मा :** | | **१८१** | **५३४** | **११३** | **५१८** | **१** | **७०** | **२** | **११** |

*स्रोत: जलउपयोग गुरु योजना क्षमता विकासका क्रियाकलापहरु, २०८०*

**सूचना संकलन/अध्ययन चरण**

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नका लागि सघन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। उक्त कार्यको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरुको छुट्टाछुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंयम सेवीहरुको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषणका कार्यहरु सञ्चालन गरिएका थिए। यस कार्यमा उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा बस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसँग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पूर्वानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो। यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरु, नगरपालिकाभित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गैर सरकारी संस्थाहरुसँगको समन्वयमा तथ्याङ्कहरु संकलन गरिएको थियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात् गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यसै चरणमा गरिने गरिन्छ।

राजापुर नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा १० वटै वडाका १११ वटै बस्तीहरुमा वडा प्रतिनिधिहरु लगायत टोलका बडघर तथा अन्य घरधुरीहरुको उपस्थितिमा सहभागितात्मक विधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु संकलन गरिएको थियो। संकलित तथ्याङ्क/सूचनाहरुको प्रविष्टि N-WASH/DAICollectKoBo मा गरिएको थियो। संकलित तथ्याङ्कहरुको विवरण संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ।

## योजना तर्जुमा चरण

यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाई विश्लेषण गरी उप-जलाधार क्षेत्रस्तरवाट जलस्रोतसँग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संशाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधिहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय  प्राथमिकीकरण गरिएको थियो। मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा खानेपानी, सिंचाइ तथा वातावरण संरक्षणका योजनाहरुको प्राथमिकीकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राविधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरुको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रतिव्यक्ति लागत कम हुने, विगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट विनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएकार आयआर्जनमा सहयोग पुग्ने जस्ता मापदण्डहरु माथी नगरपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरुले व्यापक छलफल सहित अनुमोदन गरी सोको आधारमा योजनाहरु छनौट गरिएका थिए ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र आन्तरिक स्रोत परिचालन गरि कार्यान्वयन गरिने गरि छुट्टयाएर नगरपालिका स्तरको गुरुयोजनामा समावेश गरिएका छन् । वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया १ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय  भूगोलको पुनरावलोकन गर्नु पर्ने अवस्थामा यो प्रक्रिया एक वडाका लागि १ देखि २ दिन सम्म रहेको थियो । वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समावेश गर्नको लागि नगरपालिका स्तरमा २ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगबाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन तथा प्राथमिकीकरण गरी नगरपालिका तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिवद्धता सहित अनुमोदन गर्ने कार्य गरिएको थियो।

राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०८० जेष्ठ १५ गते देखि शुरुवात गरी २०८० जेष्ठ १८ सम्म वडा स्तरीय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी (२/२ दिन प्रत्येक वडामा) सम्पन्न गरिएको थियो भने नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी मिति २०८० असार १९ र २० गते सञ्चालन गरिएको थियो।

वडास्तरीय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरु, स्थानीयस्तरमा कार्यरत संघ/संस्थाहरु, बडघर/ बुद्धिजीवी, समाजसेवीहरुको उपस्थिति रहेको थियो भने नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, महिला तथा बालबालिका शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, योजना शाखा र खानेपानी तथा सरसफाइ शाखा लगायत सबै सरोकारवालाहरुको उपस्थिति रहेको थियो। वडा स्तरीय योजना तर्जुमा गोष्ठी र नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीका सहभागीहरुको लैङ्गिक र जातिगत आधारमा विवरण निम्न तालिका-४ अनुसार रहेको छ।

तालिका ४: योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण

| मिति | सम्पनक्रियाकलापहरु | पुरुष | महिला | ब्राह्मण/क्षेत्री/ठकुरी/ सन्यासी | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ देखि १८ जेष्ठ २०८० | वडा स्तरीय तथ्यांक प्रमाणिकरण गोष्ठी | १७२ | १०० | ३३ | १८ | २१९ | ० | ० | २ |
| २८-३१ जेष्ठ २०८० | वडा स्तरीय योजना तर्जुमा गोष्ठी | १८० | ८८ | ३४ | १५ | २१७ | ० | ० | २ |
| १९-२० असार २०८० | नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २९ | ७ | १३ | ५ | १६ | ० | १ | १ |
| **जम्मा:** | | **३८१** | **१९५** | **८०** | **३८** | **४५२** | **०** | **१** | **५** |

*स्रोत: जलउपयोगगुरुयोजना, वडा तथा नगपालिकास्तरिय योजना तर्जुमा गोष्ठी , २०८०*

## कार्यान्वयन चरण

कार्यान्वयन चरण जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो । गुरुयोजनाको यो चरणमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समीक्षा जस्ता कार्यहरु सम्पादन गरिन्छन्। यस चरणमा जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मुल्यांकन एवं सम्पर्क समन्वयका गतिविधिहरु सञ्चालन तथा कार्यान्वयन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समीक्षा गरी आवश्यकता अनुसार गुरुयोजना अद्यावधिक गर्ने गरिन्छ।

राजापुर नगरपालिकाको हाल निर्माणको क्रममा रहेको जलउपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरि तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्ने र योजनाहरु कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो। राजापुर नगरपालिकाले खानेपानी तथा अन्य योजनाहरुको प्राथमिकरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहरु (CBRT) को आधारमा गर्दा साच्चिकै सेवाबाट बन्चित रहेका बिपन्न वर्ग तथा समुदायहरु समेटिएको धारणा सहभागीहरुको रहेको थियो।

# अध्याय-२: नगरपालिकाको पाश्र्वचित्र

## २.१. नगरपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७१ पौष २५ गतेको निर्णयानुसार साबिकको दौलतपुर, नयाँगाउ, राजापुर, बदालपुर, भिम्मापुर/मानपुर टपरा गाविस समावेश गरि १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरियको थियो नेपालको संविधानको धारा २९५ को उपधारा बमोजिम गठित गाउँपालिका (३), नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३मा पेश गरेको २२/०९/ प्रतिवेदन र नेपाल सरकारको मिति २०७३ को निर्णय अनुसार माननिय २२/१०/संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३मा पेश गरेको प्रतिवेदनको आधारमा २०/११/ .मा साविकको राजापुर न २२/११/नेपाल सरकारले मिति २०७३पासमावेश गरि .स.वि.र खैरिचन्दनपुर गा . हालको राजापुर नगरपालिकागठन भइ १० वडामा पुनसंरचना गरिएको थियो ।

राजापुर नगरपालिकालाई १० वटा वडामा विभाजन गरिएको छ। नगरपालिकाको वडा नं १ साबिक राजापुर नगरपालिकाको १ र २ न वडा, वडा नं २ साबिक राजापुर नगरपालिकाको ३ र ४ न वडा, वडा नं ३ साबिक राजापुर नगरपालिकाको ५, ६ र १० न वडा, वडा नं ४ साबिक राजापुर नगरपालिकाको ११ र १२ न वडा, वडा नं ५ साबिक राजापुर नगरपालिकाको ७ र ९ न वडा, वडा नं ६ साबिक राजापुर नगरपालिकाको १६ र १७ न वडा, वडा नं ७ साबिक राजापुर नगरपालिकाको १३ न वडा, वडा नं ८ साबिक राजापुर नगरपालिकाको १४ र १५ न वडा, वडा नं ९ साबिक राजापुर नगरपालिकाको १८ र १९ न वडा र वडा नं १० साविक खैरीचन्दनपुर गाविसका सबै वडावडा समावेस गरि पुनरसंरचना गरिएको छ ।

राजापुर नगरपालिका १ नं वडामा पर्ने मुख्य बस्तीहरुमा झबही, मुरगहवा, हिमालिपुर, सोनपुर, छोटकि दौलतपुर, टिहुनी, चनौरा, बर्का दौलतपुर र कोठारपुर रहेका छन्। नगरपालिका २ नं वडामा पर्ने मुख्य बस्तीहरुमा दक्षिण नयाँगाउँ, उत्तर नयाँगाउँ, जोतपुर, बालाबजार, ग्वारी, सुकुम्बासी टोल, मैला बरगढ़ी, चैनपुर, सोहरिया, तल्ला बरगढ़ी र बिचका बरगढ़ी रहेका छन्। नगरपालिका ३ नं वडामा पर्ने मुख्य बस्तीहरुमा तिघ्रा, चक्खापुर, उत्तरटेडीया, सिन्दुरा, रजपुरुवा, मुरैया, दक्षिण टेडीया, नङगापुर, परग्पुर र इदैपुर रहेका छन्। नगरपालिका ४ नं वडामा पर्ने मुख्य बस्तीहरुमा राजापुर, कुशाही, शान्तिपुर, दलै, संघर्स टोल, राजापुर गाउ, आनन्तपुर, सिर्जु भिम्मापुर, घुम्ना गोलाहानटोल र शान्तिपुर (मुक्त कमैया) रहेका छन्। नगरपालिका ५ नं वडामा पर्ने मुख्य बस्तीहरुमा निहालपुर, कृष्णनगर, खल्ला जयपुर, श्रीपुरटोल, पिपलपुर, झपटी, काटी, बड्का भौरा, जयपुर, सुन्दरपुर, चम्कपुर, शिवमन्दिर, चितैनपुर, छोट्की भौरा, बसन्ता क, बसन्ता ख, पहाडीपुर र बदालपुर रहेका छन् । नगरपालिका ६ नं वडामा पर्ने मुख्य बस्तीहरुमा जोगिपुर, पहाडीनगर, टपराबजार, गोलानदी (बिन्द्रा नदी) उदयपुर, सोइली, बिक्रम्पुर, महुवा दक्षिणपुर, मानपुर मादेउली उतरपुर, जमुना बोझि, टपरा र सिरिपुर रहेका छन्। नगरपालिका ७ नं वडामा पर्ने मुख्य बस्तीहरुमा रामपुर, खोल्टिनिया टोल, वेलासा, भालुफाटा, बाजुराटोल, भीमापुरटोल, लाहुरेटोल र शंकरपुर टोल र लाल्चिपुर टोल रहेका छन्। नगरपालिका ८ नं वडामा पर्ने मुख्य बस्तीहरुमा धोबिनपुर, भोगपुर सुकुम्बासी


टोल, पुरैना, छोटकी भिम्मापुर, भोगपुर, कोइली, ओस्ताजपुर, सडूवा बनजारीडाडा, पुरैना पहाडी टोल, बैठकपुर र फत्तेपुर रहेका छन्। नगरपालिका ९ नं वडामा पर्ने मुख्य बस्तीहरुमा दुर्गानगर, तिनघरुवा, दिपनगर, बानियापुर, गोदीयाना, चैनपुर र इश्वोरिगन्ज रहेका छन्। नगरपालिका १० नं वडामा पर्ने मुख्य बस्तीहरुमा उत्तरखैरी, पहाडीपुर, लालपुर, मझरा, गिदरपुर झपटी, दक्षिण खैरि, कजेनीपुर, डीमारगेसन टोल, करमोहनी ख, करमोहनी क, भगतपुरटोल, हरिनगरटोल, मेवडापुर, पखैपुर, आनन्दनग, मंगलपुर, कलाबंजर रहेका छन्।

राजापुर नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट ३५ कि.मि. दुरीमा उत्तर पश्चिममा अवस्थित छ। भौगोलिक अवस्थितिका हिसाबले नगरपालिका २८° २१" २५.१६' देखि २८° २९' ४३ " उत्तरी आक्षांश र ८१° ३' २५.६३'' देखि ८१° १२' ५२" सम्म पूर्वी देशान्तर सम्म फैलिएको छ। समुन्द्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल १२७.वर्ग कि ०८.मीक्षेत्रफल . ओगटेको छ ।नगरपालिकाको उत्तरमा गेरुवा गाउँपालिका , दक्षिणमा भारत , पूर्वमा मधुवन ,र पश्चिमतिर कैलाली जिल्ला, र नगरपालिका रहेका छन् ।

राजापुर नगरपालिकाकोकुल घरधुरी संख्या १३५८७ र जनसंख्या ६३६९५ रहेको छ। यस नगरपालिकामा मूख्य गरि थारु जातिको बाहुल्यता रहेता पनि यस नगरपालिकामा क्षेत्री, ब्राह्मण, ठकुरी, मगर, दलित, नेवार मुस्लिम लगायत लोपोन्मुख सोनाहा समुदायको बसोबास रहेको छ। धार्मिक दृस्टीकोणले यस नगरपालिकाका अधिकांश मानिसहरु हिन्दुधर्म ९२.१% मान्दछन् भने मुस्लिम ०.७%, क्रिस्चियन १.३%, अन्य ०.२% र नखुलेको ५.७% रहेको देखिन्छ।

यहाँ बसोबास गर्ने थारु, ब्राह्मण, क्षेत्री, ठकुरी, दलित, मगर, गुरुङ, नेवार मुस्लिम जातिहरुले मुख्यगरि जना, मैना, अटवारी ,धमार, बडकीमार अथवा जन्माष्टमी र दशैंमा गाइने गीत, सखिया आदि थारु समुदायमा रहेका गीत–सँगीतका उत्कृष्ट नमूना हुन भने देउडा, धमारी, पुतला, तिज, होरी, गौरा आदि अन्य समुदायको मौलिक सँस्कृति रहेको पाईन्छ । उक्त समयमा समुदायका मानिसहरुको विशेष जमघट हुने गर्दछन्। यस नगरपालिकामा अधिकांश मानिसहरुले धेरै बोलिने भाषामा स्थानीय थारु भाषा नै हो भने नेपाली, नेवार, मुस्लिम र मगर समुदायका मानिसहरु भने आफ्नै भाषा बोल्ने गर्दछन्। दशैँ, तिहार, माघी, होली, गौरा, कृष्ण जन्माष्टमी, बकर इद, जनैपूर्णिमा, हरितालिका, श्रीपन्चमी, चैत्रे दशै, मातातीर्थ, अक्षय तृतीया, हरिबोधनी एकादशी, नागपन्चमी, रक्षाबन्धन (जनै पुर्णिमा), कुशे औसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, गुरयि, नागपच्चमी, रामनवमी, महाशिरात्री, आइतबारी, छटपर्ब, बुद्धजयन्ति, क्रिसमस आदि यहाँका प्रमुख चाडपर्बको रुपमा रहेको पाइन्छ ।


यस नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा बाला बजार, त्रिबेणी बजार, टपरा बजार, राजापुर बजार, कोठयाघाट बजार, सोनपुर बजार ,स्वामि चोक बजार, शान्तिपुर बजार, रामजानेचोक बजार आदि रहेका छन् । यस नगरपालिकामा नङगापुर ताल, गोनाना ताल, मुरैया ताल, भुतहवा ताल, जुरपानी ताल, फत्तेपुर ताल, र अनरवा आदि रहेका छन् । साथै कर्णाली नदी, बुढी कुलो, गेरुवा नदी,अढइ खोला, रतैया नाला, गन्धैला नाला र मैला नाला जस्ता सानाठुला नदीनालाहरु रहेका छन् ।




चित्र- ४: राजापुर नगरपालिकाको प्रशासनिक नक्शा

## २.२. भौगोलिक अवस्थिति र पहुँच


यस राजापुर नगरपालिकाको सम्पुर्ण भू-भाग समथर क्षेत्र रहेको छ । गर्मीयाममा अत्याधिक धेरै गर्मी हुन्छ र जाडोयाममा हुस्सु लाग्ने हुँदा अत्याधिक चिसो हुन्छ। यस नगरपालिकाको नगरपालिका प्रोफाइल, २०७७ अनुसार नगरपालिका भित्र सडक संजालको अवस्था राम्रो रहेको देखिन्छ । यस नगरपालिकामा हालसम्म हुलाकी सडक १ जसको लम्बाई ११ कि.मि. रहेको छ र यो सडक लगायत अन्य पक्कि सडक रहेका छन्। नगरपालिकामा रहेका घरधुरीमध्ये सबैभन्दा धेरै कालोपत्रे सडकमा पहुँच भएका घरधुरीको संख्या ४९४ अर्थात् ४.१ प्रतिशत, ग्राभेल सडकमा पहुच भएका घरधुरी संख्या ५७२० अर्थात् ४७.१ प्रतिशत, अस्थाई सडकमा पहुँच भएका घरधुरी संख्या ४९४५ अर्थात् ४०.७ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका घरधुरी ९१९ अर्थात् ७.६ प्रतिशत र अन्य ६० घरधुरी अर्थात् ०.५ प्रतिशत रहेका छन् । यो तथांकलाई हेर्दा ४८.७ प्रतिशत घरधुरीमा सहज प्रकारको सडकमा पहुँच छैन । उनीहरु या त अस्थायी प्रकृतिको सडकमा हिड्छन् वा गोरेटोमा । पूर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन, तसर्थ सहज आवागमनका लागिन नगरपालिकाले सडक संजालको विकास र स्तर उन्नतिको लागि यातायात गुरुयोजना निर्माण गरि लागु गर्नु पर्ने देखिन्छ ।




चित्र- ५: नगरपालिकाको अवस्थिति र पहुँच नक्शा

## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको राजापुर नगरपालिका तराई भौगोलिक क्षेत्रमा पर्दछ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले समथर अधिकांश भू-भाग खेतीयोग्य जमिन रहेको छ भने उत्तरमा गेरुवा गाउँपालिका , दक्षिणमा भारतीय सिमा ,पश्चिममा कैलाली जिल्लाको टिकापुर नगरपालिका, पुर्वमा मधुवन नगरपलिका रहेको छ। नगरपालिकाको सम्पुर्ण क्षेत्रमा समथर जमिन रहेको छ जुन जमिन पूर्ण रुपमा खेतीयोग्य जमिन हो । यस नगरपालिकामा तुलनात्मक रुपमा घना बसोबासको क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ। राजापुर बजार यस क्षेत्रको  पुरानो बजार हो।




| भू-उपयोग क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| खेतीयोग्य जमिन | १०७.९५ |
| वनजंगल | ७.८८ |
| आवास | ३.९५ |
| व्यापारिक क्षेत्र | ०.०४ |
| सरकारी जग्गा | १.३६ |
| अन्य | ०.६७ |
| जल क्षेत्र | १२.७४ |
| जम्मा | १३४.९९ |

**चित्र- ६: नगरपालिकाको भू-उपयोग नक्शा**

नगरपालिकाको भु-उपयोगको अवस्था विश्लेषण तलको तालिका र चित्र ६ GIS नक्सामा प्रस्तुत गरिएको छ।

तालिका ५: नगरपालिकाको भू-उपयोग विवरण

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | १०२.८७ | ८१% |
| २ | वन जंगल | ५.४९ | ४.३३% |
| ३ | अन्य | ३.८९ | ३.०७% |
| ४ | आवास क्षेत्र | ९.६५ | ७.६% |
| ५ | ताल वा पोखरी खोला र अन्य जलक्षेत्र | ५.०८ | ४% |
| | जम्मा | १२७.०८ | १००% |

स्रोत : NWASH पोर्टल २०२१

## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण

यस नगरपालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली नदी, र उप-जलाधार क्षेत्रको रुपमा गेरुवा नदी र बुढी कुलो रहेका छन् । त्यसैगरी अन्य स-साना जलाधारको रुपमा अडई खोला र मैला नाला जस्ता साना खोलानालाहरु रहेका छन् र गोनाना, नंगापुर, मुरैया, अनरवा, भुतहवा, फत्तेपुर र जुरपानी ताल समेत रहेका छन् । यस क्षेत्रमा जलस्रोतको मूख्य प्रयोग खानेपानी र सिंचाइका लागि गरिएको देखिन्छ। नगरपालिका भित्र रहेका तालतलैयाहरुको हालसम राम्रोसँग प्रयोग भएको देखिँदैन भने आगामी दिनमा ती तालतलैयाहरुको उचित संरक्षण गर्न सकेको खण्डमा आन्तरिक तथा बाह्य पर्यटनको माध्यमबाट पनि स्थानीय समुदायको आयआर्जनमा टेवा पुर्याउन सकिन्छ। तालतलैयाहरुमा माछापालन गर्न सकेको खण्डमा नगरपालिकाको आन्तरिक आयस्रोत वृद्धि हुनका साथै स्थानीय स्तरमा केहि हदसम्म रोजगारीका अवसर समेत सिर्जना हुने सम्भावना वडा तथा नगरपालिकामा भएको छलफलबाट देखिएको छ । यसका साथै नगरपालिकामा विद्यमान रहेको कर्णाली नदी र बुढी कुलोबाट भइ रहेको सिंचाइ प्रणालीलाई थप व्यवस्थापन तथा विस्तार गरि बर्षैभरि जलस्रोतको थप परिपुर्ति गर्न सकिने सम्भावना रहेको छ ।

नगरपालिका भित्रका उप-जलाधार क्षेत्रको पानी सिधै कर्णाली नदी, बुढी कुलो र गेरुवा नदीमा मिसिन्छन्। मुख्यगरि यस नगरपालिकामा ३ वटा उपजलाधार क्षेत्रहरु रहेका छन् । उप-जलाधार क्षेत्र सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । उप-जलाधार क्षेत्रहरुको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण चित्र ६ मा राखिएको छ।

तालिका ६: नगरपालिकामा उप-जलाधार क्षेत्रहरु

| क्र.सं. | उप-जलाधार क्षेत्र | उप-जलाधारमा पर्ने वडाहरु |
|---|---|---|
| १ | बुढी कुलो | १,२,३,४,५,७,८ |
| २ | मैला नाला | ६,८,९ |
| ३ | गेरुवा नदी | ६,१० |

| | | |
|---|---|---|
| ४. | रतैया नाला | २,५,६,८,९, |

स्रोत : जलउपयोग गुरुयोजना सर्वेक्षण

## २.५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्याविवरण

यस नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माण अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा यस नगरपालिकामा जम्मा १११ वटा मुख्य बस्तीहरु रहेका छन्। सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाकोकुल घरधुरी संख्या १३५८७ रहेको छ भने कुल जनसंख्या ६३६९५ रहेको छ। जसमध्ये कुल जनसंख्यामा महिला जनसंख्या ४९.७% पुरुष जनसंख्या ५०.३% रहेको छ। वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-७ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-३SA ६ मा दिइएको छ।

तालिका ७: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण

| वडान | बस्ती संख्या | संकलित तथ्याङ्क अनुसार जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| **१** | ९ | १३५७ | ६३०३ |
| **२** | ११ | १२९६ | ५९६१ |
| **३** | १० | १३७५ | ६४०९ |
| **४** | १० | १८७५ | ७५८७ |
| **५** | १४ | १४५२ | ७०२१ |
| **६** | १३ | १४११ | ६९६१ |
| **७** | ९ | ९४० | ४४९५ |
| **८** | ११ | १२०४ | ५६२३ |
| **९** | ७ | १०७२ | ५५२९ |
| **१०** | १७ | १६०५ | ७८०६ |
| **जम्मा :** | **१११** | **१३५८७** | **६३६९८** |

*स्रोत : नगरपालिका प्रोफाइल २०८० र जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### २.५.२. जातियता

यस नगरपालिकामा सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार जनजाति घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ८०.९% रहेको छ भने १०.७% ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी, ५.५% दलित, ०.२%, नेवार, १.२% मुस्लिम र १.४% अन्य जातिको घरधुरी संख्या रहेको छ। वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-८ मा दिइएको छ भने विस्तृत विवरण अनुसूची-३ SA-६ मा उल्लेख गरिएको छ।

तालिका ८: वडा अनुससार जातिगत घरधुरीको विवरण

| वडा न. | जम्मा बस्ती संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य | जम्मा |
| १ | ९ | १७४ | २७ | ११०४ | ० | ० | ५१ | १३५७ |
| २ | ११ | ५५ | २८ | १२०९ | २ | १ | १ | १२९६ |
| ३ | १० | ७७ | ३७ | १२६० | १ | ० | ० | १३७५ |
| ४ | १० | १५१ | १०५ | १३३७ | ४ | १८५ | ९३ | १८७५ |
| ५ | १४ | १४९ | ६९ | १२३४ | ० | ० | ० | १४५२ |
| ६ | १३ | १८९ | ५१ | ११६५ | ६ | ० | ० | १४११ |
| ७ | ९ | ८५ | ९३ | ७५७ | ६ | ० | ० | ९४० |
| ८ | ११ | १९७ | १३६ | ८७२ | ० | ० | ० | १२०४ |
| ९ | ७ | १४८ | २४ | ८८९ | १० | १ | ० | १०७२ |
| १० | १७ | २२२ | १८५ | ११९१ | ५ | २ | ० | १६०५ |
| जम्मा | | १४४७ | ७५५ | ११०१८ | ३४ | १८९ | १४५ | १३५८७ |
| प्रतिशत : | | **१०.७%** | **५.५%** | **८०.९%** | **०.२%** | **१.४%** | **१.२%** | |

*स्रोत: जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### २.५.३. साक्षरता विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार राजापुर नगरपालिकाको कुल साक्षारता दर ७७.१% रहेको छ, जसमध्ये पुरुष साक्षरता दर ८२.६% रहेको छ भने महिला साक्षरता दर ७२.२% रहेको छ त्यसै गरी नगरपालिकाको प्रोफाइल २०८० अनुसार नगरपालिकाको कुल साक्षारता दर ७३.५% । वडागत रुपमा साक्षरता दर हेर्दा तालिका-९ अनुसार रहेको देखिन्छ।

तालिका ९: वडागत रुपमा साक्षरता विवरण

| वडा नं. | साक्षर जनसंख्या सम्बन्धी विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १३९० | ७६.९ | ११८२ | ६५.८ | |
| २ | २०४६ | ८३.२० | १८१४ | ८२.३ | |
| ३ | २०८१ | ७५.१ | १८२७ | ७०.२ | |
| ४ | १२५१ | ६१.५ | ११५० | ६३.९ | |
| ५ | ११९९ | ६९.५ | ९८६ | ६५ | |
| ६ | २३०४ | ७९.७ | १९१३ | ७०.४ | |
| ७ | ८७८ | ७८.२ | ७६० | ७६.८ | |
| ८ | १५१० | ८६.३ | १४१६ | ७७.८ | |
| ९ | १७१८ | ६९.७ | १४०८ | ५७.५ | |
| १० | २२५४ | ८७.१ | १९३७ | ७८.४ | |
| **जम्मा :** | १६६३१ | ७७ | १४३९३ | ७०.७ | |

*स्रोत: नगरपालिका iLG प्रोफाइल २०८०*

## २.५.४. व्यवसाय

यस नगरपालिकाका बासिन्दाहरुले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरुमा संलग्न हुँदै आईरहेका छन् । तर पनि यहाँका बासिन्दाहरुको मूख्य पेशा कृषि रहेको छ। जसमा कुल जनसंख्याको करिव ८६% संलग्न रहेको देखिन्छ भने त्यसगरी लघु उद्यम व्यवसायहरुमा १%, सरकारी वा गैर सरकारी सेवामा ६ %, बैदेशिक रोजगारीमा ९ % र प्राविधिक रोजगार ८% जनसंख्या संलग्न रहेको देखिन्छ । वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्न मानिसहरुको विवरण निम्न तालिका-१० मा उल्लेख गरिएको छ।

तालिका १०: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण

| वडा नं. | व्यवसायसम्बन्धी विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कृषि | लघुउद्यम | सरकारी/गैरसरकारी क्षेत्र नोकरी | वैदेशीक रोजगार | प्राविधिक रोजगार | |
| १ | १४६२ | ९ | ८२ | १८७ | १०२ | |
| २ | १४३६ | १३ | ७२ | १२३ | १३३ | |
| ३ | १४०५ | २५ | ८५ | १३५ | १११ | |
| ४ | १९९७ | ३६ | १२१ | १३४ | १०७ | |
| ५ | १५२७ | १२ | ७५ | १४७ | १३१ | |
| ६ | १४६२ | १२ | ८७ | १५३ | १०४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ९९७ | ७ | ७६ | १२३ | ११७ | |
| ८ | १२४१ | ११ | ९१ | ११७ | १९० | |
| ९ | ११३२ | १४ | ८३ | ११६ | ८५ | |
| १० | १६६४ | ९ | ८३ | १२१ | १३७ | |
| **जम्मा** | **१२६५९** | **१३९** | **८५५** | **१३५६** | **१२१७** | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.५.५. कृषि र जीविकोपार्जन

राजापुर नगरपालिकाका मुख्य कृषि खाद्यबालीहरुमा धान, गहुँ र मकै हुन्। तेलहन वालीका रुपमा तोरी, सुर्यमुखी, सरसो आदी प्रमुख बाली हुन्। त्यसैगरी दलहन बालीको रुपमा मुसुरो, भटमास, चना, केराउ आदि छन् भने नगदेबालीमा उखु र तरकारी खेति मुख्य रुपमा रहेका छन्। कृषि उत्पादनका लागि उपयुक्त हावापानी र उर्बरमाटो भएता पनि सबै घरपरिवारको प्रयाप्त जमिन नहुनु, नियमित सिंचाई नहुनु र समयमा बिउविजन र रासायनिक मल नपाउनु जस्ता कारणलेकृषि पेशामा निर्भर घरपरिवारलाई पनि आफ्नै उत्पादनबाट अधिकांश घरधुरीहरुमा बर्षभरिका लागि खाद्यान्न नपुग्ने गरेको देखिएको छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी २८% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरिहरु ४०% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरु ३१% रहेको देखिन्छ। वडागत अनुसार खाद्यान्न पहुँचको अवस्था निम्न तालिका-११ मा प्रस्तुत गरिएको छ।

तालिका ११: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण

| वडा न. | खाद्यान्न पहुँचको अवस्था (घरधुरी -आफ्नै उत्पादन बाट ) | | |
|---|---|---|---|
| | ६ महिना भन्दा कम पुग्ने | ६-९महिना सम्म पुग्ने | ९-१२ महिना सम्म पुग्ने |
| १ | ५३७ | ४७५ | ४७२ |
| २ | ३८७ | ५१७ | ५५३ |
| ३ | ४८१ | ६०४ | ३४० |
| ४ | ६१६ | ७७४ | ६४२ |
| ५ | ३७४ | ७६५ | ४०८ |
| ६ | ५८७ | ४५४ | ४४५ |
| ७ | ४७५ | ३४१ | १९५ |
| ८ | ३४२ | ६६२ | २५७ |
| ९ | ३३६ | ५४१ | २८४ |
| १० | ४९४ | ८६४ | ६०४ |
| जम्मा: | ४६२९ | ५९९७ | ४२०० |


| प्रतिशत: | ३१% | ४१% | २८% |
|---|---|---|---|

*स्रोत: जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

यसबाहेक जलउपयोग गुरुयोजना निर्माणको क्रममा नगरपालिका क्षेत्रको बस्तीस्तरमा गरिएका विभिन्न तालिम, बैठक र छलफल अनुसार कृषि उत्पादन बाहेक जीविकोपार्जन अन्य स्रोतहरु जस्तै; खुद्रा ब्यापार, साना व्यवसाय, कुखूरापालन, बाख्रापालन, बङ्गुरपालन, माछापालन,दुग्ध व्यवसायहरु पनि रहेका छन् ।

## २.५.६. मौसमी पात्रो तथा कार्यबोझ

नगरपालिकाको क्षेत्रभित्र भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा समुदायको नियमित पेशा व्यवसाय लगायतका नियमित कार्यहरुमा असर नहोस् भन्ने उद्देश्यले समुदायको मौसमी पात्रो




ग्राफ- १:नगरपालिकामा समुदायको मौसमी काममा व्यस्त हुने समय

पत्ता लगाउनु आवश्यक हुन्छ। यस नगरपालिकामा भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरुलाई समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्य व्यस्तताको समय जान्न जलउपयोग गुरुयोजना तयारीका क्रममा मौसमी पात्रो तयार गरिएको हो। यस नगरपालिकामा समुदायका बहुसंख्यक मानिसहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदको समयलाई मध्यनजर गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ।

यस नगरपालिकाको वडागत तथ्याङ्कहरुलाई विश्लेषण गर्दा नगरपालिकाका मानिसहरु चैत्र, बैशाख र जेष्ठ महिनामा गहु, मकै र दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुन्छन साथै पानी प्रशस्त हुने ठाउँमा चैते धान रोप्ने काम समेत हुने गरेको देखिन्छ। आषाढ, श्रावण महिनामा धान रोपाइँ तथा चैते धान र मकै भित्र्याउने काममा व्यस्त हुने र असोज तथा कार्तिक महिनामा धान काट्ने कार्यमा व्यस्त हुन्छन भने मंसिर देखि फाल्गुण महिनामा मात्रै समुदायका मानिसहरु अलि फुर्सदिलो हुने तथ्याङ्कले देखाएको छ। यस अवधिमा पनि पुरुषहरु दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै वा जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत

जाने गरेको जल उपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट तथा छलफलबाट जानकारी प्राप्त भएको छ भने खेतिपातिको सिजन बाहेकको समयमा महिलाहरुपनि दैनिक ज्यालामजदुरीका लागि नगरपालिका र जिल्लाभित्र जानेगरेको देखिन्छ। समुदायका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको विश्लेषण ग्राफ १ मा समावेश गरिएको छ ।

### २.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरुलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सीप भएका दक्ष मानव संशाधन हुन अति आवश्यक छ। योजना तर्जुमा र कार्यान्वयनको खाका तयार गर्दा कुनै पनि भूगोलमा दक्ष मानव संशाधन के कति छ, कुन कुन दक्षता र सीप छ भनि पत्ता लगाउनु जरुरी हुने गर्दछ। वडा अनुसार उपलब्ध मानव संशाधनको विवरण तलको ग्राफ-२ मा प्रस्तुत गरिएको छ।

राजापुर नगरपालिकामा १६.१ प्रतिशत गृहणी र १२.० प्रतिशत नागरिक कृषि, उद्योग तथा व्यापार क्षेत्रमा रहेका छन् । पशुपालन तथा अन्य स्वरोजगार क्षेत्रमा एकदमै मानिसहरु लागेका देखिन्छन । कृषि तथा पशुपालनको लागि उर्भर भूमि भएता पनि पुर्ण रुपमा कृषि पेशा अपनाउने संख्या कम देखिन्छ। साथै कृषिलाई ब्यवसायिक भन्दा पनि निर्वाहमुखी मात्र बनाउदा पनि यस क्षेत्रमा सम्भावना भए अनुसारको मात्रामा कृषि पेशा अंगाल्ने संख्या कम नै देखिन्छ । कृषि पेशामा वडा नम्बर ५ मा धेरै मानिसहरु लागेका देखिन्छ जुन वडा नम्बर १ मा एकदमै थोरै मात्र रहेको छ ।

| **पेशा** | **वडा नम्बर** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| ज्याला/मजदुरी | २२६८ | १०९६ | १६०३ | १५७९ | १३२१ | १०७३ | ७४५ | ११९६ | ११९७ | १४५० |
| उल्लेख नगरिएको | ७३४ | ११७१ | ८१५ | १५१८ | ४९५ | १६१९ | १०९८ | ६७५ | ९४८ | २१४४ |
| उद्योग, व्यापार, कृषि | १८६ | ८९७ | ५३४ | ७८८ | १८८४ | १२०८ | ३२९ | ७४३ | ७११ | ३४० |
| व्यापार | ९२ | ९७ | १५७ | ४२० | १३१ | १२१ | ७२ | १०४ | ३७ | ९३ |
| सरकारी नोकरी/जागिर | ६० | ७१ | ८६ | १२१ | १३५ | ९४ | ४० | ९५ | १११ | ७९ |
| गैरसरकारी नोकरी/जागिर | ७४ | ७५ | ७७ | १०९ | १०६ | १०५ | १० | ८५ | ३९ | ७५ |
| अन्य रोजगारी | १२५ | ११५ | १३१ | १९ | ३६ | ५६ | ९५ | ४६ | ६ | ९९ |
| वैदेशिक रोजगारी | ३८ | २१ | १० | १०० | ३६ | ४५ | १०८ | १६ | १० | ५२ |
| पशुपालन | 0 | २७ | ३ | १० | २९ | ४ | १५ | १ | ५ | २६ |
| जम्मा | ३५७७ | ३५७० | ३४१६ | ४६६४ | ४१७३ | ४३२५ | २५१२ | २९६१ | ३०६४ | ४३५८ |

*स्रोतः राजापुर नगरपालिका iLG Profile २०८०*

### २.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता

नगरपालिका क्षेत्र भित्रै स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको पर्याप्तता रहेको छ। ढुङ्गा, बालुवा, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरु हरेक वडाहरूको आफ्नो क्षेत्रभित्र नै उपलब्ध छन्। वडामा ढुंगाको स्रोतको लागि नगरपालिकाका सबै वडाहरुमा नदी/खोला/खहरेहरु प्रशस्तरुपमा नभएकोले पालिकाकै आफ्नै स्रोत पर्याप्त छैन र अन्य वडाहरुमा वा पालिकामा आश्रीत हुनुपर्ने देखिएको छ भने गिट्टी र बालुवा

नगरपालिकाका सबै वडाहरुमा पर्याप्त मात्रामा उपलब्ध हुन्छ। वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धी थप विस्तृत विवरण तलको तालिका-१२ मा उल्लेख गरिएको छ।

तालिका १२: स्थानीय सामग्रीहरुको उपलब्धता

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ५ | ५ | ५ | २ |
| २ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ४ | ४ | ४ | २ |
| ३ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ४ | ४ | ४ | २ |
| ४ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ३ | ३ | ३ | २ |
| ५ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ६ | ६ | ६ | २ |
| ६ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ८ | ८ | ८ | २ |
| ७ | पाइने स्थान | गेरुवा नदी | गेरुवा नदी | गेरुवा नदी | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ७ | ७ | ७ | २ |
| ८ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ८ | ८ | ८ | २ |
| ९ | पाइने स्थान | कर्णाली | कर्णाली | कर्णाली | सामुदायिक वन |
| | दुरी (कि.मि.) | ३ | ३ | ३ | २ |
| १० | पाइने स्थान | गेरुवा नदी | गेरुवा नदी | गेरुवा नदी | सामुदायिक वन |
| | दुरी (कि.मि.) | १ | १ | १ | २ |

*स्रोत: जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.६. सेवा केन्द्रहरु सम्बन्धी विवरण

राजापुर नगरपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा आधारभुत/तथा माध्यमिक विद्यालयहरु रहेका छन्। त्यसै गरी १२ वटा आधारभुत स्वास्थ्य इकाई पनि रहेका छन्। हाल स्थानीय तहको संरचना निर्माण भएपछि हरेक वडामा वडा कार्यालयहरु स्थापित भएका छन्। उक्त संघसंस्थाहरु सम्बन्धी विस्तृत विवरण तालिका-१३ र अनुसूची नं.१, SA-३ र SA-५ मा प्रस्तुत गरिएको छ।

तालिका १३: पालिकामा रहेका सेवा केन्द्रहरुको विवरण

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र, राजापुर | राजापुर न.पा. वडा न. ४ राजापुर बजार | |
| २. | दौलतपुर स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. १ , दौलतपुर | |
| ३. | नयाँगाउँ स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. २, बाला बजार | |
| ४. | बदलापुर स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. ५, बदालपुर | |
| ५. | मानपुरटपरा स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. ६, जमुनाबोझि | |
| ६. | भीमापुर  स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. ९, गोडीयाना | |
| ७. | खैरीचन्दनपुर स्वास्थ्य चौकी | राजापुर न.पा. वडा न. १०, खैरीचन्दनपुर | |
| ८. | आधारभुत स्वास्थ्य केन्द्र | राजापुर न.पा. वडा न. ३, प्रयागपुर | |
| ९. | आधारभुत स्वास्थ्य केन्द्र | राजापुर न.पा. वडा न. ७, रामपुर | |
| १०. | आधारभुत स्वास्थ्य केन्द्र | राजापुर न.पा. वडा न. ८, धोबिनपुर | |
| ११. | शहरी स्वास्थ्य केन्द्र | राजापुर न.पा. वडा न. ५ त्रिबेणीबजार | |
| १२. | नागरिक आरोग्य सेवा केन्द्र | राजापुर न.पा. वडा न. ४ राजापुर बजार | |
| १३. | खोप केन्द्र | ४३ वटा | |
| १४. | गाउँघर क्लिनिक | ४२ वटा | |
| १५. | महिला स्वास्थ्य स्वयम सेविका | १३३ जना | |
| १६. | एश्वर्य महिला जागृती बहु उद्देश्यीय सहकारी सस्था | राजापुर न.पा. १ र ३ | |
| १७. | शरद साना किसान कृषि सहकारी संस्था | राजापुर न.पा. १ र ३ | |
| १८. | असल कृषि सहकारी संस्था | राजापुर न.पा. १ र ३ | |
| १९. | ग्रीष्म साना किसान कृषि सहकारी संस्था | राजापुर न.पा. २ | |
| २०. | संयुक्त बहुउद्देश्यीय सहकारी संस्था लि. | राजापुर न.पा. ३ र ४ | |
| २१. | श्री बिन्देश्वोरी कृषि सहकारी सस्था | राजापुर न.पा. ३ र ४ | |

| | | | |
|---|---|---|---|
| २२. | संस्कृति महिला सहकारी संस्था लि. राजापुर | राजापुर न.पा. ४ संघर्स टोल | |
| २३. | श्री नवजीवन वचत तथा ऋण सहकारी संस्था लि . राजापुर | राजापुर न.पा. को सबै वडामा | |
| २४. | राजापुर बहु-उद्धेश्यीय सहकारी संस्था लि | राजापुर न.पा. ४ | |
| २५. | उत्कृष्ट महिला बचत तथा ऋण सहकारी संस्था लि. राजापुर | राजापुर न.पा. ३ र ४ | |
| २६. | शिखर कृषि सहकारी सस्था | राजापुर न.पा. सबै वडामा | |
| २७. | दिदी बहिनी साना किसान कृषि सहकारी संस्था लि. | राजापुर न.पा. ३, ४ र ८ | |
| २८. | श्री हथिया बाबा कृषि सहकारी संस्था लि | राजापुर न.पा. ५ | |
| २९. | सिद्धार्थ कृषि सहकारी संस्था | राजापुर न.पा. ५ | |
| ३०. | वसन्त साना किसान कृषि सहकारी सस्था लि | राजापुर न.पा. ६ | |
| ३१. | देलुवा कृषि सहकारी सस्था | राजापुर न.पा. ६ | |
| ३२. | कायल कृषि सहकारी संस्था | राजापुर न.पा. ६ | |
| ३३. | अगुवा कृषि सहकारी संस्था लि. | राजापुर न.पा. ६,७,८ र ९ | |
| ३४. | महर्षि जनक कृषि सहकारी सस्था | राजापुर न.पा. ६ | |
| ३५. | पुस्पान्जली साना किसान कृषि सहकारी सस्था | राजापुर न.पा. ८ | |
| ३६. | लोकप्रिय कृषि सहकारी संस्था लि. | राजापुर न.पा. ८ | |
| ३७. | सुसेली बहुमुखी सहकारी संस्था लि. | राजापुर न.पा. ३ | |
| ३८. | हाम्रो मध्यवती बचत तथा ऋण सहकारी संस्था लि | राजापुर न.पा. ८ | सेवा केन्द्र |
| ३९. | किसान बहु-उद्धेश्यीय सहकारी संस्था लि | राजापुर न.पा. ८ | सेवा केन्द्र |
| ४०. | सुसेली बहुमुखी सहकारी संस्था | राजापुर न.पा. ९ | |
| ४१. | नारी कल्याण साना किसान कृषि सहकारी सस्था | राजापुर न.पा. ९ | |
| ४२. | मातृ भुमि कृषि सहकारी सस्था | राजापुर न.पा. १० | |
| ४३. | विजयता महिला विकास बहु-उद्धेश्यीय सहकारी | राजापुर न.पा. १० | |
| ४४. | हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. | राजापुर न.पा. १० | |

| | | | |
|---|---|---|---|
| ४५. | ग्लोबल आई. एम. ई. बैक | राजापुर न.पा. ४ | |
| ४६. | कर्णाली विकास बैंक | राजापुर न.पा. ४ | |
| ४७. | एभरेस्ट बैंक लिमिटेड | राजापुर न.पा. ४ | |
| ४८. | साँग्रिला विकास बैंक | राजापुर न.पा. ४ | |
| ४९. | ज्योति विकास बैंक | राजापुर न.पा. ४ | |
| ५०. | महालक्ष्मी विकास बैंक | राजापुर न.पा. ४ | |
| ५१. | कृषि विकास बैंक | राजापुर न.पा. ४ | |
| ५२. | नेपाल बैंक लिमिटेड | राजापुर न.पा. ४ | |
| ५३. | बहुमुखी क्याम्पस ,सामुदायिक विद्यालयहरु | विवरण अनुसूची १, SA ५ मा | |

## २.७. विकास साझेदारहरु, गैह्र सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धीविवरण

यस राजापुर नगरपालिकामा सरकारी निकायहरु बाहेक अन्य दातृ निकाय/विकास साझेदारहरुले पनि विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दै आईरहेका छन्। विशेष गरि कृषि उत्पादन/बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम न्यूनीकरण लगायत सामाजिक/आर्थिक विकासका क्रियाकलापहरु आदिमा सघाउ पुर्याउदै आईरहेका छन्। पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको विवरण निम्न तालिका-१४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-४ मा उल्लेख गरिएको छ।

तालिका १४: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको विवरण

| क्र.स. | विकास साझेदार/गैह्र सरकारी संस्थाको नाम | कार्यक्रमको क्षेत्र |
|---|---|---|
| १ | रामकृष्ण थारु  जनसेवा केन्द्र गुलरिया बर्दिया | समुदाय सशक्तीकरण तथा विकास |
| २ | श्री उज्यालो बहुउद्देश्यीय सहकारी सस्था लि.टिकापुर कैलाली | सूचकांकमा आधारित बाढी बिमा कार्यक्रम |
| ३ | थारु महिला उत्थान केन्द्र गुलरिया बर्दिया | महिला हरुका लागि नेतृत्व विकास कार्यक्रम |
| ४ | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल काठमाडौं | द्वन्द प्रभावित ब्यक्ति हरुका लागि सामुदायिक समावेशी को लागि मनोसामाजिक सहयोग कार्यक्रम |
| ५ | युनिक नेपाल राजापुर, बर्दिया | शिक्षा, युवा सशक्तीकरण,थारु साहित्य र सस्कृती दीगो वातावरण मैत्री गाउँ पुस्तकालय अनुसन्धान तथा प्रकाशन भौतिक पूर्वाधार निर्माण |

| | | |
|---|---|---|
| ६ | सामाजिक विकास तथा अनुसन्धान विकास केन्द्र नेपाल बाके | बिपद व्यवस्थापन कार्यक्रम |
| ७ | अमेरिकी सहयोग नियोग, यु एस ए आइ डि तयार नेपाल काठमाडौं | बिपद व्यवस्थापन कार्यक्रम |
| ८ | कारिताश नेपाल  गुलरिया बर्दिया | नेपाल जीविकोपार्जन तथा उथान शिलता कार्यक्रम |
| ९ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दिया | विपद्जोखिम न्यूनीकरण तथा क्षमता विकास |
| १० | गेरुवा ग्रामिण जागरण संघ | शिक्षा स्वास्थ्य, खानेपानी तथासरसफाइ |
| ११ | युएसएआईडी कर्णालि जलपरियोजना | खानेपानी तथा सरसफाइ, जलाधार व्यवस्थापन |
| १२ | बाके युनेस्को क्लब | वालवालिका |
| १३ | साथि संस्था | महिला सशक्तीकरण |
| १४ | बि ग्रुप | शिक्षा |
| १५ | कमैया महिला जागरण समाज | महिला सशक्तीकरण |
| १६ | युथ नोवेसन | युवा सशक्तीकरण |
| १७ | स्याक नेपाल | विपद्जोखिम न्यूनीकरण |
| १८ | सोनाहा विकास समाज | सोनाहा समुदायको सशक्तीकरण |
| १९ | मानपुर विकास समाज | खानेपानी तथा सरसफाइ |
| २० | महिला उधमी महासंघ नेपाल | महिला सशक्तीकरण |
| २१ | वाताबरण तथा ग्रामिण विकास केन्द्र | समुदाय परिचालन |

*स्रोत: जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

माथि तालिका-८ मा उल्लेख गरिएका विकास साझेदारहरु तथा गैह्र सरकारी संस्थाहरु बाहेक नगरपालिका स्तरमा विभिन्न सामुदायिक संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु, कृषि समुहहरु/आमा समुहहरु पनि गठन भएका छन्। समुदायमा आधारित ति संस्थाहरुले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरुमा सहयोग पुरयाउदै आईरहेका छन्। यसका साथै समुदाय स्तरमा वित्तिय सेवा प्रदान गर्न २८ वटा सहकारी संस्था गठन भई समुदायस्तरमा बचत तथा ऋण लगायत लघु उद्दम प्रवर्धन मार्फत आर्थिक गतिविधिहरुलाई चलायमान बनाउन सहयोग पुर्याउँदै आईरहेका छन्। यस नगरपालिकामा

स्थापना भएका सहकारी संस्थाको विवरण तलको तालिका-१५ अनुसार रहेको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-३ मा उल्लेख गरिएको छ ।

तालिका १५: वडा अनुसार सहकारी संस्थाहरुको विवरण

| वडा न. | जम्मा सहकारी संख्या | सहकारीकोकिसिम अनुसार संख्या | | | शेयरसदस्य संख्या | | | | जम्मा शेयर पुँजी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि/बचत ऋण | बहु-उद्धेश्यीय | पेशागत/ अन्य | महिला | पुरुष | अन्य | जम्मा | |
| १ | ३ | | ३ | ० | १८९५ | १५३ | ० | २०४८ | १२५९२०० |
| २ | १ | १ | ० | ० | ८४१ | ० | ० | ८४१ | ९४२९५०० |
| ३ | २ | १ | १ | ० | २६२ | २०८ | ० | ४७० | ८८१९२०४ |
| ४ | ७ | ३ | ४ | ० | ४००२ | ३७८ | ० | ४३८० | ७४७०९००३ |
| ५ | १ | १ | ० | ० | ८८८ | ० | ० | ८८८ | १८९१६००० |
| ६ | ५ | ५ | ० | ० | १३४५ | ३६६ | ० | १७११ | १९०३३३४१ |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ५ | ४ | १ | ० | २६६८ | ६७० | ० | ३३३८ | ७७३०७५०० |
| ९ | २ | २ | ० | ० | १३९५ | १८ | ० | १४१३ | १२१५८५०० |
| १० | २ | १ | १ | ० | १००० | १२५ | ० | ११२५ | १७२५७०० |
| **जम्मा** | २८ | १८ | १० | ० | १४२९६ | १९१८ | ० | १६२१४ | २२३३५७९४८ |

*स्रोतजलउपयोग :गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

# अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग

## ३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण

राजापुर नगरपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरुको तथ्याङ्क विश्लेषण गर्दा यस पालिकामा सतह माथीको पानीका मुहान नरहेको र सतह मुनीको पानीका स्रोतहरु मात्र रहेको देखिन्छ । नगरपालिकाको भूगोल कर्णाली नदी, बुढी कुलो र गेरुवा नदीको जलाधार क्षेत्र भित्र रहेको, नगरपालिकामा पानीका स्रोतहरु विशेष गरि जलाधार तथा उपजलाधार अन्तर्गतका स-साना खोलानाला तथा नदीको क्षेत्रबाट रिचार्ज भएको देखिन्छ । खानेपानीका लागि यस नगरपालिकाका सत् प्रतिशत घरधुरीहरु भूमिगत जलस्रोतमा नै निर्भर रहेका छन् भने सिंचाइका लागि नगरपालिका क्षेत्रको अधिकांश खेतियोग्य जमिन कृष्ण नगर, नयाँ गाउ, पाताभार, दौलतपुर, झबही, खैरीचन्दनपुर, बदालपुर शाखा, भीमापुर शाखा र मुरैया शाखा सिंचाइ नहरबाट सिंचित भैरहेको छ भने केहि बस्तीहरुमा बोरिंगको माध्यमबाट सिंचाइ गर्दै आइरहेका छन् ।

## ३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण

पानीको एकिकृत तथा समुचित व्यवस्थापनका लागि विद्यमान जलस्रोतहरुको विश्लेषण महत्वपुर्ण हुने गर्दछ। जलउपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा रहेको यस अध्यायमा नगरपालिकाभित्रका पानीका स्रोतहरुको अवस्था, गुणस्तर, वर्तमान र भविष्यमा हुन सक्ने प्रयोगको विश्लेषण गरिएको छ। समुदायका मानिसहरुले आफ्ना पानीजन्य आवश्यकताहरु जस्तै: पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा व्यवसायका लागि स्रोतहरुमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, उपलब्ध पानीको गुणस्तर के कस्तो रहेको छ, पानीका भूमिगत स्रोत के कस्तो अवस्थामा रहेका छन्, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, पानी सम्बन्धी कुनै किसिमको विवाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ। राजापुर नगरपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका भूमीगत तथा सतहमा रहेका स्रोतहरुको प्राविधिक अध्ययन, जानिफकारहरुसँगको अन्तर्क्रिया तथा स्थलगत अवलोकन गरी यस अध्यायमा पानीका स्रोतहरु सम्बन्धी तथ्याङ्कहरुको विवेचना गरिएको छ ।

### ३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण

राजापुर नगरपालिका भित्र रहेका सबै पानीका स्रोतहरु भूमिगत तथा सतही स्रोतहरु प्रमुख स्रोतका रुपमा रहेका छन्। यस क्षेत्रमा रहेको भूमिगत जलस्रोतहरु तराई क्षेत्रको उत्तरी भागहरु; चुरेभावर लगायतका पहाडी क्षेत्रहरुमा हुने वर्षाले गर्दा नदी तथा खोलाहरुको रुमपा तराईमा बग्ने र त्यसैबाट पानी जमिन भित्र छिरेर (रिचार्ज) भएर भूमिगत जलस्रोतको रुपमा देखिने स्रोतहरु हुन्। नगरपालिकामा गरिएको एक अध्ययन अनुसार रिचार्ज हुने पानीको मात्रालाई हाइड्रोलोजिकल मोडेल अनुसार विश्लेषण गर्दा जमिन मुनि रहेको पानीको परिमाण पश्चिम तराइका जिल्लाहरुमा घट्दै गईरहेको र बर्दिया जिल्लाको ०.३८ मिलियन घन मिटर

प्रति बर्ष मात्रै रहेको देखिन्छ । बर्दिया जिल्लामा गहिरो जलसतह भने अरु पश्चिमी तराईका जिल्लाहरुमा भन्दा राम्रो रहेको छ जुन ३२ लि.प्र.से. देखिन्छ।

### ३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण

यस नगरपालिकाभित्र खानेपानीका लागि प्रयोग भएका विद्यमान स्रोतहरु सबै भूमिगत स्रोतहरु रहेका छन्। भूमिगत स्रोतहरुलाई व्यवस्थित योजनाका माध्यमबाट २ वटा (राजापुर खानेपानी तथा सरसफाइ आयोजना वडा न ४, कोठियाघाट खानेपानी तथा सरसफाइ योजना वडा न १०) योजना मार्फत खानेपानी वितरण गरिएको छ। साथै सिंचाइ तथा अन्य प्रयोजनका लागि  कर्णाली नदी, बुढी कुलो  र कोठिया घाटको पानी प्रयोगमा ल्याएको सामाजिक तथा प्राविधिक सर्वेक्षणमा पाईएको छ। नगरपालिका भित्र विभिन्न स्थानमा स-साना ताल तलैयाहरु समेत रहेका छन् जस्तै: नङगापुर, मुरैया, भुतहवा, जुरपानी, फत्तेपुर, अनरवा र गोनाना। नगरपालिकाको विभिन्न स्थानमा माछापालन व्यवसाय संचालनमा रहेका छन्। नगरपालिका भित्रका नदी र तालतलैयाहरुले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिरहेको र भविष्यमा जलस्रोतहरुको संरक्षण तथा पर्यटन पूर्वाधार विकास मार्फत नगरपालिकाको आन्तरिक आम्दानी बढावा गर्न सक्ने प्रशस्त संभावना रहेको छ। यस नगरपालिकाको पश्चिमी र पूर्वीक्षेत्र कर्णाली नदी रहेकोले समुदायका केही मानिसहरुले यसमा डुंगा चलाएर आन्तरिक आम्दानि अहिले  गरि रहेका छन् भने उक्त कार्यमा नया प्रविधि प्रयोग तथा व्यवस्थापन गर्न सकियमा पर्यटकलाई आकर्षित गरी थप आय-आर्जन गर्न सकिने देखिन्छ ।

### ३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा विश्लेषण

जलउपयोग गुरुयोजनाको सामाजिक तथा प्राविधिक सर्वेक्षण र राजापुर नगरपालिकाका १० वटै वडाहरुमा सम्पन्न गरिएको वडास्तरिय तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरुमा सहभागीहरुले नगरपालिका क्षेत्र भित्र प्रयोगमा आएका भूमीगत खानेपानीका स्रोतहरु गुणस्तरीय नरहेको जानकारी गराएका थिए। नगरपालिकामा गुरुयोजना निर्माण पूर्व विभिन्न निकायहरुबाट गरिएका पानी परीक्षण र नतिजाहरु समेतले पानीको गुणस्तर सन्तोषजनक नरहेको औँल्याएको नगरकार्यपालिकाको कार्यालयले जानकारी दिएको छ। राजापुर नगरपालिकासँग गरिएको छलफल पश्चात युसएएआइडी कर्णाली जल परियोजनाद्वारा राजापुर नगरपालिकाका १० वटै वडाहरुमा गरि जम्मा २४३ वटा संस्थागत र घरधुरीहरुको ट्युबवेलको पानी नमूनाको रुपमा परीक्षण गरिएको थियो। पानीको गुणस्तर सम्बन्धमा बिगतमा विभिन्न अनुसन्धानकर्ता व्यक्ति/संस्थाहरुबाट गरिएका अनुसन्धान/अध्ययन प्रतिबेदन अनुसार पनि नेपालका तराईका जिल्लाहरुमा मानव स्वास्थ्यका लागि हानिकारक रासायनिक पदार्थहरु तथा जैविक किटाणुहरु पानीमा रहेको भन्ने देखिएको छ। विशेषगरि मानव स्वास्थ्यका लागि एकदमै हानिकारक रासायनिक पदार्थ जस्तै; आर्सेनिक बर्दिया जिल्लामा पनि १०-५० भाग प्रति १०० करोड (10-50 parts per billion[8]) देखिएको र जुन मात्रा खानेपानी प्रयोजनका लागि उपयुक्त नहुने भन्ने देखिएको छ।

दिगो विकासका लक्ष्य, नेपाल सरकारको क्षेत्रगत योजना र राजापुर नगरपालिकाको प्रतिवद्धता अनुसार मानव स्वास्थ्यका लागि हानिकारक कुनै पनि पदार्थ पानीमा नमिसिएको सुरक्षित खानेपानी पुर्‍याउने लक्ष्य

---


8 *स्रोत: ठाकुर, जे.के., आदि, २०११: Arsenic Contamination of Groundwater in Nepal -An Overview,  Water 2011, https://doi.org/10.3390/w3010001)*

अनुरुप जलउपयोग गुरुयोजना निर्माणका क्रमका खानेपानीको गुणस्तर सम्बन्धी वडा र नगरपालिकास्तरमा संचालन गरिएका तालिम तथा गोष्ठीहरुमा छलफल गरिएको छ। साथै खानेपानी योजनाहरुको तर्जुमा, सेवा बिस्तार गर्दा खानेपानी सुरक्षित भए नभएको एकिन गर्ने र सोका लागि पानी परीक्षणलाई अनिवार्य लागु गर्ने, खानेपानी योजनाको निर्माण चरणमा खानेपानी सुरक्षा योजना लागु गर्नुका साथै पानी सुद्धीकरणका बिधिहरुलाई ब्यापक प्रचारप्रसार र लागु गर्ने, खानेपानी शुद्धीकरणका बिधीहरु योजना निर्माण गर्दा उपयुक्त तवरले निर्माण गर्ने लगायतका पानीको गुणस्तरका बिषयमा व्यापक छलफल गरिएको छ।

जलउपयोग गुरुयोजना तयारीका क्रममा राजापुर नगरपालिकाका सबै वडाबाट अधिकांश बस्तीहरु समेट्ने गरि १७१ वटा घरधुरीहरुको हाते ट्युबवेलहरुको रासायनिक प्यारामिटर (आर्सेनिक, आइरन, नाईट्रेट, म्याग्निज), भौतिक प्यारामिटर (पानीमा ठोस घुलनशील पदार्थको मात्रा, पिएच, विद्युतीय सम्बाह्कता र धमिलोपना) र जैविक प्यारामिटर (ई-कोली) नमूनाको रुपमा परीक्षण गरिएको छ। नमूना परीक्षणको रासायनिक र जैविक प्यारामिटरहरुको सारांश विवरण निम्न अनुसार रहेको छ।

**धमिलोपना:** नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड (NDWQS-2079[9])का अनुसार खानेपानीमा धमिलोपनाको मात्र ५ एनटियु (Nephelometric Turbidity Unit) सम्म सिफारिस गरिएको छ।

जलउपयोग गुरुयोजना निर्माणको क्रममा राजापुर नगरपालिकाका १७१ वटा घरधुरीहरुमा गरिएको नमूना परीक्षण अनुसार धमिलोपाना ५ एनटियु भन्दा कम भएका घरधुरी संख्या १२३ (७२%) रहेका छन् भने ५ एनटियु वा सो भन्दा बढी भएका घरधुरी संख्या ४८ (२८%) रहेका छन्। यसको सारांश नतिजा विवरण ग्राफ-३ मा प्रस्तुत गरिएको छ।



ग्राफ- २: नमूना परिक्षण गरिएका ट्युबवेलहरुमा धमिलोपनको अवस्था

**पिएच (Potential of Hydrogen):** नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा पिएच अर्थात् हाइड्रोजन बिभवको मात्रा ६.५-८.५ सम्म हुनुपर्ने सिफारिस गरेको छ।राजापुर नगरपालिका भित्रका १७१ वटा घरधुरीका ट्युबवेलहरुको नमूना परीक्षणबाट प्राप्त नतिजा अनुसार सबै **१७१ (१००%)** ट्युबवेलहरुको पानीमा पिएचको मात्र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको सीमा भित्रै अर्थात् ६.५-८.५ सम्म रहेको देखिन्छ। विभिन्न अध्ययनहरुले पिउनका लागि प्रयोग हुने पानीमा pH को


[9] नेपाल सरकार; राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ ( संशोधन २०७९)

मात्रा ७ सिफारीस गरेको भएतापनि नेपालका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले ६.५-८.५ सिफारीस गरेको छ।

**कुल घुलित ठोस पदार्थ ( Total Dissolved Solids)**: नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमाकुल घुलित ठोस पदार्थको मात्र १००० मिलिग्राम/लिटर हुने पर्ने सिफारीस गरेको छ। ट्युबवेलको पानीको नमूना परीक्षण गर्दा १७१ वटा ट्युबवेल मध्ये १७० वटा नमूना परीक्षणमाकुल घुलित ठोस पदार्थको मात्रा १००० मिलिग्राम/लिटर भन्दा कम रहेको पाईएको छ भने १ वटा ट्युबवेलमा मात्रै १००० मिलिग्राम/लिटर भन्दा बढी रहेको देखिएको छ।


**विद्युतीय संवाहकता (Electric Conductivity):** नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा विधुतीय सम्बाहकता १५०० माइक्रोम्स/से.मि. सिफारिस गरेको छ। यस राजापुर नगरपालिका भित्र नमूना परीक्षण गरिएका १७१ वटै ट्युबवेलहरुको पानीमा बिद्युतीय संवाहकता (Electrical Conductivity) १५०० माइक्रोम्स/ से.मि.(µs/cm) भन्दा कम रहेको पाइएको छ।

**मेन्गानीज (Manganese):** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा मेन्गानीजको मात्रा ०.२० मिलिग्राम/लिटर सिफारिस गरेको छ। राजापुर नगरपालिकाका १७१ वटा घरधुरीमा गरिएको नमूना पानी परीक्षण अनुसार १५९ (९३%) घरधुरीहरुमा ०.२० मिलिग्राम/लिटर भन्दा कम रहेको छ भने १२ (७%) घरधुरीहरुको ट्युबवेलमा मेन्गानीजको मात्रा ०.२० मिलिग्राम/लिटर भन्दा बढी रहेको पाईएको छ। सारांश विवरण ग्राफ-४ मा दिईएको छ भने बिस्तृत विवरण अनुसूची-२, TA 1 WQ मा उल्लेख गरिएको छ।




ग्राफ- ३: पानी परिक्षण गरिएका ट्युबवेलहरुमा मेन्गानिजको अवस्था


**आर्सेनिक (Arsenic) :** भूमिगत खानेपानीका स्रोतहरुमा घुलनशील रुपमा रहने रासायनिक पदार्थ आर्सेनिक मानव स्वास्थ्यका लागि एकदमै हानिकारक रहेको छ। नेपालमा तराई क्षेत्रको भूमिगत खानेपानीका स्रोतहरुमा आर्सेनिक धेरै जसो ठाउँमा रहेको देखिन्छ। नेपाल सरकार लगायत बिभिन्न निकायहरुले पनि खानेपानीको लागि भूमिगत जलस्रोतमा निर्भर हुनुपर्ने मुख्यगरि तराईका जिल्लाहरुमा र भित्रि मधेश तथा उपत्यकाहरुमा आर्सेनिक न्यूनीकरणका (Arsenic Mitigation) लागि विभिन्न प्रविधिहरु अपनाउदै आइरहेको छ। हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा पनि बर्दिया जिलाको राजापुर नगरपालिकामा १७१ वटा ट्युबवेलहरुमा आर्सेनिक परीक्षण गर्दा नेपाल खानेपानी गुणस्तर मापदण्डले खानेपानीको लागि सिफारिस गरेको ०.०५ मिलिग्राम/१०० मिलि को सीमा भन्दा बढी आर्सेनिक कुनैपनि ट्युबवेलमा नरहेको पाइएता पनि ९३ (५४%) ट्युबवेलहरुमा ०.०१ मि.ग्रा./१०० मिलि वा सो भन्दा कम, ५४ (३२%) ट्युबवेलहरुमा ०.०१ मि.ग्रा./१०० मिलि रहेको देखिएको छ भने २४ (१४% ) ट्युबवेलहरुमा ०.०२ मि.ग्रा./१०० मिलि वा सो भन्दा बढी रहेको देखिएको छ तथापी खानेपानीमा रहेको आर्सेनिकको थोरै मात्रा पनि मानव स्वास्थ्यका लागि राम्रो नहुने हुँदा आर्सेनिक न्यूनीकरणका क्रियाकलापहरु संचालन गर्नुपर्ने देखिन्छ ।



ग्राफ- ४: पानी परिक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको अवस्था


**आइरन (Iron) :** राजापुर नगरपालिकामा नमूना परीक्षण गरिएका १७१ वटा ट्युबवेलहरुमा आइरनको मात्रा परीक्षण गर्दा १३७ (८०%) ट्युबवेलहरुमा नेपाल खानेपानी गुणस्तर मापदण्डले सिफारिस गरेको सीमा (३ मिलिग्राम/लिटर) भन्दा कम देखिएको छ भने ३४ (२०%) ट्युबवेलहरुमा ३ मिलिग्राम/लिटर भन्दा बढी रहेको देखिएको छ, जुन पिउने प्रयोजनका लागि प्रयोग हुने खानेपानीका लागि सिफारिस गरिएको मात्रा भन्दा बढी रहेको छ ।

**नाईट्रेट (Nitrate):** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा नाईट्रेटको अधिकतम् मात्रा ५० मिलिग्राम/लिटर हुनुपर्ने सिफारिस गरेको छ। यस राजापुर नगर पालिकामा नमूना परीक्षण गरिएका १७१ वटा ट्युबवेलहरुमा पानी परीक्षण गर्दा १३८ (८१%) मा सिफारिस गरिएको मात्रा भन्दा कम रहेको र ३३ (१९%) मा सिफारिस गरिएको अधिकतम मात्रा भन्दा बढी रहेको देखिएको छ।




ग्राफ- ६: पानी परिक्षण गरिएका ट्युबवेलहरुमा नाईट्रेटको अवस्था

**ई-कोली (E-coli)** : राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार खानेपानीका लागि प्रयोग गरिने खानेपानी कुनै पनि जैविक पदार्थ/किटाणुहरु रहित हुनुपर्ने हुन्छ अर्थात् खानेपानीमा ई. कोली को मात्रा (सी.एफ.यु./१०० मि.लि.) शुन्य हुनुपर्ने सिफारिस गरेको छ। राजापुर नगर पालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा नमूना परीक्षणको रुपमा १७१ वटा ट्युबवेलहरुको पानी परीक्षण गर्दा ८१% ट्युबवेलहरुमा ई-कोलीको मात्रा शुन्य रहेको छ भने १९% ट्युबवेलहरुमा २-३५ सम्म गणना गरिएको छ। यसको सारांश विवरण ग्राफ-७ मा प्रस्तुत गरिएको छ। भूमिगत खानेपानीका स्रोतहरुमा ई-कोली भेटिनुको कारणहरुमा शौचालयको खाडल र ट्युबवेलको दुरी, ट्युबवेलको गहिराइ कम हुनु, शौचालय खाडलको उपयुक्त तवरले निर्माण नहुनु, फोहोर पानीको उपयुक्त निकासको व्यवस्थापन नहुनु, समुदायका अस्वस्थ्य व्यवहार र आनीबानी आदि रहेका छन्।




ग्राफ- ७: पानी परिक्षण गरिएका ट्युबवेलहरुमा ई-कोलिको उपस्थिति

माथिको परीक्षण नतिजा अनुसार भौतिक, रासायनिक र जैविक रुपले खानेपानी प्रयोजनका लागि घरधुरीस्तरमा प्रयोग भईरहेका ट्युबवेलहरुको पानी एकदमै प्रदुषित नरहेको पाइएता पनि दिगो बिकास लक्ष्य (२०१६-२०३०), नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत योजनाको लक्ष्य सुरक्षित खानेपानीको गुणस्तर निर्धारित मापदण्ड अनुसार हुनेपर्ने र ई-कोलिको मात्र शुन्य हुनुपर्ने रहेको तर परीक्षण

गरिएका ट्युबवेलहरुमा सिफारिस मात्रा भन्दा बढी देखिएको हुँदा त्यस्ता घरधुरीहरुमा व्यवस्थित खानेपानी योजनाबाट खानेपानी आपूर्तिको पहुँच सुनिश्चित गर्ने र पहुँच नपुगेका घरधुरीहरुमा पानी शुद्धीकरणका उपायहरु अपनाउन घरधुरीस्तरमा जनचेतना जगाउनु पर्ने देखिन्छ।

### ३.२.४. स्रोतहरुको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावित उपयोगको आधारमा विश्लेषण

खानेपानीका लागि यस राजापुर नगरपालिकामा भूमिगत जलस्रोतहरुको मात्रै प्रयोग भएको छ।भूमिगत स्रोतहरुलाई लिफ्ट प्रविधिबाट तानेर आकासे ट्यांकी निर्माण गरि २ वटा योजना मार्फत २७१ घरधुरीमा मात्र खानेपानी वितरण गरेको छ भने ५०८४ घरधुरीहरु हाल निर्माणाधीन खानेपानी योजनाबाट लाभान्वित हुने र बाँकी रहेका ९,२०१ घरधुरीहरुको खानेपानीको प्रमुख स्रोत ट्युबवेल मात्र रहेको देखिन्छ । नगरपालिका क्षेत्रमा खानेपानीका लागि भूमिगत स्रोत मात्रै रहेको हुदा हाल विद्यमान खानेपानी योजनाको सेवा क्षेत्र विस्तार, पानीको गुणस्तर सुधारका लागि प्रशोधन प्लान्ट जडान, निर्माणधिन योजनाहरुमा पनि पानीको गुणस्तर सुरक्षाका प्रविधि जडानका साथसाथै नँया प्रस्तावित योजनाहरुबाट समेत धेरै भन्दा धेरै घरधुरीहरुलाई सेवा प्रवाह हुन सक्ने र गुणस्तर कायमका साथ योजना तर्जुमा गर्नु पर्ने देखिन्छ।

## ३.३. विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

यस नगरपालिकामा विद्यमान जम्मा २ वटा ओभरहेड लिफ्ट पाइप प्रणाली मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुले खानेपानी योजनाहरु व्यवस्थापन गरिरहेका छन्। जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका अन्तरक्रिया र वस्तुस्थिति विश्लेषणका साथै NWASH को तथ्याङ्कबाट सँचालनमा रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था नाजुक रहेको पाईन्छ। विद्यमान २ वटै खानेपानी योजनाबाट २८१ घरधुरी लाभान्वित भएका छन,जुन नगरपालिकाको जम्मा घरधुरीको १.९३% हुन जान्छ, भने राजापुर नगरपालिकामा हाल निर्माणाधीन अवस्थामा रहेका ५ वटा खानेपानी योजनाहरुबाट ५०८४ घरधुरी अर्थात ३४.९२% घरधुरीहरु लाभान्वित हुने देखिन्छ।

जलउपयोग गुरुयोजना निर्माणको अवधिमा सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण गर्दा संरचना निर्माण भइ खानेपानी वितरण गरिएको भएता पनि हालको अवस्था हेर्दा योजनामा निर्माण भएका संरचनाहरु सुरक्षित संचालनमा नरहेको हुँदा सबै खानेपानी योजनाहरुलाई आधारभूत सुबिधा भएका योजनाहरुको शीर्षकमा राखिएको छ। विद्यमान योजनाहरुमा उपभोक्ता समिति गठन भएता पनि योजनाको संस्थागत व्यवस्थापन तथा मर्मत सम्भार कोष स्थापना र पानी सुरक्षाका उपायहरु नअपनाएका कारण योजनाबाट उपभोक्ताले व्यवस्थित सेवा प्राप्त गरेका छैनन् । राजापुर नगरपालिकाको वडा र नगरपालिका तहमा गरिएका योजना तर्जुमा गोष्ठीहरुमा खानेपानी सुबिधाको विस्तार, ओभरहेड ट्यांकीहरु थप मागका गर्नुका साथै पानी प्रशोधन प्लान्टको बारेमा छलफल र तर्जुमा गरिएको छ। विद्यमान खानेपानी योजनाहरुको अवस्था सम्बन्धी विस्तृत विवरण अनुसूची-४ को SA-७ र TA-२ मा उल्लेख गरिएको छ।

तालिका १६: विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

| वडा नं. | सेवा क्षेत्रका घरधुरी | प्रयोग गरिएका श्रोत | संचालन अवस्था | निर्माणाधिन योजना | कैफियत |
|---|---|---|---|---|---|

| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षीत स्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३५७ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | १२९६ | ० | ० | ० | ० | ० | ० | १ | १२९६ | |
| ३ | १३७५ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | १८७५ | ० | १ | ० | ० | १ | ० | २ | १६५० | |
| ५ | १४५२ | ० | ० | ० | ० | ० | ० | १ | ४९८ | |
| ६ | १४११ | ० | ० | ० | ० | ० | ० | १ | १४११ | |
| ७ | ९४० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | १२०४ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ९ | १०७२ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १० | १६०५ | ० | १ | ० | ० | १ | ० | ० | ० | |
| **जम्मा** | **१३५८७** | **०** | **२** | **०** | **०** | **२** | **०** | **५** | **४८५५** | |

*स्रोत : जल उपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## ३.३.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजनाको सर्वेक्षणका समय गरिएका बस्ती भेटघाट र तथ्याङ्क प्रमाणीकरण कार्याशालाहरुमा आएको जानकारी र तथ्याङ्कहरुको विश्लेषण गर्दा नगरपालिकाका कुल १४५५६ घरधुरीहरू मध्ये करिब १९३.% घरधुरीहरु विद्यमान खानेपानी योजनाहरुबाट लाभान्वित भएको पाइन्छ । विद्यमान खानेपानी योजनाहरुबाट वडा नं. ४ का अनन्तपुर गाउराजापुरप्रहरीटोल ,राजापुर बजार , र टेडीया टोल रवडा नं. १० का झपटी गिदरपुर र नर्सरी पुर्वका ,बस्तीहरुका समुदायहरुले खानेपानी सेवा प्राप्त गरिरहेका छन्। विद्यमान खानेपानी योजनाहरुबाट लाभान्वित घरधुरी तथा जनसंख्याको विस्तृत विवरण अनुसूची-४ को SA-७ र TA-२ मा उल्लेख गरिएको छ ।

### ३.३.२. विद्यमान योजनाहरुको सञ्चालनको अवस्था


यस नगरपालिकामा रहेका विद्यमान खानेपानी योजनाहरु योजनाबद्ध तरिकाले तथा निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण गरिएको भएता पनि मर्मत सम्भारको आवश्यक व्यवस्था नभएको र योजनाहरुमा पानी सुरक्षा योजना लागु नगरिएको अवस्था रहेको छ। जलउपयोग गुरुयोजनाको सर्वेक्षणका समय गरिएका बस्ती भेट र स्रोत तथा संरचनाहरुको स्थलगत अवलोकन गर्दा गुणस्तरका आधारमा योजनाबाट वितरित खानेपानी पनि पूर्णरुपमा सुरक्षित रहेको देखिँदैन। सञ्चालनमा रहेका योजनाहरुले योजना क्षेत्रका सबै

घरधुरीहरुलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ।विद्यमान योजनाहरुमा पानी शुद्धीकरण सम्बन्धी यथेष्ट संरचना नभएको र विभिन्न कारणले खानेपानी प्रणाली दूषित हुने सम्भावना रहेको देखिन्छ । विद्यमान खानेपानी योजनामा अन्य व्यवस्थापकीय पक्षहरु हेर्दा उपभोक्ता समितिको बैठक नियमित नबस्ने र पानीको महसुल पनि उठ्ने गरेको पाईंदैन। योजनाको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गराई कार्य सञ्चालन गर्ने, नियमित रुपमा पानी शुल्क सङ्कलन गर्ने, उपभोक्ता समितिको वार्षिक साधारण सभा बैठक लगायत सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु आगामी दिनमा गर्नुपर्ने देखिन्छ ।

नगरपालिका भित्र सेवा नपुगेको क्षेत्रमा नयाँ खानेपानी योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान खानेपानी योजनाको अवस्था विश्लेषण गरी मर्मतसम्भार, पानी सुरक्षा/शुद्धीकरण तथा दिगोपनाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको सरोकारवालाहरुको बुझाई रहेको छ।

### ३.३.३. विद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको अवस्था विश्लेषण

राजापुर नगरपालिकाकाकुल १३५८७ घरधुरीहरुको विद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको विश्लेषण गर्दा करिब १.९९% घरधुरीहरुमा मात्रै खानेपानी प्रणालीको सुबिधा पुगेको देखिन्छ भने बाँकी ९८.०१% घरधुरीहरुमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको छैन । खानेपानी सुबिधाको पहुँच पुगेका घरधुरीहरु मध्ये नेपाल सरकारको खानेपानीसँग सम्बन्धित मापदण्ड अनुरुप घरधुरीहरुमा पानीको गुणस्तर आधारभूत सुबिधाको रहेको देखिन्छ । पालिकामा खानेपानीको सुबिधास्तरको सारांश विश्लेषण वडागत सुबिधास्तर विवरण (घरधुरी)ग्राफ-८ मा दिइएको छ ।




ग्राफ- ८: विद्यमान खानेपानी योजनाहरुको सुबिधस्तर

### ३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण

NWASH प्लान तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएका तथ्याङ्कहरु हेर्दा यस राजापुर नगरपालिकामा ५ वटा निर्माणाधीन खानेपानी योजनाहरु रहेका छन् । निर्माणाधीन योजनाहरुबाट करिब ५०८४ घरधुरीहरुमा व्यवस्थित खानेपानी सेवा सुचारु हुने देखिन्छ । निर्माणाधीन खानेपानी योजनाका

लाभान्वित घरधुरीहरुमा निजी धारा समेत जडान हुने हुँदा खानेपानी ब्यवस्थित तरिकाले वितरण हुने अपेक्षा गर्न सकिन्छ।

निर्माणाधीन खानेपानी योजनाहरुको सेवाक्षेत्रको विश्लेषण गर्दा वडा नं ४ मा रहेको राजापुर खानेपानी तथा सरसफाइ योजनाबाट वडा नं ४ का सँगर्षनगर वाहेकका टोलहरु जस्तै: राजापुर बजार, कुशाही, शान्तिपुर, दलइ, राजापुर गाउ, अनन्तपुर, सर्जु भिम्मापुर, घुम्रा गोलाहन टोल र शान्तिपुर (मुक्त कमैया) टोल र वडा नं ६ मा रहेको टपरा खानेपानी तथा सरसफाइ योजनाबाट वडा नं ६ का जोगिपुर, पहाडिपुर, टपरा बजार, गोलानदी बिन्द्रानदी, उदयपुर, झपटी, सोइली, बिक्रमपुर, महुवा दक्षिणपुर, मानपुर मादेउली उत्तरपूर, जमुना बोझि, टपरा र सिरिपुर टोल घरधुरी लाभान्वित हुने देखिन्छ ।

त्यसै गरि वडा नं ५ मा निर्माणाधीन सिंहबाहिनी खानेपानी तथा सरसफाइ योजनाबाट वडा नं ५ का निहालपुर, कृष्णनगर, खल्ला जयपुर, श्रीपुरटोल, पिपलपुर, झपटी, काटी, बड्काभौरा, जयपुर, छोड्की भौरा, बसन्ताक, बसन्ता ख, पहाडीपुर र बदालपुर, वडा नं २ मा निर्माणाधीन बाला बजार खानेपानी तथा सरसफाइ योजनाबाट दक्षिण नयाँ गाउ, उत्तर नयाँगाउ, जोतपुर, बलाबजार, ग्वारी, सुकुम्बासी टोल, मैला बरगढ़ी, चैनपुर, सोहरिया, तल्ला बरगढ़ी र बिचकाबरगढ़ी र वडा नं ४ मा निर्माणाधीन रहेको संघर्स नगर खानेपानी तथा सरसफाइ योजना बाट वडा नं ४ को सँगर्ष नगर टोल काघरधुरी लाभान्वित हुने देखिन्छ । वडागत रुपमा निर्माणाधीन खानेपानी योजनाहरुको संख्या, लाभान्वित हुने घरधुरी र जनसंख्या विवरण अनुसूची- ६ को OT-१ मा दिइएको छ।

## ३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१. बस्तीहरुको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

राजापुर नगरपालिका र साबिकका गाविस खुल्ला दिसामुक्त भइसकेको भएतापनि हाल सबै घरधुरीहरुमा शौचालय रहेको छैन। NWASH सर्वेक्षणको क्रममा ८७% (१२७१०) घरधुरीहरुमा गरिएको सर्वेक्षण अनुसार लगभग १३% (१९०९) घरधुरीहरुमा शौचालय नभएको भेटिएको छ। शौचालय भएका घरधुरीहरु मध्ये पनि ८४% घरधुरीहरुमा मात्रै सुधारिएको शौचालय भएको र बाँकी १६% घरधुरीहरुमा खाल्डे शौचालय वा अस्थाई प्रकारका शौचालयहरु रहेका छन्। मुख्यतः शौचालय नहुनुको कारण अलग्गिएका धरघुरीहरुले शौचालय नबनाउनु र बिग्रे भत्केका शौचालयहरुलाई मर्मत सम्भार तथा पुनर्निर्माण नगर्नुरहेको छ। निर्माण भएका शौचालयहरु मध्ये पनि उपयुक्त मर्मत सम्भार अभावका कारण प्रयोग वीहिन अवस्था भएको देखिन्छन् । नगरपालिका भित्र सर्वेक्षण गरिएका केही घरधुरीहरुमा सामाजिक कुरीतिहरु, अशिक्षा आदिकारणले महिनावारी भएको बेला महिलाहरुलाई शौचालय प्रयोग गर्न नदिने गरेको भन्ने पनि बस्तीस्तरको आमभेला र छलफलबाट देखिएको छ। नगरपालिकाका करिब ६०% प्रतिशत भन्दा बढी घरधुरीहरुले पशुपालन गरि राखेको र गोठेमल व्यवस्थापनको अवस्था ब्यवस्थित रहेको पाईन्छ। यस नगरपालिकाको मानिसहरु बस्ने आवासीय भवन भन्दा अलि टाढा सानो वा अस्थाई संरचना निर्माण गरी गोठको रुपमा प्रयोग हुने र पशुपंक्षी पालन गरिने साथै हिउदको समयमा पनि घरआगन भन्दा टाढा पशु चौपाया बाँधेर पालन गर्ने भएकाले गोठेमलसँग सम्बन्धित सरसफाइ व्यवस्थापन गरेको देखिन्छ। सरसफाइका अन्य महत्वपुर्ण भागहरु अन्तर्गत भाडा सुकाउने चाङ्ग र फोहोर फाल्ने खाडलहरु व्यवस्थापन पनि केहि घरधुरीहरुमा गरेको देखिन्छ। आगामी

दिनहरुमा नगरपालिकामा घरायसी तथा ब्यक्तिगत सरसफाइका क्रियाकलापहरु निर्माण र सचेतना लगायतका सामाजिक परिचालन गतिविधिहरुमा नगरपालिका लगायत अन्य सरकोकारवालहरुले प्राथमिकता दिनुपर्ने देखिन्छ। बुँदागत रुपमा घरायसी सरसफाइको अवस्था तालिका-१७ मा प्रस्तुत गरिएको छ।

तालिका १७: वडागत घरायसी सरसफाइको अवस्था विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | चाङ्ग जुठ्यान भएका संख्या | व्यवस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका | व्यवस्थित पशुपालन र गोठे मल व्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १ | १२७१ | १०१९ | १०१९ | ८७५ | ९३६ | १२४९ | १०१९ | ५६२ | छैन | |
| २ | १२९४ | ११४३ | ११४३ | १२७९ | ९१८ | १२६६ | ११४३ | ५७० | छैन | |
| ३ | १२३३ | १०७८ | १०७८ | १२०७ | ९८९ | १२२४ | १०७८ | ५५१ | छैन | |
| ४ | १७५३ | १५३१ | १५३० | १०४७ | ६०८ | १३६५ | १५३१ | ६१४ | छैन | |
| ५ | १४४१ | १२७३ | १२७३ | १४३३ | ९४६ | १३९७ | १२७३ | ६२९ | छैन | छ |
| ६ | १२४२ | १००६ | १००६ | १२४१ | ९१९ | १२३३ | १००६ | ५५५ | छैन | |
| ७ | ८२३ | ६४२ | ६४१ | ७९४ | ३६७ | ६७७ | ६४२ | ३०५ | छैन | |
| ८ | १०८३ | ८१० | ८१० | ९९१ | १०५२ | १०७७ | ८१० | ४८५ | छैन | |
| ९ | १०९८ | १०३० | १०३० | १०९३ | ७५८ | ९९२ | १०३० | ४४६ | छैन | |
| १० | १४७२ | १२६९ | १२६९ | १४५१ | १३६५ | १४४२ | १२६९ | ६४९ | ...छैन | |
| **जम्मा** | **१२७१०** | **१०८०१** | **१०७९९** | **११४११** | **८८५८** | **११९२२** | **१०८०१** | **५३६५** | | |

*स्रोत :NWASH सर्वेक्षण , २०७८*

## ३.४.२. विद्यालय तथा सार्वजनिकसार्वजनिक स्थलहरुको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । विधार्थीहरु परिवर्तनका वाहक भएकाले विधालयमा भएका सरसफाइ तथा स्वच्छताका सुविधाको प्रयोगले उनीहरुको बानी पर्न गइ घर तथा समुदाय तहमा पनि सरसफाइ र स्वच्छता कायम गर्न र व्यवहार परिवर्तन गर्न सजिलो हुन्छ । यस नगरपालिकामा जम्मा ३६ वटा विद्यालयहरु रहेका छन् जसमध्ये सुरक्षित खानेपानी ३६ वटा (१००%), शौचालय ३६ (१००%) वटै, साबुनपानीले हात धुने व्यवस्था ३६ वटा

(१००%) र ठोस फोहोर संकलन र व्यवस्थापन ३६ (१००%) विद्यालयहरुमा रहेको देखिन्छ। नगरपालिकाका सबै विद्यालयमा खानेपानीको व्यवस्था भएको देखिएता पनि नेपाल सरकारको मापदण्ड अनुरुप विद्यार्थीको अनुपातमा आवश्यक पर्याप्त पानीको परिमाण कुनै पनि विद्यालय भएको देखिदैन।

वडा तथा नगरपालिका कार्यालयहरुमा रहेको खानेपानी तथा सरसफाइ अवस्थाको तथ्याङ्क अनुसार १० वटा वडा कार्यालय र नगरपालिकाको कार्यालय गरि ११ वटा कार्यालय मध्ये सबैमा खानेपानी, शौचालय र साबुनपानीले हात धुने व्यवस्था उपलब्ध रहेको, खानेपानी शुद्धीकरणका लागि केहि वडाहरुमा फिल्टरको व्यवस्था गरेको देखिन्छ भने ठोस फोहोर व्यवस्थापन र दिसाजन्य लेदो पदार्थको व्यवस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ। विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तालिका-१८ मा उल्लेख गरिएको छ।

तालिका १८: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालय को व्यवस्था भएका | साबुन पानीले हातधुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ | ० |
| विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | ० |
| विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ० |
| विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ० |
| विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ | ० |
| विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ० |
| विद्यालय | २ | २ | २ | २ | २ | २ | ० |
| विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ | ० |
| विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ | ० |
| विधालय | ४ | ४ | ४ | ४ | ४ | ४ | 0 |
| जम्मा : | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| प्रतिशत : | | | **१००%** | **१००%** | **१००%** | **१००%** | **०%** |
| **वडा तथा नगरपालिका कार्यालयको सरसफाइ अवस्था** | | | | | | | |
| वडाकार्यालय | १० | १० | १० | १० | १० | १० | ० |
| नगरपालिका | १ | १ | १ | १ | १ | १ | ० |
| **जम्मा :** | **११** | **११** | **११** | **११** | **११** | **११** | **११** |

*स्रोत :NWASH सर्वेक्षण, २०८०*

यस राजापुर नगरपालिकामा जम्मा ११ वटा स्वास्थ्य संस्थाहरु रहेको देखिन्छ । जसमध्ये सुरक्षित खानेपानी ११वटा संस्थाहरुमा, शौचालयको व्यवस्था ११ वटा स्वास्थ्य संस्थाहरुमा रहेको देखिन्छ तर राजापुर नगरपालिकाको सरकारी स्वास्थ्य संस्था बाहेक अरु कुनै पनि संस्थाहरुमा ठोस तथा तरल फोहोर व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापन राम्रो सँग व्यवस्थापन गरेको पाइँदैन। यसको संख्यात्मक विवरण तालिका-१९ मा दिइएको छ।

तालिका १९: स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुनपानीले हातधुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्था(सरकारी) | १० | ११ | ११ | ११ | ११ | ११ | ११ |
| **जम्मा:** | १० | ११ | ११ | ११ | ११ | ११ | ११ |

*स्रोत :NWASH सर्वेक्षण , २०७८*

### ३.४.३. वातावरणीय सरसफाइको अवस्था

जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएको छलफल तथा अन्तरक्रियाका आधारमा राजापुर नगरपालिकाको वातावरणीय सरसफाइको अवस्था हेर्दा नगरपालिकामा बढ्दै गईरहेको जनसंख्याको चाप, राजापुर बजारमा भएको सार्वजनिक सौचालय पनि प्रयोगमा नआउनु र कोठियाघाट देखि कर्णाली पुल सम्मको ११ कि.मि. हुलाकी राजमार्ग भएकोले मानिसहरुको आवागमन बढ्दा बाटोघाटो र सार्वजनिक स्थलहरुमा ठोस तथा तरल फोहोर पदार्थहरु थुप्रिने क्रम बढ्दै गईरहेको छ। समस्याहरुको समाधानका लागि अति आवश्यक सार्वजनिक स्थानहरुमा शौचालयहरुको निर्माण र शौचालय निर्माण भएको स्थानमा उचित व्यवस्थापन र मर्मतसम्भार र नयाँ शौचालय निर्माणका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। हाल नगरपालिकाको वडा नं राजापुर बजारमा ४ .सार्वजनिक शौचालय रहेता पनि शौचालयको व्यवस्थापन एकदम नाजुक रहेको छ । तसर्थ बजारको ठोस फोहोर व्यवस्थापनको लागि बजार बासिमा सरसफाइको सचेतना अभिबृधि गर्ने र सार्वजनिक शौचालयललाई मर्मत सम्भार गरि प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।

त्यसैगरि ठोस फोहोरको व्यवस्थापनका लागि नगरपालिकामा हालसम्म ल्याण्डफिलसाइटको शुरुवात गरेको पाइएको छैन। त्यसको लागि नगरपालिकामा रहेका बजार क्षेत्रहरुमा ठोस फोहोर सङ्कलन, ढुवानीको व्यवस्थापन गर्नुका साथै घरधुरीबाट फोहोर सङ्कलनकै क्रममा बर्गिकरण हुने गरी प्रयोग नै घटाउने )Reduce), पुनरप्रयोग )Reuse) र पुनचक्रण) Recycle) को लागि कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ। फोहोर व्यवस्थापनका लागि राजापुर नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन २०७९ मा पनि कानुनी प्रयोजन गरिएको छ।

### ३.४.४. दिसाजन्य लेदो, ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान अवस्था

यस नगरपालिका क्षेत्रमा बढ्दै गइरहेको सहरीकरण, बाहिरबाट बसाई सरेर आउने जनसंख्याको चाप र हुलाकी राजमार्गमा बढ्दै गइरहेको यातायात आवागमनले गर्दा बाटोघाटो र सार्वजनिक स्थलहरूमा ठोस तथा तरल फोहोर पदार्थहरू थुप्रिने क्रम बढ्दै गइरहेको छ। नगरपालिका क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि सार्वजनिक स्थानहरूमा शौचालयहरूको निर्माण र निर्माण भएको ठाउँहरूमा उचित व्यवस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्नु पर्ने योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा छलफल गरिएको छ ।

नगरपालिका क्षेत्रमा संचालित स-साना अन्य उद्योगहरूले पनि पानी, वायु र ध्वनि प्रदुषित भएको पाईन्छ। राजापुर नगरपालिकाले नीतिगत रूपमा वातावरण संरक्षण सम्बन्धी नीति, योजना/कार्य योजना तथा कार्यविधिहरू (स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना, नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन आदि) निर्माण गरि कार्यान्वयनको चरणमा रहेका छन् । राजापुर नगरपालिकाले दिसा जन्य लेदो व्यवस्थापन तथा ठोस फोहोर व्यवस्थापनको लागि प्रशोधन केन्द्र र ल्याण्ड फिल साइटको आवश्यकता महसुस गरि विकास साझेदारसँगको सहकार्यमा  प्राविधिकीय द्दस्टीकोणले उपयुक्त स्थानको खोजीकार्य गरि रहेको मा वडा न ८ स्थित चिहानडाडा उपुक्त स्थान देखिन्छ ।

**सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि आनीबानी तथा व्यवहार परिवर्तन**

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार, टोल, समुदाय तथा नगरपालिका स्तरमा निश्चित व्यवहारहरुको परिवर्तन जरुरी देखिएको छ। नगरपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागि थप क्रियाकलापहरु सञ्चालन गर्नपर्ने आवश्यकता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग

२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन, अनुकूलन तथा विपद जोखिम व्यवस्थापन

३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता

४) वातावरणीय स्वच्छता

५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

तालिका २०: गतिविधि तथा सुझावहरु

| क्र.स | ब्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षितवर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धीकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिकनिकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवाक्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघ संस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा विभिन्न सूचना मूलक सामग्री |
| २ | वास (खानेपानी. सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिकनिकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवाक्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघ संस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, प्रदर्शनी (हाटबजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देश मूलक सामग्री, विधालय तथा समुदायस्तरीय प्रतियोगिताहरु |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, समुदाय तथा नगरपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघ संस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाटबजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदायस्तरीया प्रतियोगिताहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पानीको उत्पादनशिल तथा बहुप्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, नगरपालिका , कृषक समूह तथा विकास साझेदारहरु | बाल तथा युवाक्लव, आमा समूह, कृषिसमूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघ संस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाटबजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देश मुलक सामग्री, विधालय तथा समुदायस्तरीय प्रतियोगिताहरु |
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, नगरपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषिसमूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघ संस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, प्रदर्शनी (हाटबजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विधालय तथा समुदायस्तरीय प्रतियोगिताहरु |
| ६ | जलवायू अनुकूलनतथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | नगरपालिका, विधालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, नगर प्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघ संस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, प्रदर्शनी (हाटबजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देश मूलक सामग्री, विधालय तथा समुदायस्तरीय प्रतियोगिताहरु, जोखम पूर्व सूचना प्रणाली |

## ३.५. विद्यमान सिंचाइ योजनाहरुको अवस्था विश्लेषण

### ३.५.१. विद्यमान सिंचाइ योजनाहरु र सेवा क्षेत्र

यस नगरपालिकाको कुल भू-भाग १२७.०८ बर्ग कि.मि. रहेको छ। उक्त भू-भाग मध्ये खेतीयोग्य जमिनको भू-भाग करिव ८१% रहेको छ। राजापुर नगरपालिकामा विद्यमान १ मुख्य कुलो, ११ वटा शाखा कुलो र ९२ वटा प्रशाखा कुलो सिंचाइ योजनाहरु रहेको छन् भने ५५ वटा डिप बोरिंग सिंचाइ योजना रहेका छन्। ती विद्यमान सिंचाइका योजनाहरुबाट १२७२६ घरधुरीहरुको करिब  ९६६६ हेक्टर अर्थात कुल खेतियोग्य भू-भाग मध्ये करिब ९४% जमिन सिंचित भइरहेको छ।

सिंचाइ योजनाहरुको साराशं विवरण तलको तालिका-२१ मा दिएकोछ भने विस्तृत विवरण अनुसूची-५, SA-८ र SA- ९ मा प्रस्तुत गरिएको छ ।


तालिका २१: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (हेक्टरमा)

| वडानं. | विद्यमान सिंचाइ योजनाहरुको विवरण | | | | निर्माणाधीन सिंचाइ योजना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | |
| | संख्या | सेवाक्षेत्र (हेक्टर) | योजना संख्या | सेवाक्षेत्र (हेक्टर) | योजना संख्या | सेवाक्षेत्र (हेक्टरमा) | योजना संख्या | सेवाक्षेत्र (हेक्टरमा) | |
| १ | **९** | ६०२ | **४** | **२६** | ० | ० | ० | ० | |
| २ | **९** | ६०७ | **०** | **०** | ० | ० | ० | ० | |
| ३ | **१६** | ११११९ | **६** | **१६३** | ० | ० | ० | ० | |
| ४ | **८** | ५२५ | **८** | **६३** | ० | ० | ० | ० | |
| ५ | **१२** | १३८१ | **२** | **५** | ० | ० | ० | ० | |
| ६ | **९** | ६२३ | **८** | **५२२** | ० | ० | ० | ० | |
| ७ | **७** | ६२२ | **३** | **२५** | ० | ० | ० | ० | |
| ८ | **७** | ६९७ | **३** | **११** | ० | ० | ० | ० | |
| ९ | **४** | ८२४ | **६** | **३९** | ० | ० | | | |
| १० | **११** | १४६५ | **१५** | **३४७** | ० | ० | ० | ० | |
| **जम्मा** | **९२** | **८४६५** | **५५** | **१२०१** | | | **०** | **०** | |

*स्रोत: जलउपयोगगुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.५.२. विद्यमान सिंचाइ योजनाहरुको सञ्चालनको अवस्था

राजापुर नगरपालिकामा रहेका ९२ वटा विद्यमान प्रशाखा कुलो सिंचाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा सबै योजनाहरुबाट हाल सिंचाइ सुबिधा उपलब्ध भएता पनि सबै योजनाहरुमा कुलोमा चुहावट भइरहेको हुँदा सानो देखि ठूलो मर्मत समेत गर्नुपर्ने देखिएको छ। विद्यमान योजनाहरुको सामाजिक तथा प्राविधिक सर्वेक्षण अनुसार ९२ वटा विद्यमान प्रशाखा सिंचाइ योजनाहरु सबै योजनाहरु सन्तोषजनक रुपमा सञ्चालनमा रहेकाछन् । डिप बोरिंग सिंचाइका लागि नगरपालिका र विभिन्न सहयोगीबाट सहयोग प्राप्त गरेको भएपनि हाल ५५ मध्ये ४३ वटा योजनाहरु मात्र राम्रोसँग सञ्चालनमा रहेका छन् भने १२ वटा मर्मत गर्नु पर्ने देखिन्छ । यसका साथै सञ्चालनमा रहेका योजनाहरुमा मर्मत सम्भार तथा पानी बाडफाड व्यवस्थापनका लागि सिंचाइ उपभोक्ता समिति समेत गठन गरिएको र योजनाको नियमानुसार सन्तोषजनक ढंगबाट कार्यहरु गर्दै आई रहेका छन्।




ग्राफ- ९: सिंचाई योजनाहरुको सञ्चालन अवस्था

विद्यमान सिंचाइ योजनाहरुको अवस्था सारांश ग्राफ-९ मा प्रस्तुत गरिएको छ भने योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था अनुसूची-५, TA-३ मा उल्लेख गरिएको छ।

### ३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र

यस राजापुर नगरपालिकामा सिंचाइ तर्फ हाल कुनैपनि योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छैनन् ।

## ३.६.विद्यमान जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण

यस नगरपालिकामा जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण सम्बन्धी ७० वटा योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन्। ती ७० वटा विद्यमान योजनाहरुबाट राजापुर नगरपालिकाका करिब १३६८८ घरधुरीहरु लाभान्वित भइरहेका छन्। जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन, नदी कटान नियन्त्रण, तालतलैया संरक्षण, उच्चधारा निर्माण तथा सँरक्षणका योजनाहरु मध्ये वडा नं १ मा ११ वटा, वडा नं २ मा २ वटा, वडा नं ३ मा १२ वटा वडा नं ४ मा ६ वटा वडा नं ५ मा ७ वटा, वडा नं ६ मा ३ वटा, वडा नं ७ मा १० वटा, वडा नं ८ मा ३ वटा, वडा नं ९ मा ८ वटा र वडा नं. १० मा ७ वटा योजनाहरु रहेका छन्।

जलउपयोग गुरुयोजना तयारीका लागि गरिएको तथ्याङ्क संकलन तथा अवस्था विश्लेषण अनुसार यस नगरपालिकामा हालसम्म वातावरण तथा पर्यावरण सम्बन्धी योजना तथा क्रियाकलापहरु पर्याप्त मात्रामा

सञ्चालन तथा व्यवस्थापन हुन नसकेको देखिन्छ । स्थानीय स्तरमा साधन स्रोतको कमी संघ, प्रदेश र  स्थानीय सरकारको अधिकारका क्षेत्र तथा सम्बन्धित विकास सम्बन्धित कार्यालयहरुको ग्रामिण क्षेत्रमा गरिने विकास निर्माण कार्यहरुमा समन्वय अभाव जस्ता कारणले खासै उपलब्धि हासिल हुन नसकेको सरोकारवालाहरुको बुझाई रहेको छ। यसकारण आगामी दिनहरुमा क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकूलन सम्बन्धी कृयाकलापहरु अन्य आयोजनाहरुको अन्तरनिहित कृयाकलापको रुपमा समेत सञ्चालन गर्नुपर्ने देखिन्छ ।

यस बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरु माथिको अतिदोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि, अनावृष्टि र त्यसबाट सिर्जित प्राकृतिक प्रकोपहरुको संख्या नेपालमा पनि बढ्दोछ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०६७ अनुसार नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भएको देखिन्छ। नेपालले विश्वकोकुल हरित ग्याँसको करिब ०.०२५% मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावित हुँदै गइरहेको छ। यहाँ वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने तथा तिब्र वर्षा हुनेगरेको छ। पानी पर्ने समय र अवधिमा पनि परिवर्तन हुँदै गइरहेको छ। बर्दिया जिल्ला अन्तर्गत रहेको राजापुर नगरपालिकामा पनि पछिल्ला बर्षहरुमा बर्षातको समयमा ठूलो पानी पर्ने र त्यसले गर्दा नगरपालिकाभित्र रहेका खोला खोल्सीहरुमा पानीको बहाव बढ्दा बाढी आउने, नदी/खोलाको कटान हुने र जसको प्रत्यक्ष असर खानेपानी, सरसफाइ तथा स्वच्छता तथा बालीनालीहरुमा परिरहेको छ। बर्षातको समयमा पर्ने अतिवृष्टिले नगरपालिकाका धेरैजसो बस्तीहरुमा कटान, बाढीको कारणले ठूलो धन जनको क्षति हुनेगरेको छ।

### ३.६.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

राजापुर नगरपालिकामा विद्यमान जलवायु अनुकूलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धी ७० वटा योजनाहरु रहेका छन्। ती  योजनाहरुलाई ३ वटा उप-क्षेत्रहरुमा विभाजन गरेर हेर्दा जलवायु अनुकूलन अन्तर्गत २१ वटा, जोखिम व्यवस्थापन अन्तर्गत २४ वटा योजना र स्रोत संरक्षण अन्तर्गत २५ वटा योजनाहरु रहेका देखिन्छन्।

### ३.६.२. विद्यमान योजनाहरुको सञ्चालनको अवस्था

वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरु मध्ये तटबन्ध तथा नदी/खोला नियन्त्रणका योजनाहरु त्यति दिगो भैरहेको देखिदैन। जलवायु परिवर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठुलो पानी पर्ने र खोला तथा नदीहरुमा पानीको मात्रा अत्यधिक बढ्ने हुँदा तटबन्धहरु बगाउने गरेको, जसले गर्दा सञ्चालन तथा मर्मत सम्भारमा समस्या हुने गरेको छ।

### ३.६.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र

यस नगरपालिकामा तथ्याङ्क सङ्कलनको समयमा वातावरण तथा पर्यावरण संरक्षण निर्माणाधीन योजनाहरु नरहेको देखिन्छ।

## ३.७. विद्यमान जल उर्जा योजनाहरुको अवस्था विश्लेषण

यस राजापुर नगरपालिकाका सबै घरधुरी तथा बस्तीहरुमा राष्ट्रिय प्रसारण लाइनको पहुँचमा रहेको छ। नगरपालिकामा अन्य बैकल्पिक उर्जाका कुनै पनि योजनाहरु संचालनमा रहेका छैनन् । यधपि बुढीकुलो, गेरुवा नदी र कर्णाली जस्ता ठुला नदीहरुबाट प्रचुर मात्रामा जल उर्जा निकासको सम्भावना रहेको हुँदा आधुनिक प्रविधिको उपयोग गरेर थप अध्ययन गरी जल उर्जा क्षेत्र सम्भाव्यता अध्ययन गर्न उपयुक्त देखिन्छ।

## ३.८.जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र

राजापुर नगरपालिकामा भूमिगत पानीनै मुख्य पानीको स्रोत रहेको छ । खोला/नदी वा बर्षातको पानी कुनै न कुनै रुपमा जमिन भित्र छिर्ने र त्यहि पानी मूलको रुपमा निस्केर बाहिरने हुँदा मुहान, खोलानाला, नदी लगायत पानीको पनि संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। हाल नगरपालिकामा जलस्रोतहरुको दिगो उपयोगका लागि विशेष कुनै ऐन, नीति तथा कार्ययोजना निर्माण नगरेको भएता पनि त्यसको लागि संस्थागत संयन्त्रको रुपमा नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन गरिएको छ। उपभोक्ता समितिहरुको संस्थागत विकासका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ तयार गरी कार्यान्वयनको क्रममा रहेको छ। योजना तर्जुमा गोष्ठीमा भएको छलफल अनुसार जलस्रोतहरुको दिगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरुको अहम भूमिका रहने हुँदा उपभोक्ता समितिहरुलाई क्षमता विकास गर्न आवश्यक नीति निर्माण गरि त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यसैगरि उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि लगायत वातावरण तथा पर्यावरणको संरक्षण र व्यवस्थापनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि निर्माण गरी जलस्रोतको एकीकृत व्यवस्थापनका लागि पहल गर्नुपर्ने देखिन्छ ।

त्यसै गरि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि नगरपालिका तथा वडास्तरका संयन्त्रहरु जस्तै; खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाई नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरी पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसँग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु अति आवश्यक देखिन्छन् ।

यसका साथै जलाधार क्षेत्रहरुको संरक्षण र वन तथा वातावरणको अति दोहन रोक्न सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासमा सहयोग पुरयाउदै आइरहेको छ। नगरपालिकाको क्षेत्र भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्वाधारका कुनैपनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय सर्वेक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था लागू गर्नु पर्ने आवश्यकता रहेको छ।

## ३.९. जलस्रोतमा विवाद

जलस्रोतको उपभोग र स्वामित्वका सन्दर्भमा समुदायमा सामाजिक, राजनीतिक र आर्थिक पक्ष लगायत विभिन्न सरोकार र चाहनाले पानीको प्रयोग, खानेपानी योजनाका संरचनाहरु निर्माणको लागि जग्गाको उपलब्धता र पानी बाँडफाँड सम्बन्धी विवादहरु हुने गरेका छन्। नगरपालिकाको जलउपयोग गुरुयोजनाको

तथ्याङ्क संकलन गर्दा भएका छलफल, अवलोकन, बस्ती तथा वडा/नगरपालिका स्तरमा भएको अन्तरक्रियाको आधारमा प्राय: धेरैजसो पानीसँग सम्बन्धित कार्यहरुका कुलो/नहरको पानीको प्रयोग भैरहेको हुँदा घरायसी, सामुदायिक वा अन्तरपालिका स्तरमा विवादहरु रहेको पाईन्छ। जलउपयोग गुरुयोजना तयारिका समय गरिएका समुदाय केन्द्रित छलफलहरुमा प्राप्त जानकारी अनुसार उपभोक्ता समिति मार्फत संचालित खानेपानीबाट वितरण हुने खानेपानीको गुणस्तर, परिमाण सम्बन्धी सामान्य विवादहरु आउने गरेका छन्। यसका अतिरिक्त सामुदायिक वनहरुको प्रयोग, संरक्षित क्षेत्र (मन्दिर, सार्वजनिक जग्गा आदि) वरिपरिको जग्गा जमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय-समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरु हुने गरेको र सोको स्थानीय स्तरमै समाधान भईरहेको सरोकारवालाहरुले जानकारी दिएका छन्। यसका साथै सिंचाइ योजनाको पानी बाँडफाँड र नयाँ योजनाहरुको निर्माणको क्रममा जग्गा उपलब्ध गराउने सम्बन्धमा सबै वडा र बस्तीहरुमा विवादहरु आउने गरेको देखिन्छ तर ति विवादहरु स्थानीयस्तरमै समाधान हुने गरेका छन्।

# अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

## ४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता

राजापुर नगरपालिकाको जलउपयोग गुरुयोजनाको निर्माण गर्दा स्थानीय जनप्रतिनिधिहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार नगरपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई यो जलुपयोग गुरुयोजना निर्माण गरिएको छ । नगरपालिकाले हाललाई पञ्चवर्षीय (आ.व. २०७९/८० देखी २०८४/८५) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरी गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । यस राजापुर नगरपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठी मार्फत तय गरेको छ। यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि दिगो विकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरु र रणनीतिहरु अवलम्बन गर्नेछ ।

**क्षेत्रगत परिकल्पना :**

**खानेपानी तथा सरसफाइ क्षेत्र :**

"जन सहभागितामा सुरक्षित पानी, राजापुर बासीको आनीबानी"

**सिंचाइ तथा निकास क्षेत्र**

"दिगो सिंचाइ व्यवस्थपन गरि उत्पादन बढाऔँ, आय आर्जनमा सबल बनौ"

**वातावरण तथा पर्यावरण क्षेत्र**

" सुरक्षित बन जंगल, सुरक्षित जीवन"

## ४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

राजापुर नगरपालिका कर्णाली तल्लो तटीय जलाधार क्षेत्र भित्र अवस्थित रहेको छ। नगरपालिका क्षेत्रका अन्य सहायक नदीनाला र खोलाका साथै तालतलैया समेत कर्णाली नदी, गेरुवा नदी र बुढी कुलोसँग सम्बन्ध रहेका र जैविक विविधताले भरिपूर्ण रहेको पाईन्छ। नगरपालिका क्षेत्रमा कृषि व्यवसायका लागि मलिलो माटो हुनु, भूमिगत लगायत सतही पानीको प्रयाप्त उपलब्धता हुनु र मनोरम स्थलहरुका साथै जैविक विविधतायुक्त रहेकाले यो क्षेत्रको दीर्घकालीन योजना सहित जलाधार क्षेत्रको व्यवस्थापन, संरक्षण र उपयोग गर्नु पर्ने नगरपालिकाका सरोकारवालाहरुको साझा धारणा रहेको छ।

राजापुर नगरपालिकामा प्राय सबै जसो नदी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसहरुको बस्ती रहेको पाईन्छ। नगरपालिकामा रहेका विभिन्न तालहरु माछा मार्ने, पानी तान्ने पम्पको प्रयोग गरि सिंचाइ तथा पर्यटकीय क्षेत्रको रुपमा समेत प्रयोग गरिरहेका छन्। नगरपालिका भित्रका समुदायहरुको जीविकोपार्जन लगायत आयआर्जनमा महत्वपूर्ण भूमिका रहेको नदी प्रणालीहरु, तालतलैया, वनजंगल र जमिनको समष्टिगत

व्यवस्थापन गर्नु अति आवश्यक रहेको छ। पूर्वाधार निर्माण लगायत गरिने अन्य विकासका क्रियाकलापहरुमा जलाधारको समग्र स्वास्थ्यलाई असर नपर्ने गरि योना तर्जुमा गर्नु पर्ने, नदी प्रणालीहरुलाई स्वच्छ राख्न नगरपालिकामा फोहोर बिसर्जन, दिसाजन्य लेदो बिसर्जनका लागि उचित प्रविधि अपनाउनु पर्ने, बढ्दै गएको सहररीकरणसँगै वन जंगलमा अत्याधिक चाप रहेकोमा बृक्षारोपण र संरक्षण अभियानहरु संचालन गर्ने, जलाधार भित्रका समुदायहरु बिचको पारस्परिक सम्बन्ध समुधुर बनाउँदै समुदायको क्षमता विकास गर्नु पर्ने, समुदायहरुको जनचेतना बृद्धी गरि संरक्षणका अभियानहरु संचालन गर्नु पर्ने देखिन्छ।

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र विवेकपूर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा विकास गरी गरिबी न्यूनिकरण गर्न नगरपालिकाको वार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरु, समुदाय र जनप्रतिनिधिहरुले ठोस योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको र सोका लागि सबैको सहकार्य, साझेदारी र प्रतिवद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरुमा सरोकारवालाहरुको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागि विभिन्न क्रियाकलापहरु योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरुले नगरकार्यपालिकामा सिफारिस गरि गुरुयोजनामा प्राथमिकीकरण सहित समावेश गरेका छन्।

### ४.३. एक जल नीति तथा अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनसिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरी पानीको आपुर्ति र सरसफाइको गुणस्तरीय सेवा, परिणाम र समतामूलक जलस्रोत व्यवस्थापन गरी पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ । एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारी रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुन:उपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागि राम्रोसँग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

एक जल नीतिको नौलो अवधारणालाई आत्मसात गर्दै युएसएआइडि कर्णाली जल परियोजनाले जलाधार स्तरीय एक जल निर्देशक समितिको गठन गरेको छ। सो प्रक्रियामा जलाधार अन्तर्गत समाविश्ट सम्पुर्ण नगरपालिका र गाउँपालिकाहरुबाट प्रमुख/अध्यक्ष ज्यू, उप-प्रमुख/उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू तथा प्रशासकिय प्रमुख ज्यूहरु र सरोकारवाला निकाय तथा सम्बद्ध कार्यालयहरूबाट प्रतिनिधि ज्युहरूको उपस्थितिमा जलको उचित व्यवस्थापनका लागि एक जल नीतिको आवश्यकता र जलाधार स्तरीय जल सम्बद्ध

समस्याहरूको पहिचान, छलफल र निराकरणका लागि एक जल निर्देशक समितिको भूमिकाका बारेमा वृहत छलफल र सो अवधारणाको महत्वलाई आत्मसात गर्दै एक जल निर्देशक समिति गठन गरिएको छ। हाल यस समितिका संयोजकका रुपमा राजापुर नगरपालिकाका नगर प्रमुख रहनु भएको छ। एक जल निर्देशक समितिको नियमित छलफल र बैठकले जल समस्याका साँझा सवालहरू पहिचान गरि समाधानका उपायहरु सुझाव गर्ने, जलस्रोतको उपयोगमा हुन आउने विवाद किनारा लगाउने, साझेदारहरूको सहयोगमा योजना लागु गर्ने, आवश्यकता अनुसार नियम तर्जुमा गर्ने र अन्तत्वगत्वा समृद्धर व्यवस्थित जलाधारको अवधारणालाई साकार तुल्याउने लक्ष्य हो। यस समितिले सुझाएका विषयवस्तूले एकिकृत जलाधार व्यवस्थापनमा योजनामा महत्वपुर्ण सहयोग पुर्याउने परिकल्पना पनि छ।

राजापुर नगरपालिकाले नगरपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ। यस नगरपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरुको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरुले छलफल गरेका थिए।

- सबै पानीको मूल्य हुन्छ”भन्ने सिद्धान्तलाई यस नगरपालिकाले अवलम्वन गर्नेछ।
- जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरी आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई यस नगरपालिकाले अवलम्वन गर्नेछ।
- जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ।
- जलाधार र उपजलाधारक्षेत्र स्तरमा यस नगरपालिकाले जलस्रोत व्यवस्थापन र सहकार्य गर्नेछ । नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका उपजलाधार क्षेत्रहरुमा जलस्रोत व्यवस्थापन गर्नेछ।
- जलस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि नगरपालिकाले सरकारी निकाय, समुदाय, संस्था र निजीक्षेत्रसँग साझेदारी तथा सहकार्य गर्नेछ।
- जलस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनमा सबैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरु समावेशी हुनेछन।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरुको साझा समस्या तथा चुनौतीहरुलाई यस नगरपालिकाले एक जल अवधारणा तथा यसको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ।

एक जल अवधारणाको कार्यान्वयन मार्फत यस नगरपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समुहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ।

### ४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

समुदायको अवस्था विश्लेषण गर्दा पानीसँग सम्बन्धित क्रियाकलापहरुमा घरायसी स्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानीसँग बढी सरोकार हुने हुँदा जल उपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन चरणसम्म महिला र पछाडि पारिएका वर्गहको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ । गुरुयोजनाले पानी र जलस्रोतको विनियोजन,

सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिङ्ग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुरयाउदछ। यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ।

- प्रत्येक वर्ष यस नगरपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा उपलब्ध बजेट समीक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धित अन्य सूचना तथा जानकारीमा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।
- जलउपयोग गुरुयोजना नगरपालिका भित्र जलस्रोत, सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ । उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकताक्रम अनुरुप नै गरिनेछ ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिलाहरुको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ। परियोजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्तहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।
- सबै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा विभिन्न जात जातिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०% सामाजिक विभेदमा परेका जात जातिहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्राईनेछ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक विभेदमा परेका जात जातिहरुको क्षमता अभिबृद्धीका लागि विशेष पहल गरिनेछ । उनीहरुलाई नै लक्षित गरेर विभिन्न क्षमता विकास क्रियाकलापहरु सञ्चालन गरिनेछन । क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समावेशीकरण लाई ध्यान दिनुपर्नेछ ।
- स्रोत र साधनले भ्याएसम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालिका, अपाङ्गता र जेष्ठ नागरिक मैत्री बनाइनेछन। मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको घरायसी कार्य बोझ न्यूनीकरण हुनेगरी निर्माण गरिनेछन ।

- खानेपानी सरसफाइ र स्वच्छताको कभरेज कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोजन बजेटले अति-गरिब र पछाडि पारिएका वर्गहरुको बढि जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।
- खानेपानीको धारा निर्माण, शौचालय निर्माण र ढल तथा निकास व्यवस्थापनका योजना निर्माण गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ ।
- खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अनिवार्य हुनुपर्छ । सचेतनामा लैससासको विषय समावेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्य; महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई GESI सम्बन्धी तालिम दिइनेछ ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता र शौचालय निर्माणकर्ता छनोटको मापदण्ड महिला, गरिब र बहिष्कृत वर्ग मैत्री हुनेछ।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू हुनेछन ।
- महिला, गरिब र बहिष्कृत वर्गको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धि गर्ने र गुणस्तरीय कार्य गर्ने नीति अवलम्बन गरिनेछ।
- निर्माण सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताको रूपमा प्रवर्धन गरिनेछ ।
- अनुगमन समुहमा महिला, बालबालिका र गरिब तथा बहिष्करणमा परेका समुहको सहभागिता सुनिश्चित गरिनेछ ।
- सार्वजनिक लेखापरीक्षण गर्दा जीईएसआई मुद्दाहरू र सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्बोधन गरिनेछन ।
- अति-गरिब र विपन्न वर्गको उच्च जनसंख्या भएका बस्तीहरुलाई प्राथमिकता दिने र तदनुसार बजेट विनियोजन गरिनेछ।

यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्य रुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समीक्षा र सार्वजनिक परीक्षण गरिनेछन । यी सबै कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बिचको अन्तरकृया र संवादलाई विशेष जोड दिइनेछ । परियोजनाहरुका भौतिक संरचना, तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ ।

### ४.५. पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने तर संस्थागत र दिगो विकासका लागि ध्यान नदिँदा समुदायमा योजनाहरु डिजाइन अवधिसम्म सञ्चालनमा ल्याइ राख्न समस्या रहेको स्थिति विद्यमान छ। योजनाहरुमा पानी उपयोग बापतको महसुल संकलन र संकलित रकमबाट योजनामा हुन आउने विभिन्न स-साना मर्मत कार्यहरुमा उपयोग गर्न सकिए योजनाहरुको सञ्चालनलाई सहज र दिगो बनाउन सकिन्छ।

नगरपालिकामा गरिएका प्राविधिक र सामाजिक सर्वेक्षणमा गरिएका छलफलमा पानी महसुल संकलन र योजनाहरुको उपभोक्ता स्तरबाटै स्वस्फुर्त समयानुकुल मर्मतसम्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् । पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागि संस्थापन व्यवस्थापन, मर्मतसम्भार कोष, पानी महसुल लगायत पारदर्शि सयन्त्र स्थापना र समावेशीताका सिद्धान्त अवलम्बन गर्नु आवश्यक देखिन्छ। पानीको उत्पादनशिल प्रयोग मार्फत समुदायको आयआर्जन बृद्धी गर्न सकिए कोष उठाउन र योजनाहरुको मर्मतसम्भार भइ पानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ।

समुदायमा पानीको बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरुमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तीहरुमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी संगै आधुनिक सिंचाइका योजनाहरुको पनि कार्यान्वयन गर्नेतर्फ नगरपालिकाले नीति तर्जुमा गरी कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागि आवश्यक छ । खेरजाने पानीको उचित व्यवस्थापन गर्न नसकिए त्यस्ले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरु/महामारीहरु समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरुको प्रकोप बढ्ने हुदा त्यसको उचित व्यवस्थापन गरिने नीति अवलम्बन सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरु सृजना गर्ने र समुदायले पानीको उपयोग वाफतको शुल्क संकलन गरी पानीका योजना तथा स्रोतहरु संरक्षणमा लगानी गर्ने, स-साना आर्थिक स्रोतहरुका लागि बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनशिल प्रयोग गर्नु आवश्यक देखिन्छ। जलउपयोग निर्माणकाक्रममा राजापुर नगरपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्नसक्ने अवस्था पर्याप्त रहेको र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकीय  क्षमतामा जोड दिनुपर्ने सरोकारवालाहरुको साझा बुझाई रहेको छ।

## ४.६. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT)

राजापुर नगरपालिकामा खानेपानीका योजनाहरुको वडा र नगरपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआईडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरु (CBRT) को प्रयोग गरेको थियो । जलउपयोग गुरुयोजनाका खानेपानी क्षेत्रका योजना प्राथमिकीकरणमा प्रयोग भएको यो औजारको प्रयोग गर्न निकै सहज, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने विवाद न्यूनीकरणमा सहयोगी रहेको गरिब, विपन्न र पछाडी पारिएका वर्ग/ खानेपानीको पँहुच नपुगेका (सेवा विहिन), भौगौलिक कठिनाई भएका क्षेत्र/ समुदायहरुलाई प्राथमिकता दिने, सेवाकेन्द्रको अवस्थिति लगायत बस्ती घनत्व भएको स्थान विशेषका योजनाको माग सम्बोधन गर्नका साथैसमतामूलक ढंगबाट माग सम्बोधन गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरुको प्रतिक्रिया रहेको थियो ।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु र सूचकहरुको विवरण तलको तालिका-२२ , २३ र २४ मा प्रस्तुत गरिएको छ।

तालिका २२: समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ निर्माण)

| क्र. स. | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा(३६ - ६ : |
|---|---|---|---|---|---|
| क) आधारभूत खानेपानी सेवाको पहुँचमा सामुदायको स्थिति | | | | १३ | (अङ्क दायरा(१३ - ४ : |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सेवा दिइने जनसंख्याको विवरण | *गरिब घरधुरि (%)* | >=५०% | ३ | ३ | बढीजनसंख्या भएका समुदायको लागि प्राथमिकता उच्च ) (जनसंख्या घनत्व |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *लैङ्गिक समानता लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *सामाजिक समावेशीकरण लक्षित समूहकोघरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| २ | भौगोलिक कठिनाइमा रहेको समुदाय | | >=५घण्टा | ३ | ३ | भौगोलिक कठिनाइमा रहेको समुदायको लागि प्राथमिकता |
| | | | >=२घण्टा<५घ ण्टा | २ | | |
| | | | <२घण्टा | १ | | |
| ३ | विद्यालय तथा स्वास्थ संस्थाकोअवस्थिति | | छ | १ | १ | विद्यालय तथा स्वस्थ्य संस्था भएका समुदायलाई प्राथमिकता |
| | | | छैन | 0 | | |
| **ख) सामुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवास्तर)** | | | | | १८ | **(अङ्क दायरा: ० - १८)** |
| | | | घरधुरी (%) | अंक भार | | |
| १ | सेवा विहिन तथा असुरक्षित खानेपानी सेवा उपभोगगर्ने घरधुरी | | 100% | ३ | १८ | उच्चप्रतिशत, उच्च प्राथमिकता हुनेछ |
| २ | सीमित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | | 0% | २ | | |
| ३ | आधारभूत खानेपानी सेवाको पहुंचमा रहेकोघरधुरी | | 0% | १ | | |
| ४ | सुरक्षित रूपमा व्यवस्थित खानेपानी सेवाकोपहुंचमा रहेको घरधुरी | | 0% | 0 | | प्रतिशत कम, उच्च प्राथमिकता हुनेछ |
| **ग) सामुदायमा लगानी मैत्री वातावरणको अवस्था** | | | | | ५ | **(अङ्क दायरा: २ - ५)** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्थानीय सरकार (LG) द्वारा जलउपयोग गुरुयोजना अथवा खानेपानी सरसफाइ तथा स्वच्छता योजना अथवा पालिकाको वार्षिकयोजनामा प्राथमिकता निर्धारण गरिएको योजना | वजेट विनियोजन भैसकेको | ३ | ३ | स्थानीय तहले पहिचान तथा प्राथमिकीकरण गरिएको खानेपानी योजन अथवा आवधिक योजनामा समाबेस गरिएको योजना उच्च प्राथमिकता हुनेछ |
| | | बजेट विनियोजनको प्रतिवद्धता गरेको | २ | | |
| | | छैन | १ | | |
| २ | खानेपानी योजनामा लागत साझेदारीको सम्भावना (खानेपानी योजनामा  योगदान र मर्मत गर्न स्थानीय निकाय रसरोकारवालाहरूको इच्छा, तत्परता र प्रतिवद्धता) | छ | २ | २ | स्थानीय सरकार /साझेदारहरू र उपभोक्तासँग लागत साझेदारीको सम्भावना उच्च राहेको योजनाउच्च प्राथमिकता हुनेछ |
| | | छैन | १ | | |
| **जम्मा अंक )**माथिका ३ सूचकहरुको जम्मा क -, ख रग**)** | | | | **३६** | |

तालिका २३: समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण)

| **क्रसं.** | **सूचक** | **उप सूचक** | **अंक भार** | **जम्मा अंक** | **कैफियत (अङ्क दायरा(२८ - ९ :** |
|---|---|---|---|---|---|
| **योजनाको भौतिक अवस्था** | | | | **२१** | **(अङ्क दायरा: ६ (२१ -** |
| १ | पानीको उपलब्धता | वर्ष भरी | १ | ३ | पानीको उपलब्धता कमरहेको समुदायको लागि प्राथमिकता |
| | | >११महिना | २ | | |
| | | ≤११महिना | ३ | | |
| २ | योजना सम्पन्न बर्ष | ≤५वर्ष | १ | ३ | पुरानो योजनारहेको समुदायको लागि प्राथमिकता |
| | | >५वर्ष देखि ≥१०वर्ष | २ | | |
| | | >१०वर्ष | ३ | | |
| ३ | विद्यमान खानेपानी योजनाका भौतिक संरचनाको संचालन अवस्था | >७५% | १ | ४ | भौतिक संरचनाको संचालनअवस्था नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | >५०% <७५% | २ | | |
| | | >२५% <५०% | ३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | <२५% | ४ | | |
| ४ | घरधुरी र सन्चालनमा रहेका धाराकोआनुपत | ≤५घरधुरी | १ | ३ | घरधुरी र सन्चालनमारहेका धाराको आनुपत उच्चरहेको समुदायकोलागि प्राथमिकता |
| | | ५१०घरधुरी- | २ | | |
| | | >१० घरधुरी | ३ | | |
| ५ | समुदायमा उपलब्ध पानीको मात्रा | ≤६५लिसे/ | १ | ३ | हाल सन्चालनमा रहेको धारामा पानीको बहाव कम (से/लि) रहेको समुदायको लागि प्राथमिकता |
| | | ६६ 100-लिसे/ | २ | | |
| | | >से/100लि | ३ | | |
| ६ | उपलब्ध पानीको गुणस्तर | सधै राम्रो | १ | ३ | समुदायमा उपलब्ध पानीकोगुणस्तर नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | प्राय राम्रो | २ | | |
| | | प्राय नराम्रो | ३ | | |
| ७ | पानीको चुहावट | छैन | 0 | २ | संरचना तथा पाईपप्रणालीमा चुहावट उच्चरहेको समुदायको लागि प्राथमिकता |
| | | छ | २ | | |
| **विद्यमान खानेपानी योजनामा उपभोक्ता समितिकोअवस्था** | | | | **७** | **(अङ्क दायरा३ : - ७(** |
| १ | विद्यमान समयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्धता | छ | २ | २ | विद्यमानसमयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| २ | विद्यमान समयमा मर्मत सम्भारकार्यकर्ताको उपलब्धता | छ | २५. | २५. | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| ३ | विद्यमान समयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको | छ | २५. | २५. | विद्यमान समयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |

तालिका २४: सिबिआरटी सूचक र अंकभार (सिंचाइ आयोजनाको लागि)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |

| | | | |
|---|---|---|---|
| २ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरु संचालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्रसम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ३ | योजनाबाट सिंचित हुने क्षेत्रफल | ३ | धेरै क्षेत्रफललाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| | **जम्मा अंकभार** | १५ | कुल बढी अंकलाई प्राथमिकता |

स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना

## ४.७. स्रोत संरक्षण

एकातिर खानेपानीका स्रोतहरु जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका विभिन्न पूर्वाधारजन्य गतिविधिहरुले गर्दा पानीका स्रोतहरु सुक्दै, कम हुँदै र हराउँदै गईरहेका छन् भने अर्कोतर्फ बढ्दो जनसंख्या, सहर केन्द्रित जनघनत्व, नयाँ प्रविधि र जीवनशैली, उद्योग धन्दा आदि कारणहरुले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, पर्यावरणको संरक्षण र सुक्दै तथा हराउँदै गईरहेका स्रोतहरु बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा खुला चरिचरन, आगलागि, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनाबद्ध विकास निर्माण योजनाहरु थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलस्रोतसँग सम्बन्धित विवाद समाधानका लागि क्षमता अभिबृद्धी र विवेकपुर्ण उपयोगको वातावरण निर्माण गर्ने, सामुदायिक वनक्षेत्रहरुलाई विस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुर्याउने, नदी कटान, भू-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदिको प्रयोग र नियमन, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा बायो ईन्जिनियरिङका विकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, नगरपालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ। यसैगरी निर्माण नियमन जस्ता विषयहरुमा विज्ञहरुको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरुको प्रकाशन र वितरण आदि सम्बन्धी आवश्यक कानून बनाई नगरपालिकाको वार्षिक योजना मार्फत कार्यक्रमहरु सञ्चालन गर्ने बारेमा छलफल भएको थियो । त्यसैगरि प्राकृतिक रुपमा विद्यमान रहेका ताल तलैयाहरुको संरक्षण, जल पर्यटन प्रवर्द्धनका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण, जलाधार क्षेत्र भित्र समुदायहरुमा स्रोत संरक्षण र विवेकपूर्ण उपयोगका लागि सहभागितात्मक योजना तर्जुमा गर्ने विषयमा समेत राजापुर नगरपालिकाका सरोकारवाला प्रतिवद्ध रहेका छन्।

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरुबाट संकलित तथ्याङ्कहरु, वडा स्तरीय बैठक, अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र नगरपालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा राजापुर नगरपालिकामा हालसम्म २ वटा खानेपानी योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट २७१ घरधुरीहरु लाभान्वित भएको देखिन्छ । नगरपालिकामा गुरुयोजना तथ्याङ्क संकलनका समय सम्म विभिन्न वडामा ५ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाहरुबाट ५०८४ घरधुरीहरु लाभान्वित हुने देखिन्छ। यसरी समग्रमा विद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट नगरपालिकाको कुल घरधुरीको करिब ३४.९२% घरधुरीहरुमा निर्माणाधीन योजनाहरु सम्पन्न हुँदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ। हाल सम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरु सबै उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन भईरहेका छन्।

सिंचाइ तर्फ विधमान मुख्य १ वटा योजनाको रुपमा बुढी कुलो रहेकोछ । त्यसै गरि सिंचाइ तर्फ ११ वटा विद्यमान शाखा सिंचाई कुलोका योजनाहरु रहेका छन् भने ९२ वटा प्रशाखा सिंचाइका योजनाहरु रहेका छन् । ५५ वटा डिप बोरिंग प्रविधिका सिंचाइ योजनाहरु रहेका छन । विद्यमान सबै सिंचाइका योजनाहरुबाट १२७२६ घरधुरीहरुको करिब ९६६६ हेक्टर अर्थात्कुल खेतियोग्य भू-भाग मध्ये करिब ९०% जमिन सिचित भइरहेको छ। हालसम्मका विद्यमान सिंचाइ योजनाहरु मध्ये प्राय सबै योजनाहरु केन्द्रीय सरकार मार्फत बजेट विनियोजन भई निर्माण भएका देखिन्छन र त्यसको समुदायस्तरमा पानी बांडफांड र सो को व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरु गठन भएका छन् ।

राजापुर नगरपालिकामा बर्षातको समयमा नदी कटान तथा बाढीबाट विगतका वर्षहरुमा ठूलो धन जनको क्षति हुँदै आइरहेको छ । बर्षातको समयमा हुने क्षति र जोखिमहरुलाई मध्यनजर गर्दै नगरपालिकाले विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७७ र विपद जोखिम न्यूनीकरण स्थानीय कार्यक्रम संचालन मार्गदर्शन २०७७ निर्माण गरी लागु गरिरहेको छ । विपद प्रतिकार्यका लागि नगरपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरु गठन भइ परिचालन समेत भईरहेका छन्।

नगरपालिका, वडा र समुदाय/उपभोक्ता समितिकाहरुसँग छलफल गर्दा नगरपालिकामा एकीकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र ति अन्तरहरू परिपूर्तिका लागि निम्न तालिका-२५ अनुसारका उपायहरुको अवलम्बन गर्न आवश्यक छ।

तालिका २५: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरु

| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
| --- | --- |
| - विद्यमान खानेपानी योजनामा पानी शुद्धीकरण गर्ने प्लान्ट जडान नभएको देखिएको । | - विद्यमान खानेपानी योजना र निर्माणाधीन खानेपानी योजनाहरुमा पानी शुद्धिकरणका |


| | |
|---|---|
| | उपायहरु अवलम्बन गर्नुपर्ने र निर्माणकै अवधिमा पानी छान्ने फिल्टरहरुको निर्माण गर्नुपर्ने । |
| - हाल करिब ९८.२०% घरधुरीहरूले खानेपानी स्रोतको रुपमा ट्युबवेलको पानी प्रयोग गर्दै आइरहेको तर नमूना परीक्षण गरिए अनुसार अधिकांश खानेपानी ट्युबवेलहरुमा कुनै न कुनै रासायनिक वा जैविक पदार्थहरु भेटिएको, जुन मानव स्वास्थ्यका लागि हानिकारक हुन्छन । | - उपर्युक्त दीर्घकालीन समाधानका विकल्प नहुदा सम्म नगरपालिकाले घरधुरी/समुदायमा पानी शुद्धीकरणका उपायहरु अवलम्बन गराउन सचेतीकरण तथा जन चेतनामूलक कार्यहरु संचालन गर्ने । यसका साथै आर्सेनिक फिल्टरहरु खरिदका लागि विपन्न घरधुरीहरुलाई आर्थिक सहयोग गर्ने। |
| - दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव | - नगरपालिकामा बढ्दो सहरीकरण र जनसंख्यामा बढ्दो बसाइँसराइको चापले अहिले देखि नै दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। नगरपालिकाले ठोस फोहोर, दिसा जन्य लेदो तथा ढल व्यवस्थापनका लागि निर्देशिका तयार गरि उपयुक्त स्थान छनोट गर्न नेतृत्वदायी भूमिका लिई अन्तर पालिकासँग सम्पर्क, समन्वय, सहकार्य गर्ने र विकास साझेदारको खोजी गरी सहर उन्मुख क्षेत्रको सरसफाइ योजना लागु गर्नु पर्ने देखिएको छ। |
| - घरायसी चर्पी व्यवस्थित तथा सूरक्षित नहुनु | - नगरपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भएको भय पनि घरायसी चर्पी हरुको स्तर उन्नति गर्नु पर्ने देखिएको छ । जसको लागि सचेतना अभिबृद्दीका चेतनामूलक कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । |

## ५.२. आवधिक योजनाको सारांश

यस राजापुर नगरपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ। आवधिक योजना अर्न्तगत नगरपालिकाका १० वटै वडाहरुमा योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका क्षेत्रगत योजनाहरु पहिचान गरी प्राथमिकताक्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन्।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी विभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि नगरपालिका र वडा स्तर गरि दुई भागमा विभाजन गरी प्राथमिकताक्रम अनुसारको छुट्टा छुट्टै सूची तयार गरिएको छ। योजना तर्जुमाको समयमा वडातह र नगरपालिका तहबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा २८० वटा क्षेत्रगत योजनाहरु मध्ये ८ वटा नँया खानेपानी तथा सरसफाइ योजना निर्माण, २ वटा मर्मतका खानेपानी योजनाहरु, सिंचाइका क्षेत्रमा १३१ वटा योजनाहरु, १२४ वटा वातावरण तथा पर्यावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण क्षेत्रका योजनाहरु, एकवटा दिशा जन्य लेदो व्यवस्थापन तथा ठोस\तरल फोहोर व्यवस्थापनको योजना १ वटा र १४ वटा नयाँ सार्वजनिक शौचालयका योजनाहरु प्राथमिकीकरण गरिएका छन्।

यसका अतिरिक्त नगरपालिकामा १ वटा दिसाजन्य लेदो व्यवस्थापन तथा ठोस तथा तरल फोहोर व्यवस्थापनको योजना निर्माण गरि संञ्चालनमा ल्याउने योजना रहेकोछ ।




ग्राफ- ११: क्षेत्रगत पंचबर्षिय योजनाहरुको सारांश विवरण

पञ्चबर्षीय योजनाहरुको अनुमानित लागत तयार गर्दा नगरपालिका भित्र रहेका विद्यमान/निर्माणाधीन योजनाहरुको प्रति व्यक्ति लागत र नगरपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरुको आधारमा प्रस्तावित योजनाको हालकोकुल जनसंख्यालाई प्रति व्यक्ति लागतले गुणन गरी तयार गरिएको छ। पञ्चवर्षीय योजनाहरुको अनुमानित लागत तथा प्रस्तावित योजना संख्याको विश्लेषण तलको ग्राफ-१० मा गरिएको छ भने थप क्षेत्रगत पञ्चवर्षीय योजनाहरुको योजनागत विस्तृत विवरण अनुसूची-७ देखि १२ सम्ममा उल्लेख गरिएको छ ।

### ५ .२.१. खानेपानी योजनाहरु

यस राजापुर नगरपालिकाका समुदाय स्तरमा भएका छलफल, अन्तरक्रिया, योजना तर्जुमा गोष्ठीहरु र विद्यमान खानेपानीको सुबिधा स्तर विश्लेषण गरी नगरपालिकामा जम्मा ८ वटा नयाँ खानेपानीका योजनाहरु २ वटा मर्मतका योजनाहरु प्रस्ताव गरी पञ्चवर्षीय योजनामा समावेश गरिएका छन् । उक्त योजनाहरुको व्यवस्थापन पश्चात नगरपालिकाको १ देखी १० वटै वडाका सबै घरधुरीहरुलाई स्वच्छ तथा सुरक्षित खानेपानी आपुर्ति गर्ने लक्ष्य लिईएको छ।

नगरपालिकामा प्रस्तावित गरिएका खानेपानी क्षेत्रका योजनाहरु निर्माणबाट करिब ११०२९ घरधुरीहरुमा सेवा विस्तार हुने लक्ष्य लिईएको छ। योजनाहरु निर्माणका लागि २ अरब, १८ करोड ६६ लाख अनुमानित लागत रहेको छ । तर्जुमा गरिएका योजनाहरुको वडागत विवरण तालिका-२६ मा र कार्यान्वयनका लागि वडा/नगरपालिकामा सिफारिस गरिएका योजनाहरुको प्राथमिकताक्रम अनुसारको विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ।

तालिका २६: प्रस्तावित खानेपानी योजनाहरुको विवरण

| वडानं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नया | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) |
| १ | १ | १४८४ | ३२१६५७ | ० | ० | |
| २ | ० | ० | ० | ० | ० | |
| ३ | १ | १४२५ | ३०८८६८ | ० | ० | |
| ४ | ० | १३८४० | ११०१०४ | १ | १३८४ | ११०१०४८ |
| ५ | १ | १०४९ | २२७३७० | ० | ० | |
| ६ | १ | १४८५ | ३२१८७३ | ० | ० | |
| ७ | १ | १०११ | २१९१३४ | ० | ० | |
| ८ | १ | १२६१ | २७३३२१ | ० | ० | |
| ९ | १ | २३८ | ५१५८६५ | ० | ० | |
| १० | १ | १५५८ | ३३७६९६ | १ | १३४ | १०४५२० |
| जम्मा | **८** | **९५११** | **२६३५८८८** | **२** | **१५१८** | **१२०५५६८** |

*स्रोत: जल उपयोग गुरुयोजना वडा तथा नगरपालिकास्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.२. सरसफाइ योजनाहरु

यस नगरपालिकाका ८७% घरधुरिहरुमा घरायसी स्तरमा शौचालय निर्माण भई प्रयोगमा रहेका छन । शौचालय बिग्रेका/भत्केका बाँकि घरधुरीहरुमा पनि शौचालय निर्माण गरी प्रयोगका लागि नगरपालिकाले जनचेतनामूलक क्रियाकलापहरु र आवश्यक सहयोग गर्ने नीति लिएको छ। यसका साथै बढ्दो यातायातको

चाप र यात्रुहरुको ओहरदोहरले गर्दा पुर्व पश्चिम हुलाकी राजमार्गको बजारक्षेत्रहरुमा अत्यधिक मात्रामा ठोस फोहोर र खुला दिसापिसाब बढ्दै गईरहेको हुदा बजार क्षेत्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत र व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ। नगरपालिकाले बढ्दो बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माण र दिशा जन्य लेदो प्रशोधन केन्द्र तथा ठोस फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माणको योजना बनाएको छ। त्यसका लागि नगरपालिका भरिमा १४ वटा नयाँ शौचालय निर्माण, र १ वटा दिशा जन्य लेदो प्रशोधन केन्द्र तथा ल्याण्डफिल साइट निर्माणका लागि प्रस्ताव गरेको छ। योजनाहरु निर्माण बाट करिब १४५५६ घरधुरीहरु लाभान्वित हुने छन् र त्यसको लागि अनुमानित लागत ५ करोड ६० लाख रहेको छ। सरसफाइका प्रस्तावित योजनाहरुको सारांश विवरण तालिका-२७ र विस्तृत विवरण अनुसूची-७ (TA-१०) मा उल्लेख गरिएको छ।

तालिका २७: प्रस्तावित सरसफाइका योजनाहरुको विवरण

| वडानं. | प्रस्तावित योजनाहरुको विवरण | | | |
|---|---|---|---|---|
| | प्रस्तावित संख्या | लाभान्वित घरधुरी संख्या | योजनाको किसिम/प्रकृति | अनुमानित लागत (ने.रु.'००० ) |
| सबै | १ | १४५५६ | ल्याण्डफिल साइट निर्माण | ३६५०० |
| १ | १ | १८४८ | सार्वजनिक शौचालय | १५०० |
| २ | १ | १४५७ | सार्वजनिक शौचालय | १५०० |
| ३ | २ | १४०८ | सार्वजनिक शौचालय | ३००० |
| ४ | १ | ४७६ | सार्वजनिक शौचालय | १५०० |
| ५ | २ | १६६१ | सार्वजनिक शौचालय | ३००० |
| ६ | १ | २३७ | सार्वजनिक शौचालय | १५०० |
| ७ | १ | ४७६ | सार्वजनिक शौचालय | १५०० |
| ८ | २ | ३५९ | सार्वजनिक शौचालय | ३००० |
| ९ | १ | २८५ | सार्वजनिक शौचालय | १५०० |
| १० | १ | ७०७ | सार्वजनिक शौचालय | १५०० |
| जम्मा : | **१४** | | | **३९५००** |

*स्रोत: जलउपयोगगुरुयोजना, वडा तथा नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.३. सिंचाइ योजनाहरु

वडा तथा नगरपालिका स्तरमा संचालित योजना तर्जुमा गोष्ठीबाट राजापुर नगरपालिकामा जम्मा १३१ वटा सिंचाइ कुलोका योजनाहरु प्रस्ताव गरेका छन् जस मध्य सिंचाइका योजना ९२ वटा र लघु सिंचाइका ३९ वोटा योजना रहेका छन्। सिंचाइ सुबिधाको विद्यमान अवस्था र ती सिंचाइ योजनाहरुको सञ्चालनको अवस्थालाई मध्यनजर गरी १५००४ घरधुरीको ९६६० हेक्टर खेतीयोग्य जमिन सिंचित हुने गरि योजनाहरु तर्जुमा गरिएका छन् । योजनाहरु निर्माणका लागि अनुमानित लागत २४ करोड ५४ लाख रहेको छ। उक्त कुलो सिंचाई योजनाहरुको वडागत विवरण तालिका-२८ र प्राथमिकताक्रम अनुसारको सूची अनुसूची-८ मा उल्लेख गरिएको छ।

तालिका २८: वडागत रुपमा सिंचाइ योजनाहरुको (परम्परागत र लघु) विवरण

| वडा नं. | परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ योजना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नयाँ योजना | | | | मर्मतसम्भार/पुननिर्माण/सेवा बिस्तार | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (हेक्टर) | अनुमानित लागत (ने.रु.) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.) |
| १ | १४ | १३९२ | ६२० | ३५९८६ | ० | ० | ० | ० |
| २ | ९ | १४६१ | ६०७ | ३२४५१ | ० | ० | ० | ० |
| ३ | २० | २३५४ | १२१७ | १०४०६ | ० | ० | ० | ० |
| ४ | १३ | ५४४ | ५५५ | २२८२५ | ० | ० | ० | ० |
| ५ | १२ | १६६८ | १३८१ | १२८४३ | ० | ० | ० | ० |
| ६ | १० | १७३२ | ६३५ | ३१९३९ | ० | ० | ० | ० |
| ७ | १५ | ११९७ | १०५५ | ३०८४६ | ० | ० | ० | ० |
| ८ | ११ | १२९५ | ७७९ | ३२६२६ | ० | ० | ० | ० |
| ९ | ७ | १२१८ | ८५३ | २२६३२ | ० | ० | ० | ० |
| १० | २० | २१४३ | १९५८ | १३६२४ | ० | ० | ० | ० |
| **जम्मा** | **१३१** | **१५००४** | **९६६०** | २४६१७८ | ० | ० | ० | ० |

*स्रोत: जल उपयोग गुरुयोजना, वडा तथा नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

## ५.२.४. स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु

यस नगरपालिकामा कर्णाली नदी ,गेरुवा नदी र बुढीकुलो तथा अन्य खोलाहरुको कटान, बषार्तको भल तथा बाढी र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरुले गर्दा पर्यावरण र वातावरण व्यवस्थापनका लागि वातावरण संरक्षणका क्रियाकलापहरु धैरै आवश्यक रहेका छन्। हाल भइरहेको जलवायु परिवर्तनका असरहरु अझ आक्रामक हुने संभावना रहेको देखिन्छ।

नगरपालिकामा वातावरण संरक्षण र जलाधार क्षेत्र व्यवस्थापन लगायत जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु तय गरिएका छन् । जस अर्न्तगत पन्फेकुवाझरन ,, नदी कटान नियन्त्रण, बहु-उद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, ताल संरक्षण आदि जस्ता विभिन्न खाले १२४ वटा योजनाहरुको सम्भावना अध्ययन गरी प्राथमिकीकरण गरिएको छ। आगामी दिनहरुमा यस नगरपालिकामा विकास निर्माणका गतिविधिहरु सञ्चालन सँगसंगै यी क्रियाकलापहरुलाई बढी प्राथमिकता दिई जलवायु परिवर्तनका असर न्यूनीकरण र जोखिम व्यवस्थापनमा ध्यान दिनुका साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरी विकास गतिविधिहरुमा जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु जरुरी देखिन्छ । यसरी योजना तर्जुमाको समयमा योजनाहरुको लगानी र प्रकृति हेरी वडा र नगरपालिकाबाट सिफारिस गरिएका छन।

नगरपालिकामा प्रस्तावित गरिएका वातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरु निर्माणबाट करिब ११,००० घरधुरीहरुले लाभ पाउने छन भने योजनाहरु निर्माणका लागि अनुमानित लागत ३९ करोड ३९ लाख रहेको छ।

उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरुको वडागत विवरण तलको तालिका-२९ मा र थप प्राथमिकता क्रम अनुसारको सुची अनुसूचीमा उल्लेख गरिएको छ । १०-

तालिका २९: वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरु

| **वडा नं.** | **प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजना विवरण** | | | | | |
|---|---|---|---|---|---|---|
| | **जलवायु अनुकूलन** | | | **जोखिम व्यवस्थापन** | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.)'००० |
| १ | ० | ० | ० | १२ | २५६ | ४२,००० |
| २ | ० | ० | ० | ११ | ३४५ | ३५,००० |
| ३ | ३ | ४५० | १६५० | १० | ३०० | ३०,००० |
| ४ | ० | ० | ० | १५ | ४५० | २८,००० |
| ५ | ० | ० | ० | ९ | ५२० | ३४,००० |
| ६ | ० | ० | ० | १२ | ४२५ | ३८,००० |
| ७ | २ | ३०० | ९०० | १३ | ३५६ | ४५,००० |
| ८ | ३ | ४५० | १६५० | ११ | २७९ | ४५,००० |
| ९ | ० | ० | ० | १० | ५७८ | ५३,००० |
| १० | ० | ० | ० | १२ | ४५० | ४२,००० |
| जम्मा | ८ | १२०० | ४२०० | ११६ | | ३९२००० |

*स्रोत: जल उपयोग गुरु योजना, वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

# अध्याय:-६ गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरी सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण गरिएको र नगरपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट योजनाहरुको प्राथमिकीकरणमा परिमार्जन र परिष्कृत भएको छ । नगरपालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरु, सबै वडाका वडा जनप्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजीविहरु र नगरकार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरुको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग रहेको थियो ।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि नगरपालिकाले आफुसँग भएको स्रोतहरुको उपलब्धताको यकिन गर्नुका साथै सम्भावित साझेदारहरुको पहिचान, स्रोतहरुको खोजी गरेर ती स्रोतहरुको आधारमा जलउपयोग गुरुयोजनामा समावेश भएका योजना तथा क्रियाकलापहरुलाई अल्पकालीन, मध्यम कालिन र दीर्घकालिन रुपमा विभाजन गरिएकोछ। साथै नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य स्रोतहरु जुटाई वार्षिक रुपमा गर्नसक्ने लगानीको समेत प्रक्षेपण गरी प्राथमिकताक्रम अनुसारका योजनाहरुलाई अल्पकालीन/मध्यमकालिन/ दीर्घकालिन रुपमा विभाजन गर्नुपर्ने हुन्छ । राजापुर नगरपालिकाले प्रक्षेपण गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरुलाई तल चर्चा गरिएको छ।

**अल्पकालीन योजनाहरु (पहिलो र दोश्रो वर्ष):** - नगरपालिकाले जल उपयोग गुरुयोजना भित्र समाबेश गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवस्यक पर्ने लगानी जुटाउन यस जल उपयोग गुरुयोजनालाई नगरकार्यपालिका र नगरसभाबाट अनुमोदन गर्नेछ र नगरपालिकाले आफ्नो लगानी सुनिश्चित गरी यदि सो लगानी योजनाहरुको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरुको खोजी गर्ने छ साथै आफ्ना क्षेत्रगत परिकल्पनाहरु साकार पार्न अल्पकालीन योजनाहरुको रुपमा हाल निर्माणाधीन ५ वटा खानेपानी योजनाहरु, १ वटा नयाँ खानेपानी तथा सरसफाइ योजना, २ वटा खानेपानी योजना (मर्मत र पुनर्निर्माण) र ४ वटा सिंचाइ कुलो निर्माणका योजनाहरु लगायत थोरै स्रोत चाहिने अन्य क्षेत्रका अतिआवश्यक योजनाहरुलाई कार्यान्वयन गर्ने छ। अल्पकालीन योजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका योजनाहरु वडा कार्यालय वा नगरपालिकाको आफ्नै स्रोतबाट पनि निर्माण हुन सक्ने योजनाहरुलाई अल्पकालीन अवधिका योजनाको रुपमा समावेश गरिएका छन् । त्यस्तै वातावरण तथा पर्यावरण क्षेत्रका अति  आवश्यक क्रियाकलापहरू जस्तै ; तटबन्ध र ताल संरक्षणका योजनाहरुलाई पनि स्रोतको उपलब्धताको हिसाबले संचालन गर्ने गरी अल्पकालीन योजनाको रुपमा राखिएको छ ।

**अल्पकालीन लक्ष्य (आ.व. २०८१/८२ सम्ममा):**

खानेपानी सेवा:

- ६०% जनसंख्यालाई सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तरमा पुर्याउने ।
- ३०% गरिब घरधुरीलाई अनुदानमा आर्सेनिक न्यूनीकरण फिल्टरहरु उपलब्ध गराउने ।

- खानेपानी तथा सरसफाइ योजनाहरुलाई व्यवस्थित तथा दिगोपना सुनिश्चित गर्न आवश्यक नीति र कार्यविधि निर्माण गर्ने ।

सरसफाइ सेवा:

- सबै घरहरुमा सुरक्षित चर्पीको प्रयोग गरेको हुनेछ ।
- साबुन पानीले हात धुने व्यवस्था भएको र चर्पी प्रयोग गर्ने जनसंख्या शतप्रतिशत पुर्याउने ।
- ५०% विधालयमा विद्यार्थीको अनुपातमा शौचालय र खानेपानीको व्यवस्था गर्ने ।
- २नयाँ सार्वजनिक शौचालयहरु निर्माण गर्ने तथा शौचालयहरुको व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक कार्यविधि/निर्देशिका तयार गरि लागु गर्ने ।
- ठोस फोहोर, दिसा जन्य लेदो तथा ढल व्यवस्थापनका लागि उपयुक्त स्थान छनोट गरी निर्माण कार्यको थालनी गर्ने ।
- पूर्ण सरसफाइ अभियान सबै वडाहरुमा सञ्चालन भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- विधमान योजनाहरुमा सुधार गरी नगरपालिकाको ९५% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा विस्तार गर्ने ।

**मध्यकालीन योजनाहरु (तेश्रो तथा चौथो वर्ष):-** नगरपालिकाले मध्यकालीन योजनाको रुपमा जलउपयोग गुरुयोजनामा प्राथमिकीकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था र स्रोतहरुको उपलब्धताको आधारमा निर्माणसम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा विस्तार र सम्भव नभएमा प्राथमिकताक्रम अनुसार ३ वटा खानेपानी योजना, २० सिंचाइ कुलोहरुको स्तरउन्नति/निर्माण र वातावरण तथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरु मध्ये कम्तिमा ६०% योजनाहरुको कार्यान्वयन गर्ने नीति लिएको छ।

**मध्यकालीन लक्ष्य (आ.व. २०८४/८५ सम्ममा):**

खानेपानी सेवा:

- ८५% जनसंख्यालाई सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तरमा पुर्याउने .

सरसफाइ सेवा:

- सबै वडाहरु तथा नगरपालिका “पूर्ण सरसफाइ उन्मुख क्षेत्र” घोषणा भएको हुनेछ ।
- सबै विधालयमा विद्यार्थीको अनुपातमा शौचालय र खानेपानीको व्यवस्था गर्ने ।
- सबै स्वास्थ सस्थाहरुमा नेपाल सरकारको मापदण्ड अनुरुप सरसफाइ र स्वस्च्छताको सुबिधा सुनिश्चित गर्ने ।

सिंचाइ र लघु सिंचाइ सेवा:

- नगरपालिकाको १००% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- ताल संरक्षण तथा तटबन्धका १००% योजनाहरु सम्पन भएको हुनेछ ।

**दीर्घकालिन लगानी योजना (५ बर्ष देखि):-** जल उपयोग गुरुयोजना कार्यन्वयनको सिलसिलामा दीर्घकालिन योजनाको रुपमा नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको समीक्षा गरी प्राथमिकीकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन् लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्दा भएका सिकाईहरुको समेत समीक्षा गरी

यदि जल उपयोग गुरुयोजना अद्ध्यावधिक गर्नुपर्ने देखिएमा अध्यावधिक गरेर थप प्राथमिकता निर्धारण गरी समयसापेक्ष रूपमा योजनाहरुको कार्यान्वयन गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरुको कार्यान्वयनका लागि नगरपालिकाले थप छलफल र निर्णय अनुसार हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा नगरपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्नुका साथै स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा योजना तथा कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्नेछ। साथै जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरु कति कार्यान्वयन भए भन्ने कुराको समीक्षा गर्ने संयन्त्रको विकास गर्नेछ ।

यसका अतिरिक्त जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि/निर्देशिका नगरपालिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानव संसाधन सहितको संयन्त्रको विकास गर्नेछ । त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरुसँग समन्वय, सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन र व्यवस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नेछ ।

यस राजापुर नगरपालिकाले पहिलो वर्षका लागि ५ वटा निर्माणाधीन खानेपानी योजनाहरु सम्पन्न गर्ने, १ वटा नयाँ खानेपानी योजना निर्माण गर्ने , २ वटा खा.पा. (सेवा थप र मर्मत) योजनाहरु, ४ वटा सिंचाइ योजना स्तरउन्नति र १ वटा सरसफाइ को योजना र २ वटा वातावरण तथा पर्यावरण र सरसफाइका योजनाहरुलाई कार्यान्वयनमा ल्याउने छ। ट्युबवेलबाट खानेपानी उपभोग गरिरहेका घरधुरिहरुमा पानी शुद्धीकरण सम्वन्धि जनचेतनाका साथै सरोकारवालाहरुको साझेदारीमा शुद्धीकरण सम्बन्धी प्रविधि विकल्पहरुका लागि पहल गर्नेछ।

पहिलो आ.व.मा कार्यान्वयन हुने मुख्य योजनाहरुको विवरण तलको तालिका-३० मा उल्लेख गरिएको छ।

## ६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरु

तालिका ३०: पहिलो आ.व.मा संचालन हुने योजनाहरु र बजेट विवरण


| क्र.स. | योजनाको नाम | संचालन हुने वडा/स्थान | क्षेत्र/प्रकार | लाभान्वित घरधुरी | जन संख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लगानी (रु.)'००० |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तर्फ** | | | | | | | | |
| १ | राजपुर खानेपानी तथा सरसफाइ योजना | ४ | खा.पा/ निर्माणाधीन | १००३ | ५०१५ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन | ५०००० |
| २ | टपरा खानेपानी तथा सरसफाइ योजना | ६ | खा.पा/ निर्माणाधीन | १४८६ | ६६१४ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन | १२००० |
| ३ | सिहबाहिनी खानेपानी तथा सरसफाइ योजना | ५ | खा.पा/ निर्माणाधीन | ४९८ | २७३९ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन | ३२००० |
| ४ | बाला बजार खानेपानी तथा सरसफाइ योजना | २ | खा.पा/ निर्माणाधीन | १४५७ | २७८० | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन | ८००० |
| ५ | सँघषं नगर खानेपानी तथा सरसफाइ योजना | ४ | खा.पा/ निर्माणाधीन | ६४७ | ३३८१ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन | १०००० |
| ६ | फुलबिर  खानेपानी तथा सरसफाइ योजना | ५ | नयाँ निर्माण | १०४९ | ५३०३ | नगरपालिका | विकास साझेदारहरु | २०६,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| ७ | कोठीयाघाट झट्टी खानेपानी तथा सरसफाइ योजना | १० | मर्मत | १३५ | ३९०६ | नगरपालिका | विकास साझेदारहरु | २४०,००० |
| **सिंचाइ तर्फ** | | | | | | | | |
| **क्र.स.** | **योजनाकोनाम** | **वडा/स्थान** | **प्रकार** | **लाभान्वित घरधुरी** | **सिंचित क्षेत्र (रोपनी)** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **अनुमानित लागत (रु.)'०००** |
| ८ | खैरी प्रसाखा सिंचाइ कुलो | १० | स्तरउन्नति | ५५४ | २३० | नगरपालिका | विकास साझेदारहरु | २१,३९० |
| ९ | बेलासा भालुफाटा बाजुरा सिंचाइ योजना | ७ | स्तरउन्नति | २७२ | २२५ | नगरपालिका | विकास साझेदारहरु | २५,२९६ |
| १० | कृष्णनगर सिंचाइ कुलो योजना | ५ | स्तरउन्नति | २१७ | १६० | नगरपालिका | विकास साझेदारहरु | १४,८८० |
| ११ | दुर्गानगर सिंचाइ कुलो | ९ | स्तरउन्नति | ६४५ | ३५० | नगरपालिका | विकास साझेदारहरु | ३२,५५० |
| **अन्य योजनाहरु** | | | | | | | | |
| १२ | ठोस तथा दिसाजन्य लेदो व्यवस्थापन योजना | चिहानडाडा वडा न ८ | सरसफाइ | ११,००० | ० | नगरपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | ८८,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | अर्नावा ताल संरक्षण | ८ | वातावरण तथा पर्यावरण | ६४ | ० | नगरपालिका | विकास साझेदार/ कर्णाली जल परियोजना | २,५०० |
| १४ | फतेपुर ताल संरक्षण योजना | ८ | वातावरण तथा पर्यावरण | ८७ | ० | नगरपालिका | विकास साझेदार | २,५०० |
| | | | **जम्मा** | | | | | **७४५,११६** |

## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान

गुरुयोजना तयार भएपछि यसको प्राथमिकताक्रम अनुसार योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी गर्ने र त्यसको समुचित बाँडफाँड गर्ने जस्ता कार्यको भूमिका पुर्ण रुपमा नगरपालिकाको हुने भएकोले यसको प्रचार प्रसार गरी  कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा पनि महत्वपूर्ण भूमिका नगरपालिकाले निर्वाह गर्नेछ । नगरपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई आत्मसाथ गर्दै लैजाने प्रणालीको विकास गरिनेछ। यसले गर्दा एकातिर नगरपालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउने छैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुनेछ।




**संकेत:**

| | |
|---|---|
| | कार्यान्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
| | निर्माणमा नगरपालिकालाइ सहयोग गर्न सक्ने दातृ निकायहरु/परियोजना |
| | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
| | निर्माण तथा स्थानीयस्तरमा सामाजिक/प्राबिधिक सहयोग पुरयाउने अन्तर/राष्ट्रिय संघ/संस्थाहरु |

नगरपालिकामा गुरुयोजनाको सफल कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता, स्रोत एकद्वार प्रणालीको विकास, लगानीकर्ताका लागि अनुकूल वातावरणको सृजना, जवाफदेहिता सयन्त्र विकास, जलाधार क्षेत्रको संरक्षण र जलस्रोत क्षेत्रको समग्र विकासका लागि अन्तर स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारका सरोकारवाला संयन्त्रहरुसँगको सम्बन्ध विस्तार, समन्वय र सहकार्य अति नै महत्वपुर्ण रहने सरोकारवालाहरुको साझा बुझाई रहेको छ। नगरपालिकामा विगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्यगर्दै आएका र भविष्यमा समेत सहकार्य/साझेदारी हुन सक्ने सम्भावित सरोकारवाला सहयोगी निकायहरुको विवरण र सह-सम्बन्धलाई चार्टमा प्रस्तुत गरिएको छ।

तालिका ३१: सरोकारवालाहरुको विवरण

| **सरोकारवाला संस्थाको नाम** | **क्रियाकलाप सञ्चालनको प्रकृती** | **कार्य क्षेत्र (भुगोल/वडा)** | **संस्थाको आर्थिक स्रोत (दातृ संस्था)** | **भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र** |
|---|---|---|---|---|
| युएसएआइडी , कर्णाली जल परियोजना | जलस्रोत व्यवस्थापन | नगरपालिकाका सबै वडाहरु | युएसएआइडी | खानेपानी, बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| गेरुवा ग्रामीण जागरण संघ | खानेपानी सरसफाइ स्वच्छता तथा पोषण | नगरपालिकाका सबै वडा तथा समुदाय स्तरमा | | पैरवी , आय आर्जन |
| बेस बर्दिया | शिक्षा स्वास्थ्य तथा पोषण | नगरपालिकाका सबै वडा तथा समुदाय स्तरमा | | शिक्षा स्वास्थ्य पोषण तथा विपद व्यवस्थापन |
| सोना समुदाय विकास मञ्च | जीविकोपार्जन सुधार तथा क्षमता अभिवृद्धि | नगरपालिकाका सबै वडा तथा समुदाय स्तरमा | | आय आर्जन तथा क्षमता विकास |
| वातावरण तथा ग्रामीण विकास केन्द्र | विपद् व्यवस्थापन तथा सीप र क्षमता विकास | नगरपालिकाका सबै वडा तथा समुदाय स्तरमा | | पैरवीआय आर्जन , क्षमता विकास तथा सीप विकास |
| नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दिया | विपद् व्यवस्थापन तथा सीप र क्षमता विकास | नगरपालिकाका सबै वडा तथा समुदाय स्तरमा | | विपद् जोखिम न्यूनीकरण तथा क्षमता विकास |

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

राजापुर नगरपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरु अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धी साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदान प्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला पूर्वाधारका संरचनाहरु निर्माण गर्दा वतावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायको अधिकतम सहभागितामा गराइने छ।
- नगरपालिकास्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरु जस्तै; सामुदायिक वन उपभोक्ता समुहहरु र कृषि समुहहरुसँग समन्वय, सहकार्य र साझेदारी गर्ने साथै जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमूलक/जीविकोपार्जनका गतिविधिसँग जोडी वातावरणमैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदायसँग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरी  साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरु (जलउपयोग गुरुयोजनामा आधारित भइ) सञ्चालनगरिने छन् ।
- लोप हुन वा हराउन लागेका सिमसार क्षेत्र तथा ताल तलैयाहरुलाई  संरक्षण र व्यवस्थापनको माध्यमबाट पुरानै स्वरुपमा ल्याउने रणनीति अपनाईने छ ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिका क्षेत्रभित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारी निकायका रुपमा राखेको छ भने नगरपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई परिचालन गर्न सहज हुने देखिन्छ। गुरुयोजना कार्यान्वयन गर्न नगरपालिकाको नेतृत्वमा सबै साझेदारहरुलाई साझेदारीको वातावरण सहित परिचालन गर्नुपर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु नगरपालिकाको सभा मार्फत निर्माण गरी  क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष नगरपालिकाले विभिन्न सरोकारवाला निकायहरुको सहजीकरणमा जल उपयोग गुरुयोजना कार्यन्वयन स्थितिको समीक्षा गरि अद्यावधिक गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ। यसको अद्यावधिकरणबाट नगरपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान, बजेट विनियोजन र तर्जुमा गर्न सजिलो हुन्छ। सामान्यतया गुरुयोजना कार्यान्वयनको समीक्षा गर्न, स्रोत साधन जुटाउन र तथ्याङ्कहरु अद्यावधिक गर्न प्रत्येक वर्ष समीक्षा गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नु पर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति


जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच समन्वय तथा सहकार्य हुन जरुरी छ । त्यसकारण नगरपालिकाले जलउपयोग गुरु योजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजनाको तथ्याङ्क जलस्रोत योजनाहरुको लागत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु आवश्यकता अनुसार समय समयमा सरोकारवालाहरु माझ सञ्चालन गरिने छन ।
- संघिय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्बद्ध मन्त्रालय विभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानीका लागि सहकार्य तथा समन्वय गरिने छ ।
- नगरपालिका स्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरु आयोजना गरी गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिवद्धता सहितका कार्यक्रम तय गरिने छन।
- नगरपालिका स्तरमा गुरुयोजना सम्बन्धी प्रचार प्रसार, समीक्षा तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छन ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन वार्षिक कार्यक्रम तयगर्नु पुर्व विषयगत समितिका बैठकहरु मार्फत आगामी वर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसँगको उपलब्ध बजेट सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

# अनुसूचीहरु

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारी  सम्बन्धी विवरण |
| | SA-3: विद्यमान सहकारी संस्थाहरु सम्बन्धी विवरण |
| | SA-4: विद्यमान सरोकारवाला संस्थाहरु सम्बन्धी विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्बन्धी विवरण |
| अनुसूची-२ | TA-1: पानीका स्रोतहरुको विवरण |
| अनुसूची-३ | SA-6: टोलहरुको सूची |
| | TA-2: विद्यमान खानेपानी योजनाहरुकोसु बिधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: विद्यमान खानेपानी योजनाहरुको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: विद्यमान कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-3: विद्यमान कुलो सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| | SA-9: विद्यमान लघु सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-4: विद्यमान लघु सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| | SA-10: विद्यमान बहुउपयोगी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-5: विद्यमान बहुउपयोगी योजनाहरुको विस्तृत विवरण फारम |
| | SA-11: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्बन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-6: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्बन्धित योजनाहरुको विस्तृत विवरण फारम |
| | SA-12: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम |
| | TA-7: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको विस्तृत विवरण फारम |
| | TA-8: विद्यमान लघु जलबिधुत योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधिन जलस्रोत सम्बन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | OT-1: निर्माणाधिन खानेपानी योजनाहरुको विस्तृत विवरण फारम |
| | OT-2: निर्माणाधिन कुलो सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| | OT-3: निर्माणाधिन लघु सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| | OT-4: निर्माणाधिन बहुउपयोगीयो जनाहरुको विस्तृत विवरण फारम |
| | OT-5: निर्माणाधिनसुधारिएकोरपरम्परागतघट्टयोजनाहरुकोबिस्तृतविवरणफारम |
| | OT-6: निर्माणाधिन लघुजलबिधुत योजनाहरुको विस्तृत विवरण फारम |

| | | |
|---|---|---|
| अनुसूची-७ | PL-1: तर्जुमा गरिएका खानेपानी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरुको विस्तृत विवरण फारम |
| | TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-11: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-९ | PL-4: तर्जुमा गरिएकाबहुउपयोगी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-13: तर्जुमा गरिएका बहुउपयोगी योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-१० | PL-5: तर्जुमागरिएका वातावरण तथा पर्यावरणसँग सम्बन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-14: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसँग सम्बन्धित योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-११ | PL-6: तर्जुमागरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम |
| | TA-15: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | PL-7: तर्जुमा गरिएका लघुजलबिधुत योजनाहरुको मुख्य विवरण फारम |
| | TA-16: तर्जुमा गरिएका लघुजलबिधुत योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची १३ | नगरपालिकाको क्षमता विकास योजना (CD Plan) |




**अस्वीकरण:**

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री राजापुर नगरपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।